# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना, स्याङ्जा

## (District Disaster Preparedness and Response Plan, Syangja)

## २०७९




**जिल्ला विपद् व्यवस्थापन समिति**
**स्याङ्जा**

| | |
|---|---|
| दस्तावेज | : जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना स्याङ्जा |
| तयारी प्रकाशन | : जिल्ला विपद् व्यवस्थापन समिति, स्याङ्जा |
| निर्णय मिति | : २०७९ असार ७ गते |
| प्राविधिक सहयोग | : नेपाल रेडक्रस सोसाइटी, स्याङ्जा |

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**स्याङ्गजा**

प.सं. २०७८।७९
च.नं.

मितिः २०७९।३।७

**आफ्नो भनाइ**

नेपालमा विपद्को सामना गर्ने क्षमताको विकास उचित रूपबाट हुन सकेको छैन खासगरी उच्च जोखिमयुक्त क्षेत्रमा वसोवास गर्ने समुदायको सीप तथा क्षमताको विकास भएमा प्रकोपबाट हुनसक्ने जोखिमलाई धेरै हदसम्म कम गर्न सकिन्छ। विपद् पूर्वतयारीका क्रियापलापले मात्र ९० प्रतिशतसम्म मानवीय क्षतिलाई कम गर्न सकिने देखिएको छ। प्रकोपका कारण उत्पन्न विपद्को सामना सबैभन्दा पहिले स्थानीय समुदायले नै पहिले गर्नुपर्छ र पीडा पनि सहनुपर्छ। समय समयमा बाढी, पहिरो, आगलागी, भु-कम्प, महामारीजस्ता प्रकोपका घटनाबाट जिल्ला नै प्रभावित भइरहेको अवस्था छ।स-साना प्रयास र लगानीबाट पनि विपद् पूर्व तयारी र जोखिम व्यवस्थापन गर्न सकिने ज्ञान नै सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने स्थानीय सरकारर जनसमुदाय सबैले बुझ्नु आवश्यक छ। यस सन्दर्भमा स्याङ्जा जिल्लाको विपद् जोखिम न्यूनीकरणका लागि जिल्लास्तरीय प्रकोप पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७९तयार भएकोमा मलाई खुसी लागेको छ।

जिल्लामा प्राकृतिक प्रकोपलाई न्यूनीकरण गर्न प्रकोप व्यवस्थापनको लागि सम्पूर्ण साधन स्रोतको उच्चतम प्रयोगका लागि जिल्लास्तरीय प्रकोप पूर्व तयारी एवं प्रतिकार्य योजना तर्जुमा हुनु निश्चय नै महत्वपूर्ण उपलब्धि हो। मुलुकमा प्रत्येक वर्ष प्राकृतिक प्रकोपका कारण व्यापक जनधनको क्षति हुनको कारण निश्चित योजना विना प्रकोपलाई चाहेअनुरूप न्यूनीकरण गर्न नसकिरहेको अवस्थामा नेपाल सरकार गृहमन्त्रालय विपद् व्यवस्थापन शाखाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन–२०६७(दोश्रो संसोधन २०७८) प्रकाशित गरेपछि योजना तर्जुमाका चरणहरूको सुरुवात भएको छ। यसैक्रममा स्याङ्जा जिल्लाले पनि विगतमा जिल्ला विपद् पूर्व तयारी योजना तयार गरिसकेको सन्दर्भमा पुनः सो योजनालाई परिमार्जन गरी जिल्लास्थित सम्वद्ध सरोकारवालाहरुसँग समन्वय गरी परिमार्जित रुपमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७९ तर्जुमा गरिएको छ। यस योजनाको कार्यान्वयनबाट आगामी दिनहरूमा जिल्लामा आउने प्राकृतिक प्रकोपलाई निश्चय नै न्यूनीकरण गर्न मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु।

अन्तमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि बैठकहरूमा महत्वपूर्ण सल्लाह र सुझाव दिई योजना तर्जुमा सहयोग गर्नु हुने जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यज्यूहरु तथा अन्य सरोकारवाला सबैमा धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी यो योजना तर्जुमाका क्रममा सहयोग पुऱ्याउनुहुनेनेपाल रेडक्रस सोसाइटी लगायत यो दस्तावेज तयारी एवं परिमार्जन गर्ने कार्यमा सहयोग गर्नुहुने सहायक प्रमुख जिल्ला अधिकारी श्री नमिता रेग्मी, प्रशासकिय अधिकृत श्री कृष्ण प्रसाद पौडेल र नेपाल रेडक्रस सोसाइटीका सभापति श्री दिनेश अर्याललाई विशेष धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत सम्बन्धित सरोकारवालाहरुबाट यस्तै सहयोग, सल्लाह र समन्वयको अपेक्षा गर्दछु।

**राजु प्रसाद पौडेल**
प्रमुख जिल्ला अधिकारी

**शब्द संक्षेप**

| | |
|---|---|
| उ.वा.सङ्घ | उद्योग वाणिज्य सङ्घ |
| का.स. | कार्यकारी समिति |
| गा.पा., न.पा., प्र.वि.व्य.स. | गाउँपालिका, नगरपालिका, प्रदेश विपद् व्यवस्थापन समिति |
| स्था.वि.व्य. स. | स्थानीय विपद् व्यवस्थापन समिति |
| अ/गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| ज.मौ.वि.वि. | जल तथा मौसम विज्ञान विभाग |
| खा.पा.डि.का. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| जि.वि.व्य.स. | जिल्ला विपद् व्यवस्थापन समिति |
| कृ. ज्ञा.के. | कृषि ज्ञान केन्द्र |
| शि.वि.स.ई.प्र. | शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख |
| शि.वि.स.ई. | शिक्षा विकास तथा समन्वय ईकाई |
| जि.स्वा.का. | जिल्ला स्वास्थ्य कार्यालय |
| भे.अ. तथा प.वि.के. | भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ने.से. | नेपाली सेना |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| स.प्र.बल नेपाल | सशस्त्र प्रहरी बल नेपाल |
| जि.स.अ. | जिल्ला समन्वय अधिकारी |
| वि.खा.का. | विश्व खाद्य कार्यक्रम |
| MIRA | |

## कार्यकारी सारांश

प्रकोप र यसबाट उत्पन्न विपद्लाई भाग्यवादी चिन्तनबाट हेर्ने सामाजिक परम्पराका कारण विपद् जोखिम न्यूनीकरण प्रक्रियाले नेपालमा अझै पनि संस्थागत रूप पाउन सकेको छैन । यस अवस्थालाई जनचेतना, सचेतना र ज्ञानको अभावले पनि बल पुऱ्याइरहेको छ । पछिल्लो समयमा विश्वव्यापी रूपमा बढ्दै गएको विपद्को जोखिम कम नगरिएसम्म दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएका कारण पनि यसको व्यवस्थापनका विभिन्न पक्षमा काम गर्नुपर्नेमा विश्व जनमत एक रहेको छ। यस सन्दर्भमा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको पद्दतिलाई दैनिक व्यवहारमा नै कार्यान्वयन गर्ने परम्पराको विकास गर्न सघाउनु आजको आवश्यकता हो ।

विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक भएकोले गृह मन्त्रालयद्वारा जारी जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७८बमोजिम आपत्कालीन समयमा जनजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ कार्य विभाजनसहित जिल्ला विपद् व्यवस्थापन समिति, स्याङ्जाले यो योजना तर्जुमा गरेको छ । नेपालको स्थानीय सरकार सञ्चालन ऐन, सरकारबाट स्वीकृत विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ का मार्गदर्शनलाई समेत जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाले अङ्गीकार गरेको छ ।

जिल्लामा कार्यरत संस्थाहरूको क्षमता अभिवृद्धिको एक अङ्गको रूपमा समेत भूमिका निर्वाह गर्ने यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाले कार्यविभाजनका विभिन्न ८ वटा विषयगत क्षेत्र (Cluster) पहिचान गरेको छ। यसमा मूलभूत रूपले क्षेत्रगत अवधारणालाई आत्मसात गर्दै जिल्ला विपद व्यवस्थापन समितिले नियमित रूपमा गर्नुपर्ने पूर्व तयारी र आपत्कालीन समयमा गर्नुपर्ने काम तथा त्यसको लागि गरिने पूर्वतयारीलाई प्राथमिकतामा राखेको छ।

### १. योजनाको उद्देश्य

विपद्को समयमा विपद्पीडितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन-स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस प्रति कार्य योजनाको मूल उद्देश्य रहेको छ।

### २. योजना तर्जुमाविधि

स्याङ्जा जिल्लाको पूर्व तयारी, प्रतिकार्य योजना तर्जुमा तथा परिमार्जनका क्रममा विगतदेखि नै निम्न प्रक्रिया र विधि अपनाइएको छ :



### ३.सङ्कटासन्नता स्तरीकरण
जिल्लामा हुने प्रकोपका घटनामध्ये बाढी, पहिरो भूक्षय तथा आगलागी एवं प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन बमोजिम भूकम्पीय जोखिमको समेत विश्लेषण गरी सङ्कटासन्नता स्तरीकरण गरिएको छ। उपलब्ध सूचना तथा तथ्याङ्कको विश्लेषण अनुसार जिल्लाका अधिकांश पालिकाहरुमा बाढी पहिरोको जोखिम रहेको पाइएको छ भने आगलागीको कारणबाट समेत विभिन्न स्थानहरु जोखिमयुक्तरहेका छन्।

### ४. क्षेत्रगत अवधारणा र क्षेत्र पहिचान
योजनाले क्षेत्रगत अवधारणाअनुरूप कार्यविभाजन गरी बाढी, पहिरो र भूकम्पीय विपद्को सामना गर्ने तथा विपद् प्रतिकार्य गर्ने आधारभूत परिकल्पना गरेको छ । यस योजनामा विभिन्न क्षेत्रको कार्यविभाजनको लागि राष्ट्रिय रअन्तर्राष्ट्रिय रूपमा सक्रिय रहेका विषयगत क्षेत्र (Cluster) को अवधारणालाई आधार मानेर ८ (आठ) वटा विषयगत क्षेत्र निर्धारण गरी सोअनुरूप कार्यविभाजन गरिएको छ । यस योजनाले जिल्ला विपद् व्यवस्थापन समितिलाई सबै सरोकारवालासँग सहकार्य गर्न जोड दिएको छ।

### ५. पूर्वतयारी
विशेषगरी जिल्लामा हुने विभिन्न विपद्को अवस्थालाई मध्यनजर गर्दै बाढी पहिरो, संक्रामक सरुवा रोगहरुको महामारी, आगलागी लगायतकाविपद्हरुको वार्षिक पात्रो (Annual Calendar) लाईआधार मानेर के, कस्ता मूलभूत पूर्वतयारी गर्न आवश्यक पर्छ भन्ने विषयमा छलफल गरी विपद् पूर्व तयारीको सामान्य खाका र समय सीमा निर्धारण गर्न प्रयास गरिएको छ।

### ६. प्रतिकार्ययोजना
यस प्रतिकार्य योजनामा विपद् भएमा तत्कालै गर्नु पर्ने कामको क्षेत्रगत कार्ययोजना तर्जुमा गरिएको छ जसमा क्षेत्रका प्रमुखको जिम्मेवारीमा समयसीमा समेत निर्धारण गरी कार्यविभाजन गरिएको छ। आपत्कालीन समयका लागि निर्धारण गरिएका गतिविधि सञ्चालन गर्न आवश्यक पूर्व तयारी र बजेटको अनुमानसमेत गरिएको छ।

# विषय-सूची

# परिच्छेद- १
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, चट्याङजस्ता विपद्कारी घटनाको उच्च जोखिममा रहेको मुलुक मानिन्छ ।विश्वका १९९ मुलुक मध्ये नेपाल भूकम्पीय जोखिमको ११ औं स्थानमा, जल उत्पन्न प्रकोपको जोखिममा ३० औं स्थानमा ( युनडिपी, बीसीपी आर, २००४) र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको अग्रस्थानमा रहनुलेविपद्जन्य जोखिममा नेपाल अग्रपंतीमा रहेको प्रस्ट हुन्छ ।

अस्थिर र कमलो भौगोलिक बनोट, जलवायुको विविधता, प्राकृतिक स्वरूप,परम्परागत सामाजिक संरचना, अशिक्षा, अज्ञानता तथा विपद् जोखिम व्यवस्थापनको कमी लगायतका पक्षहरुले विपद्को जोखिम बढिरहेको छ भने नीतिगत व्यवस्थापन र संरचनामा भएका कमीकमजोरीले यसको व्यवस्थापनलाई थप चुनौतिपूर्ण बनाएका छन् । सरकार र निजीक्षेत्रबीच साझेदारीको अभाव तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्यको कमीले विपद्को जोखिम व्यवस्थापनको कार्यले मूर्त रूप पाउन सकेको छैन ।

यद्यपि, नेपाल सरकारले जिल्ला र स्थानीय तहमा समेत विगत केही वर्षयता विपद् पूर्व तयारी योजना, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा महत्वपूर्ण कार्यहरू गर्दै आएको छ । यस क्रममा गृह मन्त्रालयले जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन,२०७८तयार गरेर जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियालाई संस्थागत र भरपर्दो बनाउने काम गरेको छ । यसै मार्गदर्शन अनुसार विगतमा गरिएका कार्यलाई समेत आधार मानी स्याङ्जा जिल्लाको लागि ***यो*** “जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना”लाई परिमार्जन गरी जिल्ला विपद् व्यवस्थापन समितिद्वारा मिति २०७९/०३/०७गतेआयोजित जिल्ला विपद् व्यवस्थापन समितिको बैठकद्धारा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

## १.२विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको उदेश्य

प्रकोपको समयमा समुदायमा पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल मर्म हो । तसर्थ यस योजनाका उद्देश्य निम्नअनुसार रहेका छन् :

- जिल्लामा हुने विपद्को सामना गर्न सक्ने अवस्थाको विश्लेषण गरी कार्यहरूको पूर्व तयारी गर्ने,
- प्रकोप प्रभावितहरूलाई तत्काल उद्धार तथा राहत सेवा उपलब्ध गराउनमा सहजता प्रदान गर्ने,
- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तया पर्याप्त तथा सहयोगको योजना तर्जुमा गर्नु,
- मानवीय असरहरूलाई कम गर्नको लागि बाढि पहिरो,भूकम्प र आगलागी जस्ता बिपदबाट प्रभावित मानिसहरूका अत्यावश्यक आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै सरकारलाई सहयोग उपलब्ध गराउनु, विभिन्न निकायहरुको बीच समन्वय गर्नुपनि हो । यस्ता सहयोगहरु मानवीय सहयोग सिद्धान्त (मानवता, निष्पक्षता तथा तटस्थता) का आधारमा गर्नुपर्ने हुन्छ ।

## १.३विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र महत्व :

विपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यमध्ये पूर्व तयारी कार्ययोजना प्रकोप परेलगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । यो कार्ययोजना विकास-निर्माणसँग समेतसम्बन्धित भएर प्रकोपको समयमा कार्यान्वयनमा आउने भएकाले प्रंकोप नपरेमा समुदायको क्षमता अभिवृद्धि हुनुका साथैसमुदायमा पूर्वतयारीका प्रक्रियाहरुको थालनी गर्नमा यसको महत्वपूर्ण भूमिका हुनेछ । साथै कार्ययोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताअनुरूप क्षेत्रगत (Cluster) अवधारणा अन्तर्गत तर्जुमा गरिएकोले विपद् व्यवस्थापनका अधिकांश क्षेत्रहरु समेटिने छन् । यसका अलवा जिल्लागत विपद् व्यवस्थापनमा यस कार्ययोजनाले देहाय बमोजिमका आवश्यकताहरुको लागि कार्य गर्नेछ

- योजनाले प्रकोपको समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितताको लागि,
- प्रकोपको जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणाको लागि,
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउनको लागि,
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्नको लागि,
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्नको लागि,
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि,
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्नको लागि,
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई प्रकोपको पीडा कम गर्नको लागि,
- क्षेत्रगत रूपमा कामको बाँडफाँड गरी मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाई सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउनका लागि ।

## १.४ सीमा

- प्रकोप परिहालेको अवस्थामा कार्ययोजनाअनुरूप मानवीय सहयोग उपलब्ध गराउन सबै स्थानीय तहहरुसँग जनशक्ति तथा साधनस्रोतको अभाव हुने भएकाले कार्ययोजना अनुरूप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिको सहयोगलिनुपर्ने हुनेछ ।
- कुनै पनि विपद् आकस्मिक रुपमा आईपर्ने हुँदा तत्कालिन परिस्थिति अनुसार विपद्को व्यवस्थापन गर्दा यो योजनाका सबै प्रकृया अवलम्बन नभएको पनि हुनसक्नेछ ।

## १.५ योजना तर्जुमा प्रक्रिया बैठक तथा कार्यशाला

यो योजना तर्जुमा गर्दा विगत देखि हालसम्म यससँग सम्बन्धित विभिन्न सरोकारवालाहरुसँग विभिन्न मिति र समयमा बैठक, कार्यशाला, अन्तर्क्रिया लगायतका प्रकृयाहरु अवलम्बन गरिएको छ ।

## १.६ जिल्ला परिचय

स्याङ्जा जिल्लाको प्रकोपको इतिहास लाई ऐतिहासिंक रुपमा केलाउने हो भने प्रमुख रूपमा बाढी पहिरो तथा आगलागीका साथै २०७२ साल बैशाखमा आएको भ’कम्पले पनि क्षति पु-याएको पाइन्छ । यस जिल्लाको भू-वनावट केहीभागमा कडा र अधिकांश भागमा नरम चट्टानले बनेको अग्लो होचो (भिरालो तथा ठाडो भिरालो) रहेको छ । यस जिल्लाको अधिकाँश भाग पत्रे चट्टानबाट निर्माण भएको छ । यस जिल्लामा भिरालो भागबाट वर्षेनी माटो बगेर जाने समस्या रहेको छ । यस जिल्लाको दक्षिण तथा पश्चिम भागमा पाखो जग्गालाई भिरालो जमिनको रूपमा खेती गर्ने प्रचलन र उत्तर तथा मध्य भागमा बढि खुकुलो माटो पाइनुले सतहको उर्वरमाटो बगेर जाने गर्दछ । आँधी खोला तथा ज्याग्दी खोलाको बाढीले त्यसको किनार छेउका खेतीयोग्य जमीन र भौतिक संरचनालाई क्षति पु-याउने समस्या यथावत रहेको छ । जिल्लाको प्रमुख नदीहरूमा काली गण्डकी, आँधीखोला ,ज्याग्दी खोला, सेती खोला र दरौ खोला रहेका छन् भने धेरै खोल्सा र कुवाहरू समेत रहेका छन् ।

**भौगोलिक अवस्थिति, सिमाना तथा राजनैतिक विभाजनः** नेपालको गण्डकी प्रदेशमा पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो। पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, पाल्पा, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा (कालीगण्डकीनदी) छ । यस जिल्लाको कुल क्षेत्रफल ११६४ वर्गकिलोमिटर रहेको छ । यो जिल्ला समुद्र सतहबाट ३६६ मिटर (केलादी) देखि २५१२ मीटर (पञ्चासेको) लेकसम्मको उचाइमा रहेकोले जिल्लाको भौगोलिक र प्राकृतिक स्वरूप विविधतायुक्त छ । जिल्लाको पूर्व पश्चिम लम्बाई २२.५०८ देखि ५२.३५५ कि मि सम्म रहेको छ । उत्तर दक्षिण चौडाई २.७३३ देखि ३७ ८३९ कि मी रहेको छ । जिल्लाको कुल क्षेत्रफल मध्ये २.९६ प्रतिशत समथर, ३.८३ प्रतिशत मध्यम भिरालो, ०४५ प्रतिशत अलिकति उतार चढाव भएको, २.४४ प्रतिशत बढि उत्तार चढाव भएको, ४५.९६ प्रतिशत भिरालो पहाडी क्षेत्र र ४४.३४ प्रतिशत अति भिरालो क्षेत्र रहेको छ । यातायातको दृष्टिकोणले स्याङ्जा सुगम पहाडी जिल्लामा पर्दछ । यस स्याङ्जा जिल्लामा नेपालको दोस्रो ठूलो जल विद्युत परियोजना - कालीगण्डकी ए (१४४ मेगावाट), सबै भन्दा ठूलो पहाडी सिंचाई योजना-चापाकोट टार सिंचाई योजना (१०० हेक्टर), नेपालको पहिलो नमुना ग्रामीण पर्यटन गाउँ पञ्चमूलको सिरुवारी, नेपालकै नमुना मानिने पाल्पा र स्याङ्जाको सिमानासँग जोड्ने कालीगण्डकी नदी माथि रहेको राम्दीको पुल तथा दुध सुन्तला अदुवा र कफी उत्पादन गर्ने जिल्लाको स्वरूपमा आफ्नो पहिचान स्थापित गरिसकेको छ । हाल यस जिल्लामा २ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र, ४ वटा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र, ५ नगरपालिका र ६ वटा गाउँपालिका रहेकाछन् ।

**भू-क्षेत्र र जमिनको वर्गिकरण :**यो जिल्ला समुद्री तहबाट.२,५१२.मीटर उचाइ सम्मको भूभागमा रहेको छ । जिल्लामा करिब २०.२७ प्रतिशत जमिन वनजंगलले ढाकेको छ । त्यस्तै करिव १९.२ प्रतिशत जमिन खेती अयोग्य क्षेत्र, र ४३.३ प्रतिशत जमिन खेती योग्य रहेका, ८.८ प्रतिशत चरिचरन क्षेत्र र १.५ अन्य क्षेत्र रहेको छ ।समथर भिरालो र पहाडी क्षेत्रमा विभाजन गर्न सकिन्छ । यसरी गरिएका विभाजनको आधारमा हेर्दा यस जिल्लाको भू-वनावट हेर्दा कडा तथा नरम चट्टानले बनेको अग्लो होचो (भिरालो तथा ठाडो भिरालो) रहेको छ । जम्मा भू-भागको ४३.३ प्रतिशत जग्गा खेती गरिएको छ । यस जिल्लाको अधिकाश भाग पत्रे चट्टानको मेटामोर्फिक चट्टानबाट निर्माण भएको छ । यस जिल्लाको आँधीखोला र यसका सहायक खोलाहरूमा र ज्याग्दी खोलामा नयाँ पाँगो माटो जम्मा भई खेती योग्य जमिन बनेको छ । काली गण्डकी किनारमा चापाकोट रत्नपुर र साँखरका फाँटहरू खाद्यान्न बाली हुने मुख्य क्षेत्रहरू हुन् । यस जिल्लामा भिरालो भागबाट वर्षेनी माटो बगेर जाने समस्या रहेको छ । यस जिल्लाको दक्षिण तथा पश्चिम भागमा पाखो जग्गालाई भिरालो जमिनको रूपमा खेती गर्ने प्रचलन र उत्तर तथा मध्य भागमा बढी खुकुलो माटो पाइनुले सतहको उर्वर माटो बगेर जाने गर्दछ । अर्कातिर आँधीखोलाको बाढीले त्यसको किनार छेउका खेतीयोग्य जमिन र भौतिक संरचनालाई क्षति पु-याउने समस्या यथाव रहेको छ ।

**नदीनाला :** यस जिल्लाको प्रमुख नदिहरूमा कालीगण्डकी, आँधीखोला, ज्याग्दी खोला, सेती खोला दरौ खोलाहरू रहेका छन् । यस जिल्लाका अधिकांश खोलाहरू खहरे किसिमका तथा वर्षाको समयमा बढेर आउने गर्दछन् । तिनै साना साना खोल्सा तथा खोलाहरूको माध्यमद्धारा वर्षाको समयमा सिँचाइको सुविधा लिन सकिएको छ । वर्षायाममा यस जिल्लाका उत्तरी भेगका साना खोलाहरू, वाडखोला, ज्याग्दी खोला, दरौ खोला, अरौदी खोला, अर्मादी खोला, वायाँ खोला, मान्के खोला, र मुख्य गरी आँधी खोला जस्त कयौ खोलाहरूले आफ्नो बहाउ क्षेत्र आसपासका हजारौ हेक्टर खेतीयोग्य जमिनको माथिल्लो भागको माटो बगाउने र डुबाउने गरेका छन् । हाल जिल्लामा वर्षेनी के कति मात्रामा नदी, खोला र पहिरोले जग्गा तथा जमिन क्षति पु-याइरहेको छ भन्ने एकिन तथ्यांक प्राप्त नभए तापनी धेरै खोला किनारहरूमा ढुंगा, वालुवा, रोडा र खाली चौरहरू देखिन्छन् ।

आँधीखोलाले मात्रै पनि हजारौ हेक्टर खेत तथा खेती योग्य जमिनलाई बगरमा परिणत गरेको छ । यदि नयाँ योजनाबद्ध बिधिबाट नदी नियन्त्रण गर्ने कार्यमा ध्यान पु-याउने हो भने जिल्लाको लागि खेतीयोग्य जमिन बढ्न गई खाद्यान्न उत्पादनमा वृद्धि हुन सक्दछ । जिल्लामा एकातिर नदी तथा खोलाहरूले खेती योग्य जमिनलाई कटानगरी बगरमा परिणत गरिरहेका छन् भने अर्कोतिर अव्यवस्थित रुपमा नदि तथा खोला किनारमा घर तथा टहरा निर्माणले पनि नदि तथा खोलाहरूलाई अतिक्रमण गरेकोले समस्या झन जटिल देखिएको छ । जिल्लामा सिचांई तथा विकास डिभिजन र जिल्ला भू-संरक्षण कार्यालयबाट नदी नियन्त्रणको लागि तार जाली तथा निर्माण, विभिन्न योजना तथा कार्यक्रमहरू संचालन हुदै आएका छन् । सम्बन्धित कार्यालयबाट आवश्यक परेको बेला तत्काललाई नमुना कै रूपमा कुनै पनि खोला तथा नदीमा टिकाउयुक्त कार्य सम्पन्न भएको छैन । आगामी योजना तथा कार्यक्रमहरूमा नदी नियन्त्रणको लागि जिल्लास्तरिय गुरुयोजना तयार गरी टिकाउयुक्त भौतिक संरचनाहरूको निर्माणमा स्थानीय समुदायलाई सशक्त रूपमा सहभागी गराई कार्य गर्नु गराउनु पर्ने कुरामा सबैलाई बोध गराई नदी नियन्त्रण गर्नु पर्दछ।

**माटोको वनावट र उर्वराशक्ति :** यस जिल्लाको कुल भौगोलिक क्षेत्रफल १,१६,४०० हेक्टर मध्ये उपयोग योग्य भूमिको क्षेत्रफल ३०३९३ अर्थात ४३.३ प्रतिशत हेक्टर रहेको छ र जसमध्ये खेत तथा बारीले ओगटेको क्षेत्रफल क्रमश ९,७५८ हेक्टर र २०३९३ हेक्टर रहेको छ । यस जिल्लाको भू-स्वामित्वलाई अध्ययन गर्दा कुल जोत संख्या २२,०११ हेक्टर रहेको छ । उक्त कृषि योग्य भूमि मध्ये यस जिल्लाको करिव ११,००० हेक्टर भूमि सिंचाई योग्य रहेको अनुमान छ । यस जिल्लामा हाल सम्म ९९५३ हेक्टर जमिन सिचित अवस्थामा रहेको छ । उक्त सिंचित भूमि मध्ये सिंचाई विभागको संलग्नतामा ४६७८ हेक्टर जमिनमा आधुनिक सिंचाई सुविधा विस्तार एवं सुदृढीकरण भएको छ भने परम्परागत कृषक सिचाई प्रणाली तर्फ ५२७५ हेक्टर जमिनमा सिंचाई पुगेको छ । यस जिल्लाको दक्षिण तथा पश्चिम भागमा पाखो जग्गालाई भिरालो जमिनको रूपमा खेति गर्ने प्रचलन र उत्तर तथा मध्य भागमा बढी खुकुलो माटो पाइनुले सतहको उर्वरमाटो वर्षेनी बगेर जाने गर्दछ । जसको कारणले उर्वर भूमि घट्दै गएको पाइन्छ ।

**सम्बन्धित भू-क्षय क्षेत्रः** यस जिल्लाको वन विकास गुरुयोजना २०४६ ले गरेको जलाधारीय अवस्थाको विश्लेषणको आधारमा स्याङ्जा जिल्ला नेपालको अति खराव जलाधारीय अवस्था भएका प्रमुख७ जिल्ला मध्ये एक मानिएको छ । यहाँको प्रमुख जलाधार क्षेत्र आँधीखोला जलाधार क्षेत्र हो । वि.स.२०३५ सालमा एकिकृत जलाधार व्यवस्थापन योजना तथा जलाधार संरक्षणले पश्चिमाञ्चल विकास क्षेत्रका ३६ वटा जलाधार क्षेत्रमा गरेको अध्ययनमा यस जलाधार क्षेत्रलाई भू-क्षयको प्रकोप बढि भएको क्षेत्र मध्ये तेश्रो स्थानमा राखेको छ । आँधीखोलाको उत्तरी भागबाट दक्षिण दिशा हुदै अन्तमा पश्चिम दिशा बगी कालीगण्डकीमा मिसिन पुग्दछ । आँधीखोलाका सहायक खोलाहरूमा सेती खोला, राडखोला, लुब्धीखोला, अरौदी खोला, अर्मादी खोला, दरौ खोला, मिर्दी खोला, वाया खोला, फउदी खोला आदि पर्दछन् । जिल्लाको अर्को प्रमुख जलाधार क्षेत्र ज्याग्दी जलाधार क्षेत्र हो । ज्याग्दी खोला जिल्लाको पूर्वी भागमा उत्तरबाट दक्षिण दिशा तर्फ बग्दै अन्तमा कालीगण्डकी नदीमा मिसिन्छ । यसका बुढीखोला वराई खोला वसाटार खोला, गैरखोला, लुब्धीखोला आदि प्रमुख सहायक खोलाहरू हुन् । तत्कालिन अवस्थामाजिल्ला भू-संरक्षण कार्यालय स्याङ्जाले कार्यक्रम संचालन गर्न यस जिल्लाको उप-जलाधारहरूको प्राथमिकीकरण गर्ने सिलसिलामा यस जिल्लालाई विभिन्न ३८ वटा उपजलाधार क्षेत्रमा विभाजन गरिएको छ ।

**जलवायुः** उचाइको आधारमा जिल्लाको हावापानीलाई तीन भागमा बाँड्न सकिन्छ । जिल्लाको १५ प्रतिशत भू-भाग मुख्य गरी होचो तथा खोच र नदी किनारमा पाइन्छ । त्यस्तै ७० प्रतिशत भूभागमा समशितोष्ण हावापानी पाइन्छ भने शितोष्ण हावापानी १५ प्रतिशत भू-भागमा पाइन्छ । यस जिल्लाको दक्षिण तथा नदी किनारमा अधिकतम तापक्रम ३५ डि.सेल्सियस र जिल्ला सदरमुकाममा औषत अधिकतम तापक्रम ३२ डि.सेल्सीयस र न्यूनतम ५ डि.सेल्सीयस सम्म रहको पाईन्छ । स्थान अनुसार तापक्रममा केही फरक परेको पाईन्छ । जिल्लामा वार्षिक सरदर वर्षा २५०० मि मी देखि २६६५ मि.मी. सम्म हुन्छ । स्याङ्जा जिल्लाको उत्तर भागबाट दक्षिण भाग तिर वर्षा कम हुदै जान्छ । कुल वर्षा मध्ये मनसुन वायु र पश्चिमी वायुबाट वर्षा र हिउँदमा गरी क्रमशःकरिव ८० प्रतिशत र २० प्रतिशत पानी पर्दछ ।

**जनसंख्याको आकारराष्ट्रिय जनगणना**२०७८ को प्रारम्भिक नतिजा अनुसार यस जिल्लाको कुल जनसख्या २,५४,२७७ छ जसमध्ये पुरुषको जनसंख्या १,१७,३८६, र महिला १,३६,८३० रहेका छन् । जिल्लामा मगर, गुरुङ, नेवार, घर्ति/भुजेल, कुमाल, माझी, थारु, तामाङ, राई, थकाली, लिम्बु, शेर्पा, गनगाई, राजी, धिमाल, ब्रमु लगायत विभिन्न जनजाति र दलित समुदायको बसोवास पाइन्छ ।

# परिच्छेद-२
# जिल्लाको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

## २.१ विपद्को दृष्टिकोणले स्याङ्जा जिल्ला

हरेक वर्ष आधीखोलाले आँधिखोला गा.पा., पुतलीबजार न.पा., भीरकोट न.पा., वालिङ्ग न.पा. र गल्याङ्ग न.पा. लाई प्रभाव पारेको छ भने भाटखोला तथा आरुखर्कको गलेमकोपहिरोबाट पुतलीबजार देखि वालिङ नगरपालिकासम्म असर पु-याएको छ । त्यसैगरि ज्याग्दी खोलाले पनि कोल्मा, ओरष्टे, किचनास, राङभाङ, विरुवा अर्चले, मग्याम, चिन्नेवास मनकामना, सेखाम आदिमा पहिरोले क्षति पु-याएको देखिन्छ । त्यस्तै दरौ खोलाले अर्जुनचौपारी गा.पा., पुतलीबजार वडा नं.१३ मा पनि क्षति पु-याएको छ । त्यस्तै लुब्दी खोलाले धापुक, सिमभन्ज्याङ, र लुब्दी खोलाको पहिरोले खिलुङ देउराली, स्वरेक, ढापुक, बगरे बगरेबजार क्षेत्रमा बढि क्षति पु-याएको छ । त्यस्तै डौवा खोलाले कालीकोट, स्वरेक, वालिङ नगरपलिकामा पहिरो गएको छ भने सोबाट स्वरेक र वालिङ नपा डौवा फाटँमा बढि क्षति पु-याएको छ । त्यस्तै अर्मादी खोलाले माझकोट, मनकामना, एलादीको बाढी पहिरोबाट रामवाच्छा खहरेमा र खेतमा बढि क्षति पु-याउने गरेको पाइन्छ भने लसर्का नजीक बिर्घाको पहिरो र बिर्घाको पूर्वी भेगमा गएको पहिरोबाट सो क्षेत्र आसपास ठूलो क्षति पुरयाएको देखिन्छ ।

त्यस्तै बायाँ खोलाले शिर्शेकोट, कालिकाकोट, थुमपोखराको बाढि पहिरोबाट थुमपोखरा र वालिङ नगरपालिका वडा नं ९ मा क्षति पु-याएको। त्यस्तै वाडखोलाले ठूलाडिही, पौवैगौडे, पुतलीबजार नपा, वाहाकोटको बाढी पहिरोबाट लत्रेपिपल देखि मझुवा फाँटसम्म क्षति पु-याएको । त्यसैगरि अरौदी खोलाले वाहाकोट, राङभाङ, पुतलीबजार न.पा. को वडा नं. १, २, ४ देखि मझुवा फाँटसम्म क्षति पु-याएको छ । त्यस्तै फैदी खोलाले सिर्सेकोट, पेलाकोट, थुमपोखराको बाढीबाट थुमपोखरा देखि झोलुङे सम्म क्षति गरेको पाइयो ।

प्रकोपको समयमा प्रभावित व्यक्ति तथा समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जति सक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुन बाट बचाउन सक्दछ । प्रकोप व्यवस्थापनमा प्राय दुईवटा चरण हुन्छन् । पहिलो चरणमा प्रकोप अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनिकरणका कार्यहरू पर्दछ भने दोश्रो चरणमा प्रकोप पछिको उद्धार तथा राहत, पुर्नस्थापना र पुनर्निमाण कार्यमा गरिने लगानी पर्दछन । प्रभावकारिताको हिसाबले हेर्दा प्रकोप पूर्व गरिने न्यूनिकरण र पूर्व तयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुन्छ भन्ने कुरा विभिन्न अध्ययनले देखाएका छन् । यद्यपि प्रकोपलाई रोक्न नसकिए पनि सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने सकिन्छ । त्यस्तो प्रकोप पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ ।तसर्थ यस पूर्वतयारी कार्ययोजनाले स्याङ्जा जिल्लामा वर्षेनी आउने बाढी पहिरोबाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई मानवीय असरहरूलाई कम गर्न महत्वपूर्ण भूमिका रहने कुरामा कसैको दुइमत नहोला ।

## २.२ प्रकोप पहिचान तथा स्तरीकरण

जिल्लामा विशेषगरी पहिरो, बाढी, आगलागी, महामारीजस्ता विपद् नियमित रूपमा पर्ने गरेको र भूकम्पीय प्रकोपको जोखिम समेत रहेको कुरा यस अघि आएको भुकम्प तथा त्यसको असर समेतबाट थाहापाउन सकिन्छ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा पहिरो र बाढी तथा आगलागीलाई प्राथमिकता दिने र सरकारद्वारा जारी मार्गदशनबमोजिम भूकम्पको सन्दर्भलाई समेत लिएर योजना तर्जुमागर्न आवश्यक सूचना तथा तथ्याङ्क विश्लेषण गर्ने निर्णय गरिएको छ ।

बाढीजन्य विपद्का लागि जिल्लामा बग्ने साना-ठूला नदीको भूमिका रहेको पाइन्छ । जिल्लाका विभिन्न स्थानीय तहहरुमा बग्ने आसपासका क्षेत्रहरुमा रहेका विभिन्न पहिरोहरु निम्नानुसार रहेको पाइन्छ

| क्र.स. | खोला | गा.पा. / न.पा. |
|---|---|---|
| १ | आँधीखोला | आँधिखोला गा.पा., पुतलीबजार न.पा., भीरकोट न.पा., वालिङ्ग न.पा. र गल्याङ न.पा.मा क्षती पुऱ्याएको |
| २ | ज्याग्दीखोला | विरुवा गा.पा. तथा चापाकोट न.पा.क्षेत्रमा ती पहिरोले क्षती पुऱ्याएको । |
| ३ | लुब्दीखोला | भीरकोट न.पा र वालिङ न.पा.को केही क्षेत्रमा बढि क्षति पु-याएको |
| ४ | डौवाखोला | भिरकोट ५ स्वरेक, वालिङ नगरपालिका -११ |
| ५ | अर्मादी खोला | माझकोट, मनकामना, एलादी को बाढी पहिरोबाट रामवाच्छा खहरेमा र खेतमा बढि क्षति पु-याउने गरेको |
| ६ | वायाँ खोला | थुमपोखरा, सिर्सेकोट क्षेत्र वालिङ न.पा. १२, १३ |
| ७ | बाँढ खोला | पुतलीबजार न.पा. ३, ५ , ७ क्षेत्रका ठूलाडिही , पौवैगौडे, वाहाकोटको बाढी पहिरोबाट लत्रेपिपल देखि मझुवा फाँटसम्म क्षति पु-याएका |
| ८ | अरौधी खोला | वाहाकोट, पुतली बजार न पा १, २, ४ देखि मझुवा फाँट सम्म क्षति पु-याएको |
| ९ | फौदीखोला | फौदी खोलाले सिर्सेकोट पेलाकोट थुमपोखराको बाढिबाट थमुपोखरा देखि झोलुङे सम्म क्षति गरेको पाइयो । |
| १० | कालीगण्डकी र सेतीखोला | गल्याङ्ग ५, सेतीवणी बजार २ वटा नदिको दोभानमा पानीको बहाव बढ्दा डुवानको समस्या रहेको पाइयो । |
| ११ | सुख्खा पहिरो | खास गरेर सिद्धार्थ राजमार्ग आसपासका क्षेत्रमा । |
| क | भाट खोलाको पहिरो | भाटखोला,आरुखर्क तथा पुतलीबजार देखि वालिङ नगरपालिका । |
| ख | वाङसिङको पहिरो | वाङसिङ, सेतीदोभान, चिलाउनेबास, फापरथुम र पुतलीबजार न.पा. सम्म । |
| ग | बिर्घाको पहिरो | बिर्घा,आलमको लसर्गाबिंसी तथा सो भन्दा तलका तटीय क्षेत्र |
| घ | गल्याङ्गको पहिरो | गल्याङ न.पा. ३ मगर समाजको भवन तथा सो संग जोडिएका ४ वटा घर र आसपासका क्षेत्र |
| ङ | लल्याङको पहिरो | गल्याङ्ग न.पा ८ मा विगत देखि नै पहिरो आई करीव ८० घर परिवार जोखिममा । |
| च | जलजलेको पहिरो | अर्जुनचौपारी २ केवरेको जलजले पहिरोले ४ वटा घर र ५ वटा गोठ जोखिममा । |

### २.३ गाँउपालिकातथा नगरपालिकाहरूको सङ्कटासन्नता स्तरीकरण

कुनै पनि जिल्लाको सङ्कटासन्नताको योगफल भनेको त्यस जिल्ला अन्तर्गत गाउँपालिकातथा नगरपालिकाको सङ्कटासन्नताताको स्वरूपलाई मान्नु पर्दछ । त्यसकारण जिल्लाको समग्र सकटाभिमुखताको विश्लेषणको लागि स्याङ्गजा जिल्ला अन्तर्गतका गाउँपालिका तथा नगरपालिकाहरुकोसङ्कटासन्नताको विस्तृत विश्लेषण गरिएको छ।
जल जन्य प्रकोपका सन्दर्भमा गाउँपालिकातथा नगरपालिकाको सङ्कटासन्नता वर्गिकरणका लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस तथा पालिका कार्यालयहरुबाट उपलब्ध तथ्यांकलाई विभिन्न पक्षबाट विश्लेषण गरिएको छ । विशेषगरी जलजन्य प्रकोपको आधारमा सङ्कटासन्नता वर्गिकरणका निमित्त मानिसको मृत्यु, प्रभावित परिवार, घरको क्षति, आर्थिक क्षति, र खेतीयोग्य जमिनको कटानलाई आधार मानिएको छ । प्राप्त तथ्यांकको विश्लेषण तथा अंकभारको लागि निम्न विधि अपनाइएको छ ।

### २.३.१ प्रकोपको स्तरीकरण

| X | पहिरो | असिना | खडेरी | चट्याङ | भूकम्प | वाढी | महामारी | आगलागी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | X | पहिरो | पीहरो | पहिरो | भूकम्प | वाढी | पहिरो | पहिरो | ६ |
| असिना | X | X | असिना | असिना | भूकम्प | वाढी | असिना | असिना | ५ |
| खडेरी | X | X | X | चट्याङ | भूकम्प | वाढी | खडेरी | आगलागी | २ |
| चट्याङ | X | X | X | X | भूकम्प | वाढी | महामारी | चट्याङ | २ |
| भूकम्प | X | X | X | X | X | भूकम्प | भूकम्प | भूकम्प | ८ |
| वाढी | X | X | X | X | X | X | वाढी | वाढी | ७ |
| महामारी | X | X | X | X | X | X | X | महामारी | ३ |
| आगलागी | X | X | X | X | X | X | X | X | २ |

(१) भूकम्प (२) वाढी (३) पहिरो (४) असिना

### २.३.२ बाढी, पहिरो, भूकम्पीय जोखिम तथा आगलागीका दृष्टिले गाउँपालिकार नगरपालिकाहरूको सङ्कटासन्नता स्तरीकरण निम्नबमोजिम भएको छ ।

### २.४ सङ्कटासन्न जनसङ्ख्याको विवरण

| क्रस | गा.पा/न.पा | घरधुरी | जनसंख्या | बाढीको सङ्कटासन्नता | | | पहिरोको सङ्कटासन्नता | | | भूकम्पको सङ्कटासन्नता | | | आगलागीको सङ्कटासन्नता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून |
| १ | आँधिखोला गा.पा | ४,२७८ | १४,९७० | | | | | | | | | | | | |
| २ | अर्जुनचौपारी गा.पा | ३,५४९ | १४,०९४ | | | | | | | | | | | | |
| ३ | बिरुवा गा.पा | ३,७७५ | १३,९०० | | | | | | | | | | | | |
| ४ | फेदिखोला गा.पा | २,९१९ | १०,७८६ | | | | | | | | | | | | |
| ५ | हरीनास गा.पा | ३,३१८ | १२,९७९ | | | | | | | | | | | | |
| ६ | कालिगण्डकी गा.पा | ४,६६६ | १८,००८ | | | | | | | | | | | | |
| ७ | भिरकोट न.पा | ५,६४४ | २२,६१७ | | | | | | | | | | | | |
| ८ | चापाकोट न.पा | ५,७२६ | २२,७८७ | | | | | | | | | | | | |
| ९ | गल्याङ्ग न.पा | ७,२२६ | ३१,१२५ | | | | | | | | | | | | |
| १० | पुतलीबजार न.पा. | १०,३९० | ४२,०७९ | | | | | | | | | | | | |
| ११ | वालिङ न.पा | ११,३६५ | ५०,९३२ | | | | | | | | | | | | |
| | **जम्मा** | ६२,८५६ | २,५४,२७७ | ४ | ६ | १ | ५ | ६ | ० | ० | ११ | ० | ८ | ३ | ० |
| | नोट : | • सङ्कटासन्न परिवार र जनसङ्ख्याको प्रक्षेपण गर्दा विगतमा भएका घटनाहरूबाट प्रभावित भएका परिवार र जनसङ्ख्यालाई आधार मानिएको ।<br>• भूकम्पीय जोखिमका हिसावले सङ्कटासन्न रहेका ६ वटा गाउँपालिका र ५ वटा नगरपालिकाको २०७८ को कूल जनसङ्ख्या २,५४,२७७ रहेको छ । सो जनसङ्ख्याको २.५ प्रतिशत अर्थात् करिब ६,३५६ मानिसलाई मानवीय सहयोग गर्नु पर्ने सम्भावना रहेको देखिएकोले सो अनुरूप योजना तर्जुमा गरिएको छ । | | | | | | | | | | | | | |

### २.४.१ बाढीबाट प्रभावित हुने जनसङ्ख्याको प्रक्षेपण

माथि विश्लेषण गरिएअनुसार बाढीबाट जिल्लामा प्रभावित भई मानवीय सहयोग प्रदान गर्नु पर्ने उमेर र अवस्थाअनुसारको जनसङ्ख्या निम्नअनुसार हुने अनुमान गरिएको छ :

| न्यूनतम पूर्वतयारीका लागि प्रक्षेपित जनसङ्ख्या | जनसङ्ख्या को प्रतिशत | प्रभावित तथा विस्थापित हुने सम्भावित जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पूरुष | महिला | जम्मा |
| प्रभावित वा विस्थापित हुने अनुमानित परिवार ४२२ (४.२ जना प्रतिपरिवार) | | ८२८ | ९५८ | १७८८ |
| प्रजननयोग्य उमेरका महिला (२० देखि ४४ वर्ष) | २५ | | | |
| बूढाबूढी (६० वर्षभन्दा बढी उमेरको सङ्ख्या) | ३० | | | |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६ | | | |
| १०-१९ वर्षका किशोर-किशोरीको सङ्ख्या | २० | | | |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) | ११ | | | |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३ | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५ | | | |
| गर्भवती महिलाको सङ्ख्या | २.३ | | | |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ०.४० | | | |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५ | | | |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको सङ्ख्या | ०.०३८ | | | |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५ | | | |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११ | | | |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३ | | | |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १ | | | |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३ | | | |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८ | | | |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२ | | | |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिको सङ्ख्या | १३ | | | |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १० | | | |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३ | | | |

### २.४.२ पहिरोबाट प्रभावित हुने जनसङ्ख्याको प्रक्षेपण

माथि विश्लेषण गरिएअनुसारपहिरोबाट जिल्लामा प्रभावित भई मानवीय सहयोग प्रदान गर्नु पर्ने उमेर र अवस्था अनुसारको जनसङ्ख्या निम्नानुसार हुने अनुमान गरिएको छ :

| न्यूनतम पूर्वतयारीका लागि प्रक्षेपित जनसङ्ख्या | जनसङ्ख्या को प्रतिशत | प्रभावित तथा विस्थापित हुने सम्भावित जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| प्रभावित वा विस्थापित हुने अनुमानित परिवार २३० (४.२ जना प्रतिपरिवार) | | ४२६ | ५४० | ९६६ |
| प्रजननयोग्य उमेरका महिला (२० देखि ४४ वर्ष) | २५ | | | |
| बूढाबूढी (६० वर्षभन्दा बढी उमेरको सङ्ख्या) | ३० | | | |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६ | | | |
| १०-१९ वर्षका किशोर-किशोरीको सङ्ख्या | २० | | | |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) | ११ | | | |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३ | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५ | | | |
| गर्भवती महिलाको सङ्ख्या | २.३ | | | |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ०.४० | | | |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५ | | | |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको सङ्ख्या | ०.०३८ | | | |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५ | | | |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११ | | | |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३ | | | |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १ | | | |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३ | | | |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८ | | | |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२ | | | |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिको सङ्ख्या | १३ | | | |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १० | | | |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३ | | | |

### २.४.३ भूकम्पबाट प्रभावित हुने जनसङ्ख्याको प्रक्षेपण

माथि विश्लेषण गरिएअनुसार भूकम्पबाट जिल्लामा प्रभावित भई मानवीय सहयोग प्रदान गर्नु पर्ने उमेर र अवस्थाअनुसारको जनसङ्ख्या निम्नअनुसार हुने अनुमान गरिएको छ।

| न्यूनतम पूर्वतयारीका लागि प्रक्षेपित जनसङ्ख्या | जनसङ्ख्या को प्रतिशत | प्रभावित तथा विस्थापित हुने सम्भावित जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| प्रभावित वा विस्थापित हुने अनुमानित परिवार १२९२ (४.२ जना प्रतिपरिवार) | | २३८८ | ३०३८ | ५४२६ |
| प्रजननयोग्य उमेरका महिला (२० देखि ४४ वर्ष) | २५ | | | |
| बूढाबूढी (६० वर्षभन्दा बढी उमेरको सङ्ख्या) | ३० | | | |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६ | | | |
| १०-१९ वर्षका किशोर-किशोरीको सङ्ख्या | २० | | | |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) | ११ | | | |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३ | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५ | | | |
| गर्भवती महिलाको सङ्ख्या | २.३ | | | |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ० | | | |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५ | | | |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको सङ्ख्या | ०.०३८ | | | |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५ | | | |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११ | | | |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३ | | | |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १ | | | |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३ | | | |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८ | | | |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२ | | | |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिको सङ्ख्या | १३ | | | |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १० | | | |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३ | | | |

### २.४.४ आगलागीबाट प्रभावित हुने जनसङ्ख्याको प्रक्षेपण

माथि विश्लेषण गरिएअनुसार भूकम्पबाट जिल्लामा प्रभावित भई मानवीय सहयोग प्रदान गर्नु पर्ने उमेर अवस्था अनुसारको जनसङ्ख्या निम्नअनुसार हुने अनुमान गरिएको छ :

| न्यूनतम पूर्वतयारीका लागि प्रक्षेपित जनसङ्ख्या | जनसङ्ख्या को प्रतिशत | प्रभावित तथा विस्थापित हुने सम्भावित जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पूरुष | महिला | जम्मा |
| प्रभावित वा विस्थापित हुने अनुमानित परिवार २५५ (४.२ जना प्रतिपरिवार) | | ४७१ | ६०० | १०७१ |
| प्रजननयोग्य उमेरका महिला (२० देखि ४४ वर्ष) | २५ | | | |
| बूढाबूढी (६० वर्षभन्दा बढी उमेरको सङ्ख्या) | ३० | | | |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६ | | | |
| १०-१९ वर्षका किशोर-किशोरीको सङ्ख्या | २० | | | |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) | ११ | | | |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३ | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५ | | | |
| गर्भवती महिलाको सङ्ख्या | २.३ | | | |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ०.४० | | | |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५ | | | |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको सङ्ख्या | ०.०३८ | | | |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५ | | | |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११ | | | |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३ | | | |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १ | | | |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३ | | | |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८ | | | |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२ | | | |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिको सङ्ख्या | १३ | | | |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १० | | | |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३ | | | |

## परिच्छेद - ३
## क्षेत्रगत अवधारणा तथा क्षेत्र निर्धारण

### ३.१ विषयगत क्षेत्रको अवधारणा

जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको प्रभावकारीताका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा विकास भएका विषयगत क्षेत्र (Cluster) को अवधारणालाई आधार मानेर कार्य विभाजन गरिएको छ । योजना तर्जुमा मार्गदर्शनलाई समेत आधार मानेर विषयगत क्षेत्रको पहिचान र नेतृत्व निर्धारण गरिएको छ ।

### ३.२ विषयगत क्षेत्रको परिचय :

विपद्बाट प्रभावित तथा पीडित मानिसलाई सरकार तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने मानवीय सहयोगलाई विशेषज्ञता तथा अनुभवका आधारमा परिचालन गरी प्रतिकार्यलाई प्रभावकारी र जवाफदेही बनाउन विषयगत क्षेत्रले काम गर्छन् । अतः विषयगत क्षेत्रको अवधारणालाई 'विपद्बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्यविभाजन भन्न सकिन्छ । विषयगत क्षेत्रका विशेषता निम्नबमोजिम रहेका छन् :

- प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग,
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारयुक्त, उत्तरदायी र जवाफदेही बनाउ सहयोग,
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार,
- प्रतिकार्यमा देखिएका कमीकमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकताअनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन ।

### ३.३ उद्देश्य

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नबमोजिम रहेका छन् :

- क्षेत्रगत रूपमा मानवीय सहयोगलाई समन्वयात्मक रूपमा प्रभावकारी बनाउनु,
- आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयनयोग्य बनाउनु,
- क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गरी समस्यको लेखाजोखा गर्दै समाधानका उपाय पत्ता लगाउनु ।

### ३.४ क्षेत्रगत अवधारणाको आवश्यकता तथा महत्व

- प्रतिकार्यका लागि विशेषज्ञता प्राप्त निकाय वा संस्थाको नेतृत्वमा कार्य विभाजन हुने भएकोले प्रत्येक क्षेत्रबाट उपलब्ध हुने आधारभूत आवश्यकताको वितरण प्रभावकारी भई सबै वर्गका प्रभावित समुदायको पहुँच कायम रहन्छ,
- प्रत्येक क्षेत्रमा सो क्षेत्रको विशेषज्ञता प्राप्त निकायले नेतृत्व गर्ने हुँदा विपद्-प्रतिकार्यका क्रममा विशेषज्ञको सेवा उपलब्ध हुन्छ,
- आपत्कालीन समयमा गर्नु पर्ने मानवीय सहयोगसम्बन्धी कार्यको लागि आवश्यक पूर्व तयारी गर्ने व्यवस्था भएकोले वस्तुको आपूर्ति, समन्वय, सूचना प्रवाह र सहयोगको वितरण प्रभावकारी हुन्छ,
- आपत्कालीन समयमा चाहिने सामग्रीको पूर्व बन्दोवस्त तथा भण्डारणको उचित व्यवस्था हुन्छ भने तत्कालै व्यवस्था गर्नु पर्ने अवस्था भएमा कार्य चुस्त र छिटो छरितो रूपमा हुन्छ,
- मानवीय सहयोगका सम्पूर्ण प्रक्रिया सहभागितात्मक विधिबाट गरिने भएकाले आन्तरिक विवाद र अन्य सबै प्रकारका कठिनाई तथा बाधा हट्छन्,
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग भई सबैमा जवाफदेहीताको विकास र उत्तरदायित्वबोध हुन्छ ।

### ३.५ विषयगत क्षेत्रको पहिचान र नेतृत्व

स्याङ्जा जिल्लाको यस जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा निम्नबमोजिम ८ वटा क्षेत्र र क्षेत्र प्रमुख निर्धारण गरिएको छ । क्षेत्रमा सहभागी सदस्यबाट अपेक्षित सहयोग प्राप्त हुनेछ र जिममेवारी सबैले समान रूपमा बहन गर्ने प्रत्याभूति गरिएको छः

| क्र.सं | क्षेत्रगत समिति (Clusters) | क्षेत्रगत कार्यसमूहको नेतृत्व (Cluster Leads) |
|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) | जिल्ला प्रशासन कार्यालय |
| २ | खोजतलास तथा उद्धार (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय |
| ३ | खाद्य तथा कृषि (Food and agriculture) | कृषि ज्ञान केन्द्र |
| ४ | आवास तथा गैरखाद्यसामग्री (Shelter/Non Food) | नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| | | भवन तथा शहरी विभाग डि.का.पोखरा |
| ५ | खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन (WASH) | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जा |
| ६ | स्वास्थ्य तथा पोषण (Health and Nutrition) | जिल्ला स्वास्थ्य कार्यालय |
| ७ | शिक्षा (Education) | शिक्षा विकास तथा स.ई. |
| ८ | संरक्षण (Protection) | जिल्ला प्रशासन कार्यालय |

## ३.६ क्षेत्रगत नेतृत्व तथा सदस्यको विवरण

जिल्ला विपद् व्यवस्थापन समिति स्याङ्जाद्वारा बाढी र पहिरो लगायतका विपद्हरुको सन्दर्भमा तर्जुमा भएको पूर्व तयारी तथा प्रतिकार्य योजना तथा पूर्व तयारी कार्ययोजनाको लागि निर्धारित क्षेत्रको नेतृत्व र सदस्य निम्नबमोजिम निर्धारण गरिएको छ :

## १.समन्वय तथा सूचना व्यवस्थापन र पूर्व चेतावनी प्रणाली

सूचना व्यवस्थापन तथा समन्वय क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण:

| क्र.सं. | कार्यालय | सम्पर्क व्यक्तिको नाम | टेलिफोन नं. | इमेल |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, स्याङ्जा | श्री राजु प्रसादपौडेल<br>प्रमुख जिल्ला अधिकारी | ९८५६०४७७७७ | syangjadao.42@gmail.com |
| २. | जिल्ला प्रशासन कार्यालय, स्याङ्जा | नमिता रेग्मी<br>स.प्र.जि.अ. | ९८५६०५२४४४ | |
| ३. | जिल्ला समन्वय समिति | श्री ऋषि आचार्य<br>जिल्ला समन्वय अधिकारी | ९८५६००९२२२<br>०६३ ४२०४५८ | |
| ४. | पुतलीबजार नगरपालिका स्याङ्जा | श्री रमेश घर्ती<br>प्रमुख प्रशासकिय अधिकृत | ९८५६०७५१११<br>०६३–४२०४०९ | |
| ५. | नेपाली सेना | श्रीअशोक कुमार मल्ल गुल्मपति | ०६३ ४२०५००<br>९८५११९२०६९ | |
| ६. | नेपाल प्रहरी स्याङ्जा | श्री राजिव बहादुर बस्नेत<br>प्रहरी उपरीक्षक. | ९८५६०७५५५५<br>०६३ ४२०२८४ | |
| ७. | सशस्त्र प्रहरी बल नेपाल वालिङ | श्री मोहन न्यौपाने<br>स.प्र.ना.उ. | ०६३ ४४०३८८<br>९८५१२५९९२८ | |
| ८. | स्वास्थ्य कार्यालय, स्याङ्जा | श्री बसुन्धरा शर्मा<br>जि.स्वा.प्र. | ९८५६०५१२३२<br>०६३ ४२०१८८ | |
| ९. | शिक्षा विकास तथा समन्वय इकाई | श्री गुरु प्रसाद पौडेल<br>शिक्षा बिकास तथा समन्वय इकाइ प्रमुख | ९८५६०५२४०५<br>०६३ ४२०४०५ | |
| १०. | कृषि ज्ञान केन्द्र स्याङ्जा | श्री विनोद हमाल<br>व.कृ.बि.अ. | ९८५६०२८४४४<br>०६३ ४२०१३० | |
| ११. | भे.अ. तथा पशु विज्ञ केन्द्र | श्री इन्द्र भट्ट<br>का.प्र. | ९८५६०६४१०८<br>०६३ ४२०१०८ | |
| १२. | खानेपानी तथा स. स. डि.कार्यालय | श्री हरि प्रसाद तिमिल्सिना<br>डि.प्र | ९८५६०६८११०<br>०६३ ४२०११० | |
| १३. | उद्योग बाणिज्य महासंघ | श्री रविन्द्र कुमार श्रेष्ठ | ९८५६०५०१५२ | |
| १४. | नेपाल रेडक्रस सोसाईटी | श्री दिनेश अर्याल<br>सभापती | ९८५६०३३७०६ | |
| १५. | नेपाल पत्रकार महासंघ | श्री श्रीकृष्ण सिग्देल<br>(अध्यक्ष) | ९८५६०२७३७० | |

| | | | | |
|---|---|---|---|---|
| १६. | नेपाल कम्युनिष्ट पार्टी (नेकपा एमाले) | सुर्य प्रसाद गैरे (पारस) अध्यक्ष | ९८५६०३०९३९ | |
| १७. | नेपाली कांग्रेस | श्री राजु थापा सभापती | ९८५६०५०९०३ | |
| १८. | ने.क.पा. माओवादी केन्द्र | श्री शैलेन्द्र घिमिरे अध्यक्ष | ९८५६०५०१५३ | |
| १९. | जनता समाजबादी फोरम | श्री हेमन्त थापा | ९८५६०३६२०७ | |
| २०. | एकीकृत समाजवादी | श्री रामचन्द्र भट्टराई | ९८४१८८९५८२ | |

## २. नव निर्वाचित जि.स.स,गा.पा. र न.पा., का प्रमुख तथा उपप्रमुखको नाम र सम्पर्क नम्वर निम्नानुसार रहेको छ

| क.सं. | गाउँपालिका/नगरपालिकाको नाम | पद | प्रमुख पदाधिकारीको विवरण | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति स्याङ्गजा | प्रमुख | श्री श्रीप्रकाश जि.टी. | ९८६६००५९६१ |
| | | उप प्रमुख | श्री खड्कराज सुवेदी | ९८५६०३९४८९ |
| | | समन्वय अधिकारी | श्री ऋषि आचार्य | ९८५६००९२२२ |
| २ | पुतलीबजार नगरपालिका putalibazarmun@gmail.com | प्रमुख | श्री तुलसीराम रेग्मी | ९८५६०५०९८७ |
| | | उपप्रमुख | श्री देवी अर्याल | ९८५६०५०२१५ |
| | | प्र.प्र. अधिकृत | श्री रमेश घर्ती | ९८५६०७५१११ |
| ३ | भिरकोट नगरपालिका info@bheerkotmun.gov.np | प्रमुख | श्री गोविन्द कुमार कर्माचार्य | ९८५६०५५५१४ |
| | | उपप्रमुख | श्री भगवती रेग्मी अर्याल | ९८५६०५५५१३ |
| | | प्र.प्र. अधिकृत | श्री खुमलाल भुसाल | ९८५६०७९१११ |
| ४ | वालिङ नगरपालिका info@walingmun.gov.np | प्रमुख | श्री कृष्ण खाँण | ९८५६०१३००१ |
| | | उपप्रमुख | श्री कविता गैरे | ९८५६०१३००२ |
| | | प्र.प्र. अधिकृत | राजन भट्टराई | ९८५६०७४१११ |
| ५ | चापाकोट नगरपालिका chapakotmun@gmail.com | प्रमुख | श्री देव बहादुर खाँण | ९८५६०३१११४ |
| | | उपप्रमुख | श्री इशा राना | ९८४६५७९६५० |
| | | प्र.प्र. अधिकृत | श्री दामोदर शर्मा | ९८५६०७८१११ |
| ६ | गल्याङ नगरपालिका galyangmun123@gmail.com | प्रमुख | श्री गुरु प्रसाद भट्टराई | ९८५६०२८६५७ |
| | | उपप्रमुख | श्री हेमा न्यौपाने तिमिल्सिना | ९८५६०५९८६६ |
| | | प्र.प्र. अधिकृत | श्री लेखनाथ न्यौपाने | ९८५६०१६१२९ |
| ७ | विरुवा गाउँपालिका biruwaruralmun@gmail.com | अध्यक्ष | श्री सुर्य बहादुर कुवँर | ९८५६०६७५५५ |
| | | उपाध्यक्ष | श्री भगवती शर्मा | ९८५६०६७५६५ |
| | | प्र.प्र. अधिकृत | श्री अनन्तराज न्यौपाने | ९८५६०५२११२ |
| ८ | आँधीखोला गाउँपालिका andhikholrm@gmail.com | अध्यक्ष | श्री विश्वनाथ पौडेल | ९८५६०५०१८० |
| | | उपाध्यक्ष | श्री सिता थापा | ९८४६१७१४७० |
| | | प्र.प्र. अधिकृत | श्री युवराज अधिकारी | ९८५६००५६०९ |
| ९ | फेदीखोला गाउँपालिका phedikhola174@gmail.com | अध्यक्ष | श्री धनश्याम सुवेदी | ९८५६०६६६०१ |
| | | उपाध्यक्ष | श्री देउ कुमारी गुरुङ | ९८५६०६६६०२ |
| | | प्र.प्र. अधिकृत | श्री चिरन्जीवी बराल | ९८५६०६६६०३ |

| | | | | |
|---|---|---|---|---|
| १० | अर्जुनचौपारी गाउँपालिका arjunchaupari11@gmail.com | अध्यक्ष | श्री प्रकाश तिवारी | ९८५११८९२९९ |
| | | उपाध्यक्ष | श्री सपना गुरुङ् | ९८४६१६०६०५ |
| | | प्र.प्र. अधिकृत | श्री उज्वल बहादुर बस्नेत | ९८५६०५२७८० |
| ११ | कालीगण्डकी गाउँपालिका kaligandakiruralmunicipality@gmail.com | अध्यक्ष | श्री खिम बहादुर थापा | ९८५६००००७१ |
| | | उपाध्यक्ष | श्री सावित्रा कोइराला | ९८५६००००७२ |
| | | प्र.प्र. अधिकृत | श्री टंकराज पाण्डे | ९८५६००००७० |
| १२ | हरिनास गाउँपालिका harinasruralmunicipality@gmail.com | अध्यक्ष | श्री खिमनारायण मानन्धर | ९८५६०३६४६८ |
| | | उपाध्यक्ष | श्री इन्द्र कुमारी थापा राना | ९८०५८३३१३३ |
| | | प्र.प्र. अधिकृत | श्री पर्शुराम पोखरेल | ९८५६०५०३४४ |

**२. खोज तथा उद्धार क्षेत्र**

खोज तथा उद्धार क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण:

| | | | |
|---|---|---|---|
| १. | नेपाली सेना समरजित गुल्म स्याङ्जा | गुल्मपति श्रीअशोक कुमार मल्ल | ९८५५०४५९५५ |
| २. | जिल्ला प्रहरी कार्यालय स्याङ्जा | प्र.उ.श्री राजिव बहादुर बस्नेत | ९८५६०७५५५५<br>०६३ ४२०२८४ |
| ३. | सशस्त्र प्रहरी बल नेपाल वालिङ | स.प्र.ना.उ.श्री मोहन न्यौपाने | ०६३ ४४०३८८<br>९८५१२५९९२८ |
| ४. | नेपाल रेडक्रस सोसाईटी स्याङ्जा | सभापति श्री दिनेश अर्याल | ९८५६०३३७०६ |

**३. खाद्य तथा कृषि**

खाद्य सामग्री क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण निम्नबमोजिम रहेको छ :

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | फोन | इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय स्याङ्जा | श्री राजु प्रसाद पौडेल<br>प्रमुख जिल्ला अधिकारी | ९८५६०४७७७७<br>०६३ ४२०१३३ | syangjadao.42@gmail.com |
| २ | जिल्ला समन्वय समिति स्याङ्जा | श्री ऋषि आचार्य<br>जिल्ला समन्वय अधिकारी | ९८५६००९२२२<br>०६३ ४२०४५८ | |
| ३ | कृषि ज्ञान केन्द्र स्याङ्जा | श्री विनोद हमाल<br>व.कृ.बि.अ. | ९८५६०२८४४४<br>०६३ ४२०१३० | |
| ४ | भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र स्याङ्जा | श्री इन्द्र भट्ट<br>का.प्र. | ९८५६०६४१०८<br>०६३ ४२०१०८ | |
| ५ | पुतलीबजार नगरपालिका स्याङ्जा | श्री रमेश घर्ती<br>प्र.प्र. अधिकृत | ९८५६०७५१११<br>०६३ ४२०४०९ | |
| ६ | उद्योग बाणिज्य संघ स्याङ्जा | श्री रविन्द्र कुमार श्रेष्ठ<br>अध्यक्ष | ९८५६०५०१५२ | |
| ७ | नेपाल रेडक्रस सोसाईटी | श्री दिनेश अर्याल<br>सभापति | ९८५६०३३७०६ | |

### ४. आवास तथा गैरखाद्य सामग्री र शिविर व्यवस्थापन

आवास तथा गैर खाद्यसामग्री क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण:

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्तिको नाम | फोन | इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय स्याङ्जा | प्र.जि.अ.<br>श्री राजु प्रसाद पौडेल | ९८५६०४७७७७ | |
| २ | रेडक्रस सोसाइटी स्याङजा | श्री दिनेश अर्याल | ९८४६९१०३३६ | |
| ३ | जिल्ला समन्वय समिति | श्री ऋषि आचार्य<br>जिल्ला समन्वय अधिकारी | ९८५६००९२२२<br>०६३ ४२०४५८ | |
| ४ | पुतली बजार नगरपालिका | श्री रमेश घर्ती | ९८५६०७५१११<br>०६३ ४२०४०९ | |
| ५ | उद्योग बाणिज्य संघ | श्री रविन्द्र कुमार श्रेष्ठ<br>अध्यक्ष | ९८५६०५०१५२ | |
| ६ | डिभिजन वन कार्यालय स्याङ्जा | श्री तोयनाथ पौडेल<br>डि.वन कार्यालय स्याङ्जा | ९८५६०५३१३५<br>०६३ ४२०१३५ | |
| ७ | शिक्षा बिकास तथा समन्वय इकाइ | श्री गुरु प्रसाद पौडेल<br>इकाइ प्रमुख | ९८५६०५२४०५<br>०६३ ४२०४०५ | |

### ५. खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन

खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण:

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | फोन | इमेल |
|---|---|---|---|---|
| १. | जिल्ला खानेपानी तथा सरसफाई डि कार्यालय | श्री हरि प्रसाद तिमिल्सिना<br>डि.प्र | ९८५६०६८११०<br>०६३ ४२०११० | |
| २. | जिल्ला समन्वय समिति | श्री ऋषि आचार्य<br>जिल्ला समन्वय अधिकारी | ९८५६००९२२२<br>०६३ ४२०४५८ | |
| ३. | रेडक्रस सोसाइटी स्याङजा | श्री दिनेश अर्याल<br>सभापति | ९८५६०३३७०६ | |
| ४. | वालिङ नगरपालिका | श्री राजन भट्टराई<br>प्रमुख प्रशासकिय अधिकृत | ९८५६०७४१११<br>०६३ ४४०१७७ | |

### ६.स्वास्थ्य, पोषण

स्वास्थ्य तथा पोषण क्षेत्रका सम्पर्क कार्यालय र व्यक्तिको विवरण निम्नबमोजिम रहेको छ ।

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | फोन | इमेल |
|---|---|---|---|---|
| १. | स्वास्थ्य कार्यालय स्याङ्जा | श्री बसुन्धरा शर्मा | ९८५६०५२६७८<br>०६३ ४२०१८८ | |
| २. | भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र | श्री इन्द्र भट्ट<br>का.प्र. | ९८५६०६४१०८<br>०६३ ४२०१०८ | |
| ३. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | श्री देवेन्द्र आचार्य | ९८५६०३५६२०<br>०६३ ४२०२७२ | |
| ४. | जिल्ला अस्पताल स्याङ्जा | डा. रमेश आचार्य | ९८५६०५३२३९ | |

## ७. आपत्कालीन शिक्षा

आपत्कालीन शिक्षा क्षेत्रको सम्पर्क कार्यालय र व्यक्तिको विवरण निम्नबमोजिम रहेको छ :

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | फोन | इमेल |
|---|---|---|---|---|
| १. | शिक्षा विकास तथा समन्वय ईकाई | श्री गुरु प्रसाद पौडेल | ९८५६०५२४०५ | |
| २. | शिक्षक महासंघ | श्री पशुपति पाण्डे अध्यक्ष | | |
| ३. | रेडक्रस | श्री दिनेश अर्याल | ९८५६०३३७०६ | |

## ८. आपत्कालीन संरक्षण

आपत्कालीन संरक्षण क्षेत्रको सम्पर्क कार्यालय र व्यक्तिको विवरण निम्नबमोजिम रहेको छ :

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | फोन | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइ | श्री गुरु प्रसाद पौडेल इकाइ प्रमुख | ९८५६०५२४०५<br>०६३ ४२०४०५ | |
| २ | जिल्ला प्रहरी कार्यालय स्याङ्जा | प्रहरी उपरीक्षक श्री राजिव बहादुर बस्नेत | ९८५६०७५५५५<br>०६३ ४२०२८४ | |
| ३ | रेडक्रस | सभापति श्री दिनेश अर्याल | ९८५६०३३७०६ | |

## ९.जिल्लास्थित सरकारी कार्यालय एवं संस्थानहरुका कार्यालय प्रमुखहरुको नामथर, दर्जा र सम्पर्क नम्बर

| क्र.स | कार्यालयकोनाम | कार्यालयप्रमुखको नाम | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | अदालत स्याङ्जा | मा .न्या.जि.श्री वसन्तराज पौडैल | 9841611877 | dcourtsyangja@gmail.com |
| २ | जिल्ला प्रशासन कार्यलय | श्री राजु प्रसाद पौडेल | 9856047777 | syangjadao.42@gmail.com |
| ३ | जिल्ला प्रहरीकार्यालय | श्री राजिव बहादुर बस्नेत | 9856075555 | dposyangja@gmail.com |
| ४ | जिल्ला प्रहरी कार्यालय | श्री रविन्द्र खनाल | 985600024 4 | |
| ५ | जिल्ला समन्वय समितिकोकार्यालय | श्री ऋषिराम आचार्य | 9856009222 | ddcsyangja@gmail.com |
| ६ | राष्ट्रिय अनुसन्धानजिल्ला कार्यालय | श्री वीरेन्द्रसिह कार्की | 9856053141 | nidosyangja@gmail.com |
| ७ | समरजीत गुल्म आधीखोलाव्यारेक | श्री अशोक कुमार मल्ल | 9851192069 | coy-samarjit@nepalarmy.mil.np |
| ८ | अर्जुनचौपारी गाउँपालिका | श्री उज्वलबहादुर बस्नेत | 9856052780 | arjuanchaupari11@gmail.com |
| ९ | अस्पताल स्याङ्जा | डारमेशआचार्य. | 9856053239 | dhsyangja@gmail.com |
| १० | आँधीखोला गाउँपालिका | श्री युवराजअधिकारी | 9856005609 | andhikholarm@gmail.com |
| ११ | आयुर्वेद कार्यालय | श्री देवेन्द्रआचार्य | 9856035620 | dahcsyan@gmail.com |
| १२ | इलाका प्रशासन कार्यलय वालिङ | श्री घनश्यामगौतम | 9856054345 | aaowaling95@gmail.com |
| १३ | करदाता सेवा कार्यालय स्याङ्जा | श्री शोभाकान्तपंगेनी | 9856050094 | tso-putalibazar@ird.gov.np |
| १४ | कारागार कार्यालय | श्री चुडामणीभण्डारी | 9856088777 | syangja.it@dopm.gov.np |
| १५ | कालीगण्डकी गाउँपालिका | श्री टंकराजपाण्डे | 9856000070 | kaligandakiruralmunicipality@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १६ | कालीगण्डकी जलविद्युत बेल्टारी | श्री राजेशपाण्डे | 9851183437 | - |
| १७ | कृषि ज्ञान केन्द्र | श्री विनोद हमाल | 9856055276 | akcsyangja@gmail.com |
| १८ | कृषि विकासबैक स्याङ्जा | श्री विजयश्रेष्ठ | 9841350227 | syangja.banking@adbl.gov.np |
| १९ | कृषि विकासस्रोत केन्द्र | श्री सुदिपरेग्मी | 9856080103 | adrcsyangja@gmail.com |
| २० | कृषि सामग्री कस्याङ्जा .लि. | श्री विश्वेश्वरगिरी | 9856043543 | syangja@kscl.gov.np |
| २१ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री इन्द्रप्रसाद पौडेल | 9856053140 | dtcosyangja@gmail.com/ krgre2021@gmail.com |
| २२ | खाद्यप्रविधि तथा गुण नियन्त्रण डिपोखरा.का. | श्री शिवजी बराल | 9856050424 | - |
| २३ | खानेपानी तथा सरसफाई डिकार्यालय. | श्री हरि प्रसादतिमिल्सिना | 9856069110 | wss.syangja@gmail.com |
| २४ | गल्याङ नगरपालिका | श्री लेखनाथन्यौपाने | 9856016129 | info@galyangmun.gov.np |
| २५ | घरेलु तथा साना उद्योग कार्यालय | श्री श्रीप्रकाशरेग्मी | 9856050102 | gharelusyangja@gmail.com |
| २६ | चापाकोट नगरपालिका | श्री दामोदरशर्मा | 9856078111 | chapakotmum@gmail.com |
| २७ | जलश्रोत तथा सिंचाइ डिकार्यालय. | श्री हरिदत्तपौडेल | 9856054175 | widdno2@gmail.com |
| २८ | जिल्लाआयोजना कार्यान्वयन इकाई भवन तथा आवास | श्री संजयपाण्डे | | nradlpiusyz@gmail.com |
| २९ | जिल्ला निर्वाचन कार्यालय | श्री गुरुप्रसाद मरासिनी | 9846039476 | ecdeosyangja@gmail.com |
| ३० | जिल्ला हुलाक कार्यालय | श्री कृष्णप्रसाद तिमिल्सेना | 9856053103 | syangjapostoffice@gmail.com |
| ३१ | ट्रफिककार्यालय स्याङ्जा | श्री मिनबहादुरकुँवर | 9856090473 | dtpo.syangja@gmail.com |
| ३२ | डिभिजन वन कार्यालय | श्री तोयनाथपौडेल | 9856053135 | dfosyangja@gmail.com |
| ३३ | तथ्याङ्क कार्यालय स्याङ्जा | श्री शारदाशर्मा | 9851177090 | sosyangja@gmail.com |
| ३४ | दुर सञ्चार कार्यालय स्याङ्जा | श्री विकासकुमार श्रेष्ठ | 9856029555 | biksshk.shrestha@ntc.net.np |
| ३५ | नापी कार्यालय वालिङ | श्री गगन ढकाल | 9856055703 | waling@dos.gov.np |
| ३६ | नापी कार्यालय स्याङ्जा | श्री निसानगुरुङ | 9856053212 | surveyofficesyangja@gmail.com |
| ३७ | नेस्याङ्जा.लि.वै. | श्री विष्णुखनाल | 9856027311 | syg@nepalbank.com.np |
| ३८ | नेपालविद्युत प्राधिकरण वितरण केन्द्र स्याङजा | श्री प्रतापबराल | 9856054811 | syangja@nea.org.np |
| ३९ | पुतलीबजार नगरपालिका | श्री रमेश घर्ती | 9856075111 | info@putalibazarmun.gov.np |

| | | | | |
|---|---|---|---|---|
| ४० | पूर्वाधार विकास कार्यालय, स्याङ्जा शाखा | श्री सन्तोषअर्याल | 9856001352 | idosyangja@gmail.com |
| ४१ | प्रकार्यान्वयन इकाई .प.आ.कृ. | श्री माधवलम्साल | 9856050008 | pmamp.piu.syangja@gmail.com |
| ४२ | फेदीखोला गाउँपालिका | श्री चिरन्जिवीवराल | 9856066603 | phedikhola174@gmail.com |
| ४३ | भीरकोट नगरपालिका | श्री खुमलालभुषाल | 9856079111 | info@bheerkotmun.gov.np |
| ४४ | भेटेरिनरी तथा पशू विज्ञ केन्द्र | डाइन्द्रभट्ट. | 9856064108 | vhl.syangja@gmail.com |
| ४५ | मत्स्यविकास केन्द्र मिर्मी | श्री रविन्सनअधिकारी | 9856051006 | cfdcmirmi@gmail.com |
| ४६ | मालपोत कार्यालय वालिङ | श्री रविनअधिकारी | 9856054702 | waling@dolma.gov.np |
| ४७ | मालपोत कार्यालय स्याङ्जा | श्री शोभाकान्तपौडेल | 9856050131 | syangjamalpot@gmail.com |
| ४८ | राष्ट्रियवाणिज्य बैक स्याङ्जा | श्री प्रकाशगैह्रे | 9856050287 | syangjabazar@rbb.com.np |
| ४९ | वालिङ नगरपालिका | श्री राजनभट्टराई | 9856074111 | walingmun@gmail.com |
| ५० | विरुवा गाउँपालिका | श्री अनन्तराजन्यौपाने | 9856052112 | biruwaruralmun@gmail.com |
| ५१ | शिक्षा विकास तथा समन्वय इकाइ | श्री गुरुप्रसाद पौडेल | 9856052405 | deosyangja@gmail.com |
| ५२ | सडक डिभिजन कार्यालय पोखरा | | | - |
| ५३ | सरकारी वकिल कार्यालय | श्री रामप्रसादअधिकारी | 9856052301 | dattosyangja@gmail.com |
| ५४ | सशस्त्र प्रहरी बल ३० नं गुल्म | श्री मोहनन्यौपाने | 9851272517 | apfsyangja.coy@gmail.com |
| ५५ | सामाजिकविकास कार्यालय, स्याङ्जा | श्री इश्वरीप्रसाद रेग्मी | 9856050259 | sdosyangja@gmail.com |
| ५६ | स्वास्थ्य कार्यालय | श्री बसुन्धराशर्मा | 9856051232 | syangjadho@gmail.com |
| ५७ | हरिनास गाउँपालिका | श्री पर्शुरामपोखरेल | 9856050344 | harinasruralmunicipality@gmail.com |

## परिच्छेद- ४
## जिल्ला विपद् व्यवस्थापन समितिको बार्षिक विपद् पूर्व तयारी कार्यतालिका

जिल्लामा हुनसक्ने विपद्को सम्भावित समयका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले नियमित रूपमा निम्नबमोजिम कार्यतालिकामा आधारित रहेर कार्य गर्नेछ :

| क स | पूर्व तयारी सम्बन्धी गतिविधी | जिम्मेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | विपद् पूर्व तयारी तथा प्रतिकार्यसम्बन्धी बैठकहरू आयोजना गर्ने :<br>● बाढी र पहिरोबाट सङ्कटासन्न पालिका, वडा, समुदाय र जनसङ्ख्याको पहिचान गर्ने,<br>● अघिल्लो वर्ष नै पहिचान भएको भए त्यसको पुनरावलोकन गर्ने,<br>● आपत्कालीन आश्रयस्थलको पहिचान गरी सूची तयार गर्ने,<br>● खाने पानी, ढल निकास वा सरसफाइको क्षेत्र र समस्या पहिचान गरी सुधार गर्ने विधि पहिचान वा अध्यावधिक गर्ने,<br>● जिल्लामा बिपद ब्यबस्थापनका क्षेत्रमाकार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायको सूची तयार वा अध्यावधिक गर्ने<br>● विपद्मा आवश्यक पर्ने स्रोत तथा साधन र प्राप्त हुने क्षेत्रको सूची बनाउने<br>● विभिन्न निकायहरुसँग भएको स्रोतको सूचीकरण गर्ने । | प्र.जि.अ., | जि.वि.व्य.स., जि.स.स., सरकारी तथा गैरसरकारी निकाय, खा.पा.डि.का., स्वा.का., ने.रे.सो., उद्योग वाणिज्य सङ्घ, स्थानीय क्लव, गा.पा., न.पा.<br><br>पूर्व तयारी तथा प्रतिकार्य योजनाको लागि निर्धारित क्षेत्रअन्तर्गतका कार्य क्षेत्रले गरी जि.वि.व्य.स.को बैठकमा पेस गरी छलफल गर्ने | **भूकम्पको लागि**<br>समय समयमा छलफल तयारी अवस्थाबारे पुनरावलोकन गर्ने<br><br>**बाढी र पहिरोको लागि**<br>प्रत्येक वर्ष वैशाखको पहिलो सातादेखि कार्य गर्ने<br><br>**आगलागीको लागि**<br>प्रत्येक वर्ष मङ्सिरको पहिलो साता<br><br>अन्य विषयमा आवश्यकता अनुसार बैठक बस्ने |
| २ | अन्तिम पूर्व तयारी बैठक गर्ने | प्र.जि.अ. | जि.वि.व्य.स.का पदाधिकारी तथा सदस्य, ने.रे.सो. | |
| ३ | मनसुन पूर्व विपद् पूर्व तयारी कार्यशालाको आयोजना गरी माथिबुदा नं. १ मा उल्लेख भएका तयारीबारे छलफल र परामर्श गरी अन्तिम रूप दिने | प्र.जि.अ | जि.वि.व्य.स.का सदस्य, जि.स.स., अ/गै.स.स., ने.रे.सो., राजनीतिक दलका प्रतिनिधि | |
| ४ | विपद्सम्बन्धी सूचना प्रवाहको लागि जि.स.स.को सूचना केन्द्रको सुधार गर्ने र अघिल्लो वर्षको सुधारमा देखिएका कमजोरीमा सुधार गर्ने | जि.स.स. | जि.वि.व्य.स., का.स., पत्रकार महासङ्घ, ने.रे.सो. | |
| ५ | सङ्कटासन्न गा.पा., न.पा., वडा तथा समुदायको सूचना प्राप्त गर्ने सञ्जाल तयार गरी सम्पर्क व्यक्ति तोक्ने | जि.स.स. | जि.वि.व्य.स., गा.पा. | |
| ६ | सङ्कटासन्न गा.पा., न.पा., वडा र समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको सञ्जाल तयार गरी निम्न साधनको व्यवस्था मिलाउने<br>(साइरन, एफएम रेडियो, माइकिङ, सिट्ठी र ढोल, दमाहाजस्ता स्थानीय साधनको व्यवस्था गर्ने) | जि.स.स., गा.पा., न.पा. | जि.वि.व्य.स., का.स., प्रहरी, ने.से.,स.प्र.बल, ने.रे.सो.,उ.वा.सङ्घ | |
| ७ | बाढी र पहिरोबाट बच्न अपनाउनु पर्ने विधिबारे जनचेतना अभिवृद्धि गर्ने सामग्री सङ्कलन र वितरण तथा स्वयंसेवक परिचालन गर्ने | जि.स.स., गा.पा., न.पा. | का.स., जि.वि.व्य.स., अ/गै.स.स. | |
| ८ | जि.स.स. र गा.पा., न.पा.स्तरमा आपत्कालीन कोषको व्यवस्था गर्ने र भएका कोषको पुनरावलोकन गरी यथेष्टमात्रामा जगेडा हुने सुनिश्चितता गर्ने | जि.स.स.र गा.पा., न.पा. | जि.वि.व्य.स., चेम्वर अफ कमर्स, उद्योग वाणिज्य सङ्घ, ने.रे.सो., नागरिक समाज, अ/गै.स.स. | |
| ९ | क्षेत्रगत रूपमा भएका कार्यविभाजन अनुरूप काम भए नभएको अनुगमन गर्ने, | प्र.जि.अ. | जि.स.स. र राजनीतिक दलका प्रतिनिधी | |
| १० | जनशक्ति व्यवस्थापन : | जि.वि.व्य. | जि.वि.व्य.स., प्रहरी, | |

| | | | | |
|---|---|---|---|---|
| | ● स्थानीय उद्धारकर्मीको सूची<br>● प्राथमिक उपचारकर्मीको सूची र तालिम<br>● स्वयंसेवकको पहिचान तथा सूचीकरण<br>● नेपाली सेना, प्रहरी, स.प्र.बलसँग भएको उद्धारकर्मीको सूची र पुनरावलोकन | स.र क्षेत्र | नेपाली सेना.,स.प्र.बल, उद्योग वाणिज्य सङ्घ, ने.रे.सो., नागरिक समाज, अ/गै.स.स. | |
| ११ | मनवसंसाधन तालिम<br>● स्थानीय उद्धार कर्मी<br>● प्राथमिक उपचार | उद्धार क्षेत्र र स्वास्थ्य क्षेत्र | जि.वि.व्य.स., प्रहरी, ने.सेना,स.प्र.बल, ने.रे.सो., अ/गै.स.स. | |
| १२ | विपद् प्रभावित क्षेत्रको सुरक्षा र विपद्पीडितको सुरक्षा र संरक्षणका लागि खोज तथा उद्धार क्षेत्र र संरक्षण क्षेत्रले गरेका पूर्वतयारीको अनुगमन गरी पृष्ठपोषण दिने | प्र.जि.अ | जि.वि.व्य.स., क्षेत्रगत प्रमुख र सदस्य | |
| १३ | प्रक्षेपित खाद्यान्नको उपलब्धता र भण्डारणको निरीक्षण गरी पर्याप्तता सुनिश्चित गर्ने | प्र.जि.अ., जि.स.स गा.पा. | जि.वि.व्य.स.का सदस्य, जि.स.स., राजनीतिक दलका प्रतिनिधी, ने.रे.सो.,उ.वा.सङ्घ, | |
| १४ | खाद्य क्षेत्रबाट भएका कार्यको अनुगमन गरी पृष्ठपोषण दिने | प्र.जि.अ. | जि.स.अ., राजनैतिक दल, स्थानीय तह | |
| १५ | बाढी र पहिरोको जोखिममा रहेका गा.पा., न.पा., वडा तथा समुदायमा जोखिम न्यूनीकरण कार्य गर्न, तटबन्ध निर्माण गर्न जिल्ला भूसंरक्षण कार्यालय, जलउत्पन्न प्रकोप नियन्त्रण विभागसँग समन्वय गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको पहल गर्ने | सिंचाई डिभिजन | जि.स.स., गा.पा., न.पा. जि.वि.व्य.स. | |
| १६ | जोखिममा रहेका गा.पा., न.पा., वडा र समुदायसम्म पुग्न सक्ने वैकल्पिक मार्गको पहिचान गरी सबै क्षेत्रलाई जानकारी दिने | प्र.जि.अ., जि.स.अ. | सुरक्षा निकाय, ने.रे.सो., स्थानीय तह. | |
| १७ | विपद् परेको समयमा गर्नु पर्ने कार्य र मानवीय सहयोग परिचालनको लागि केन्द्रीय विपद व्यवस्थापनसमितिले गर्ने निर्णय र निर्देशन अध्यावधिक गर्ने र सोको जानकारी सबै सरोकारवाला तथा क्षेत्रहरूलाई उपलब्ध गराउने | प्र.जि.अ. | जि.स.अ., राजनीतिक दलका प्रतिनिधि, ने.रे.सो., | |
| १८ | जिल्लामा उपलब्ध औषधी, पोषणयुक्त खाद्यान्न, र आवास तथा गैरखाद्य सामग्रीको पर्याप्त व्यवस्था र मौज्दातको प्रत्याभूति गर्ने | प्र.जि.अ. | स्वा.का., ने.रे.सो.,उ.वा.सङ्घ | |
| १९ | विपद् परेमा बहुक्षेत्र, द्रूत लेखाजोखाको लागि कार्यदल गठन गरी आधारभूत तालिम दिने । | प्र.जि.अ. | जि.वि.व्य.स., अ/गै.स.स. | |
| २० | पूर्व तयारी कार्यको प्रतिवेदन तयार गरी कार्य समिति र सरोकारवाला निकायमा पठाउने र विपद्को समयमा प्रतिवेदन तयारीका लागि व्यक्ति तोक्ने | प्र.जि.अ. | जि.वि.व्य.स., जि.स.स., अ/गै.स.स. | |

# परिच्छेद- ५
# पूर्व तयारी तथा प्रतिकार्य योजना

## बाढी तथा पहिरकोको सन्दर्भ

यस जिल्लामा भएका दर्जनौं नदीका कारण स्याङ्जा जिल्ला बाढीजन्य विपद्का कारण निकै जोखिममा रहेको छ । विगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा पर्न सक्ने बाढीजन्य विपद्को समयमा पीडित तथा प्रभावित समुदायलाई मानवीय सहयोग उपलब्ध गराउने उद्येश्यले क्षेत्रगत(Cluster)अवधारणाअनुरूप यस योजनामा कार्य विभाजन गरिएको छ ।

## ५.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र

विपद् प्रतिकार्यका लागि समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । पीडित तथा प्रभावित सुमदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नु पर्छ ।

### ५.१.१ बाढी पछिको सम्भावित परिदृश्य

- बाढीको उच्च र मध्यम सङ्कटासन्नता पालिकाहरुमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- प्रक्षेपित ४२२ घरपरिवारका १७८८ मानिस प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- सडक, बाटो, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर र दुर्गम क्षेत्रका कारण प्रभावित क्षेत्रमा पहुँचको कठिनाइ हुने,
- आवास तथा व्यक्तिगत सम्पत्तिस्थायीअस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने,

उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

### ५.१.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा समन्वय तथा सूचना व्यवस्थापनका लागि माग बमोजिमको स्रोत साधन सम्बन्धित निकायबाट प्राप्त हुनेछ।

### ५.१.३ क्षेत्रगत उद्देश्य

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रगत अवधारणको प्रमुख उद्देश्य हुनेछ भने यसका विस्तृत उद्देश्यहरु देहाय बमोजिम छन्

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु,
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multi-Cluster Initial Rapid Assessement- MIRA)" गर्न आवश्यक समन्वय गर्नु र कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु,
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु,
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु,
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

### ५.१.४पूर्व तयारी तथा प्रतिकार्य योजना

बाढी आएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा समन्वय तथा सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ ।

| क.स | सहयोग गतिविधि | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | कहिलेसम्म |
|---|---|---|---|---|
| १ | **जिल्ला विपद व्यवस्थापनसमितिको समन्वय बैठक आयोजना गर्ने**<br>• जानकारीको सङ्कलन तथा परिस्थितिलाई विश्लेषण गर्ने,<br>• छलफल गरी जिम्मेवारीको बाँडफाँड गर्ने,<br>• बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यक्रम संचालन गर्न सबै क्षेत्र (Cluster) लाई सक्रिय गर्ने । | क्षेत्र प्रमुख | जिल्ला प्रशासन कार्यालय<br>जि.स.स., सम्बन्धित क्षेत्रका गा.पा., न.पा. | १. बाढीसुरु भएको २४ घण्टाभित्र<br>२. पहिलो सात दिनसम्म प्रतिदिन<br>३. दोस्रो हप्तापछि हप्तामा एक एक दिन विराएर |
| २ | नेपाल रेडक्रस सोसाइटीको द्रूत लेखाजोखासम्बन्धी (Rapid assessment tool)को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकाय<br>ने.रे.सो.<br>सञ्चारमाध्यम | २४ घण्टाभित्र |
| ३ | तत्काल खोज, उद्धार र राहत कार्यक्रम सञ्चालन गर्ने । | क्षेत्र प्रमुख | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकाय | २४ घण्टाभित्र |
| ४ | सुरक्षित स्थानमा बसेका बाढी पीडितहरूका लागि आवश्यक खाद्य तथा अन्य सामग्री उपलब्ध भएको/नभएको जानकारी लिने । | क्षेत्र प्रमुख | जिल्ला विपद् व्यवस्थापन समिति | पहिलो बैठकपछि |
| ५ | सञ्चारमाध्यमका लागि प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख | पहिलो साता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| ६ | **बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा सञ्चालन गर्ने**<br>• मिरा (MIRA) कार्यदल परिचालन गरी बाढीबाट भएको क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>• मीरा (MIRA) का लागि फाराम उपलब्ध गराउने | क्षेत्र प्रमुख | सम्बन्धित क्षेत्रका सदस्य,<br>ने.रे.सो. | ३ देखि ५ दिनभित्र |
| ७ | सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>• आधार रेखा (Base Line)का तथ्याङ्कको समीक्षा गर्ने<br>• प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित गा.पा., न.पा.सँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्यसम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>• नपुग स्रोत तथा साधनको यकिन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | क्षेत्र प्रमुख | मीरा कार्यदल,<br>सुरक्षा निकाय<br>दातृ निकाय<br>अ/गै.स.स.,<br>ने.रे.सो.<br>नेपाल सरकार | • पहिलो प्रतिवेदन- ७ दिनभित्र<br>• दोस्रो प्रतिवेदन- १५ दिनभित्र<br>• आवश्यकताअनुसार अध्यावधिक गर्ने |
| ८ | तयार प्रतिवेदन जि.वि.व्य.स., अन्य क्षेत्र, नेपाल सरकार र अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

| | | | | |
|---|---|---|---|---|
| ९ | प्रारम्भिक जानकारी तथा प्रतिवेदनका आधारमा आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया गर्ने :<br>क. तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता निर्धारण गर्ने,<br>ख. प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters)लाई सल्लाह र सुझाव दिने ।<br>ग. बाढी आउनासाथ उपकरणसहित खोज तथा उद्धार कार्यदल परिचालन गराउने<br>घ. सुरक्षा क्षेत्रसँग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा सदस्य | बाढी आउनासाथ<br>*(० (शून्य) घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने काम गर्ने)* |
| १० | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्ने:<br>• मीरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>• क्षेत्रगत समूह को लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• क्षेत्रका सदस्य, जिल्ला विपद व्यवस्थापनसमिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | क्षेत्र प्रमुख<br>क्षेत्रका तोकिएका सदस्य | जि.स.स.<br>ने.रे.सो.<br>अ/गै.स.स.<br>दातृ निकाय | ५-७ दिनभित्र<br>७ दिनभित्र<br>७ दिनभित्र |
| ११ | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | जि.स.स.<br>क्षेत्रका अगुवाहरू | ७ दिनभित्र |
| १२ | नियमित सूचना प्रवाहका लागि गा.पा. तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने । | जि.स.स. | गा.पा., न.पाप्रमुख | पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि आवशयकताअनुसार |
| १३ | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवासम्बन्धी सम्झौता (Standby Agreements) कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा जिममेवारी तोकिएको सदस्य | ७-१० दिन |
| १४ | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback)लिने तथा दिने | क्षेत्र प्रमुख | अन्य क्षेत्र प्रमुख | नियमित रूपमा |
| १५ | आपत्कालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जि.स.स.को सूचना केन्द्रको प्रयोग गर्ने | जि.स.स. | जि.वि.व्य.स. | नियमित रूपमा |
| १६ | राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिक दलहरूको सहभागितालाई अनिवार्य गराउने | जि.वि.व्य.स. | स्था.वि.व्य.स. | प्रारम्भदेखि नै |
| १७ | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | जि.वि.व्य.स. | अन्य क्षेत्र र स्था.वि.व्य.स. | आवश्यकताअनुसार वा शिविर स्थापना हुनासाथ |

**५. १.५ बाढी विपद्को पूर्व तयारी कार्ययोजना**

सूचना तथा समन्वय व्यवस्थापन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नानुसार पूर्व तयारी गर्नु पर्नेछ :

| क्र.सं. | पूर्व तयारी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयवधि |
|---|---|---|---|---|
| १ | सबै क्षेत्र प्रमुखको सहभागितामा पूर्व तयारी बैठक र कार्यशालाको आयोजना :<br>● मनसुन प्रारम्भ हुनुअघि पूर्व तयारी बैठक गर्ने<br>● क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने<br>● जिल्लास्थित सरोकारवाला बीच समन्वय गरी कार्यशाला गर्ने<br>● सङ्कटासन्नता तथा स्रोतको पुनरावलोकन गर्ने<br>● पूर्व तयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना तयार गर्ने । | जि.वि.व्य.स.<br>स्था.वि.व्य.स. | सबै क्षेत्रका प्रमुख, दातृनिकाय, अ/गै.स.स. | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | जि.स.स.सँग समन्वय गरी जि.स.स.को सूचना केन्द्रलाई विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा पनि प्रयोग गर्न व्यवस्था मिलाउने र आवश्यक पर्ने भौतिक सुविधाको व्यवस्था गर्ने । | जि.स.स. | गा.पा., न.पा., दातृ निकाय, अ/गै.स.स. | नियमित रूपमा |
| ३ | साझेदार तथा सहयोगी निकायको सूची तयार गर्ने । | क्षेत्र प्रमुख | दातृ निकाय, अ/गै.स.स. | जेठ १५ भित्र |
| **४** | **बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA)तयारी** | | | |
| ४.१ | सबै क्षेत्रका एक-एक सदस्य रहेको मीरा कार्यदल गठन गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स. सबै क्षेत्र प्रमुख | मनसुन सुरु हुनुभन्दा अगावै |
| ४.२ | मिरासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स. दातृ निकाय अ/गै.स.स. | |
| ४.३ | मिराको लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रति तयार गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स. दातृ निकाय अ/गै.स.स. | |
| ४.४ | मिराको कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोक्ने । | जि.वि.व्य.स. | क्षेत्र प्रमुखहरू | |
| ४.५ | आधार रेखा सर्भेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.दातृ निकाय अ/गै.स.स. | |
| ५ | जि.स.स.भित्र विपद्सम्वन्धी सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने । केन्द्रको लागि निम्न सुविधाहरू उपलब्ध गराउने :<br>● जनशक्ति ३ जना कम्तीमा ३ महिनाका लागि<br>● कम्प्युटर, स्क्यानर, प्रिन्टर, डिजिटल क्यामेरा, भिडियो क्यामेरा,<br>● इमेल, इन्टरनेट सेवा,<br>● टोल फ्री टेलिफोन,<br>● जेनेरेटर, फोटोकपी मेसिन,<br>● मोटरसाइकल<br>● फर्निचर | क्षेत्र प्रमुख तथा तोकिएको अधिकारी | दातृ निकाय, | |
| ६ | सबै पालिका र विशेषगरी सङ्कटासन्न पालिकाहरुले सञ्चार सुविधको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | गा.पा., न.पा. सञ्चारसेवा | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था गर्ने | | प्रदायक निकाय | |
| ७ | सङ्कटासन्न गा.पा., न.पा.हरूको बाढीपूर्वको समग्र अवस्था प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने | | जि.स.स., जि.वि.व्य.स., दातृ निकाय | |
| ८ | जोखिमयुक्त गा.पा., न.पा.हरूमा पूर्व चेतावनी (Early Warning) का लागि माइक, साइरन तथा पूर्वचेतावनी १ थानका दरले उपलब्ध गराउने वा अघिल्लो वर्षको व्यवस्थालाई अध्यावधिक गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.वि.व्य.स., जि.स.स., दातृ निकाय, गा.पा., न.पा., | |
| ९ | पूर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख | गा.पा., न.पा., | |
| १० | जनचेतना अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने<br>● विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोस्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न गा.पा., न.पा.हरूमा वितरण गर्ने ।<br>● एफएम रेडियो तथा पत्र पत्रिकामार्फत विपद्सम्बन्धी ज्ञान तथा जानकारी प्रचारप्रसार गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. सञ्चार माध्यम | |
| ११ | विस्थापितहरूको पहिचानका आवश्यकता अन'सार परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. | |
| १२ | मसलन्द सामान तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. | |
| १३ | आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.वि.व्य.स., जि.स.स., गा.पा., न.पा. | |
| १४ | सङ्कटासन्न गा.पा., न.पा.का सचिवहरूलाई विपद्सम्बन्धी जानकारी दिने | अ/गै.स.स. | | |
| १५ | विभिन्न माध्यमबाट बाढी र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | वैशाखदेखि श्रावणसम्म |

## ५.२. खोज तथा उद्धार (Search and Rescue)

जिल्लाका सङ्कटासन्न गा.पा., न.पा.मा बाढी आएको अवस्थामा पीडित मानिसको उद्धार गर्नु र आपत्कालीन रूपमा प्राथमिक उपचार गर्नु मानवीय सहयोगको पहिलो कार्य हो । विपद्मा परेका व्यक्तिको खोजी गरी उद्धार गर्नु, घरपालुवा पशुको उद्धार र समुदायको धनसम्पत्तिको सुरक्षा गर्नु यस क्षेत्रको प्रमुख दायित्व हुनेछ ।

### ५.२.१ बाढीपछिको अनुमानित परिदृश्य

- बाढीको उच्च र मध्यम सङ्कटासन्नता रहेका पालीकाहरुमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- प्रक्षेपित ४२२ घरपरिवारका १७८८ मानिस प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू बढीबाट पीडित हुनेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिनेछ,
- बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुनेछन्,

- सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारका साधनजस्ता सार्वजनिक पूर्वाधारको क्षति भएर आवागमन र सञ्चार सम्पर्क विच्छेद हुनेछ,
- मनसुनको समयमा स्याङ्जाका विभिन्न खोलामा बाढी आउँदा सो क्षेत्रका लगभग धेरै मानिस विस्थापित हुने सम्भावना रहेको छ,
- विपद् परेपछि तत्काल उद्धारकर्मीहरू पुग्नुपर्ने र प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम गर्नुपर्ने हुन्छ । यसरी उद्धार गर्दा महिला, बालबालिका, गर्भवती, सुत्केरी महिला र बूढाबूढी तथा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ ।

### ५.२.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा खोज तथा उद्धारसम्बन्धी उपलब्ध स्रोत तथा विद्यमान क्षमताका आधारमा नपुग स्रोत साधन सम्बन्धित निकायबाट माग्नुपर्ने हुन्छ।

| क्र. सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय | अनुमानित मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | यातायातको साधन | रिकभरी भ्यान-१ | एम्बुलेन्स-१<br>पिकअप भ्यान-२<br>ट्रक-१ | सप्रब | | सप्रब | सप्रब, जिल्ला प्रशासन कार्यालय | |
| २. | डुङ्गा | डुङ्गा-१ | | | | | | |
| ३. | लाइफ ज्याकेट | १३ थान | ३५ | UNDP | | | | |
| ४. | डोरी | क्यारभिना रोप सेट १००० मी. | १५०० मी.<br>Heavy<br>१००० मी. | सप्रब | क्याराभिना रोप १००० मी. | सप्रब | सप्रब, जिल्ला प्रशासन कार्यालय | |
| ५. | प्राथमिक उपचार बाकस | ५ सेट | २ सेट | | | | | |
| ६. | टायर, ट्युब, बाल्टी, खन्ती, बेल्चा, पिक, सावेल, गल आदि | आवश्यक नभएको | डिग टुल-१३६<br>सावेल-२१<br>पिक-१७<br>फरुवा-७ आदि | सप्रब | नपुग नभएको | सप्रब | सप्रब, जिल्ला प्रशासन कार्यालय | |
| ७. | उद्धारकर्मी (सेना, प्रहरी) स.प्र.बल | २३७ | ७० मात्र | | | | | |
| ८. | तालिमप्राप्त स्वयंसेवकहरू | | २ सेक्सन (२६ जना) | | | | | |
| ९. | अन्य<br>(१) रक ड्रिलिङ् मेशिन-१<br>(२) वाटरवोट-१<br>(३) फ्युल टेंकर-१ | | | | | | | |

### ५.२.३ क्षेत्रगत उद्देश्य

बाढीमा फसेका मानिसलाई भेदभावरहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुऱ्याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ र थप उद्देश्य निम्नअनुसार हुनेछन् :

- विनाभेदभाव बाढी प्रभावितहरूलाई उद्धार गरी सुरक्षित राख्नु,
- विपद्मा परेकाहरूलाई, विशेषगरी महिला, बालबालिका, बूढाबूढी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धारका लागि खोजी गर्नु,
- प्रभावितहरूको जीवन तत्काल बचाउनु,
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकताअनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु,
- सम्भावित मानवीय क्षति कम गर्नु,
- सुरक्षित स्थानको खोजी गर्नु र अस्थायी बसोवासको लागि सहयोग गर्नु ।

### ५.२.४पूर्व तयारी तथा प्रतिकार्य योजना

जिल्लामा सम्भावित बाढीको परिदृश्यअनुरूप खोज तथा उद्धार क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ:

| क्र.स | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | समन्वय तथा व्यवस्थापन प्रारम्भ गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | बाढी आउनासाथ |
| २ | स्थानीय स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., क्षेत्रका सदस्य | बाढी आउनासाथ |
| ३ | उद्धार कार्यदल परिचालन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | बाढी आउनासाथ |
| ४ | प्रभावित क्षेत्रको सुरक्षा प्रबन्ध मिलाउने | जिल्ला प्रहरी कार्यालय | सुरक्षा निकायहरू | बाढी आउनासाथ |
| ५ | बाढीबाट बढी प्रभावित स्थलको स्तर पहिचान गरी उद्धारको प्राथमिकता निर्धारण गर्ने | उद्धार कार्यदल | जिल्ला प्रहरी कार्यालय,गा.पा., न.पा., ने.रे.सो. | बाढी आउनासाथ |
| ६ | डुबेका, बगेका र भत्किएका घरहरू पहिचान गर्ने | उद्धार कार्यदल | राजनीतक दलहरू, ने.रे.सो. | स्थिति सामान्य नभएसम्म |
| ७ | विशेषगरी महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई खोज तथा उद्धारमा प्राथमिकता दिने | उद्धार कार्यदल | राजनीतिक दल ने.रे.सो. | पीडितको उद्धार नसकिएसम्म |
| ८ | सामान्य नागरिकको खोजी तथा उद्धारलाई निरन्तरता दिने | उद्धार कार्यदल | ने.रे.सो., ने. सेना | पीडितको उद्धार नसकिएसम्म |
| ९ | पीडित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षा गरी निकाल्ने | उद्धार कार्यदल | ने.रे.सो. | उद्धार नसकिएसम्म |
| १० | प्रभावित क्षेत्रका घरपालुवा पशुको उद्धार गर्ने | उद्धार कार्यदल | ने.रे.सो. | उद्धार नसकिएसम्म |
| ११ | प्रभावित क्षेत्रको सुरक्षाका लागि स्थानीय निकायसँग समन्वय गरी सुरक्षा समिति गठन गर्ने र परिचालन गर्ने | उद्धार कार्यदल | ने.रे.सो., राजनीतिक दलहरू, | आवश्यकता अनुसार |
| १२ | प्रभावित क्षेत्रमा, हिंसा, लुटाटका घटना हुन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने | उद्धार कार्यदल | जिल्ला प्रहरी, ने.रे.सो. | आवश्यकता अनुसार |
| १३ | बाढीमा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने | उद्धार कार्यदल | स्वास्थ्य कार्यदल, ने.रे.सो., | उद्धार र प्राथमिक उपचार नभएसम्म |
| १४ | राहत वितरण कार्यमा आवश्यकता अनुसार खाद्य क्षेत्रलाई सहयोग गर्ने | सुरक्षा निकाय | स्थानीय स्वयंसेवक, राजनीतिक दलहरू | नियमित रूपमा |
| १५ | उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | सुरक्षा कार्यदल | हप्तामा एकपटक |
| १६ | निम्नअनुसार अभिलेख तयार गर्ने<br>● उद्धार गरिएका व्यक्ति<br>● बेपत्ता वा मृत्यु भएका व्यक्ति<br>● नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति<br>● मरेका घरपालुवा पशुपक्षी<br>● क्षतिग्रस्त भौतिक सम्पत्ति<br>● क्षतिग्रस्त बाली र खेतीयोग्य भूमि | क्षेत्र प्रमुख | गा.पा., न.पा., जि.वि.व्य.स., , ने.रे.सो. | नियमित रूपमा |
| १७ | उद्धारकार्यको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सरोकारवाला निकायमा पठाउने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | स्थिति सामान्य नभएसम्म |

### ५.२.५ बाढी बिपद् को पूर्व तयारी कार्ययोजना

खोज तथा उद्धार क्षेत्रको लागि निम्नअनुसार पूर्व तयारी कार्ययोजना तय गरिएको छ :

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | विपद्मा उद्धारका लागि परिचालन हुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | उद्धारको लागि थप जनशक्ति आवश्यक परेमा थप गर्न सकिनेगरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | |
| ३ | तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्त हुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नक्साङ्कन गर्ने | क्षेत्र प्रमुख | जि.स.स.,ने.रे.सो., अ/गै.स.स., सुरक्षा निकाय | |
| ४ | उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धारकार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तरदायित्वजस्ता विषयमा जानकारी दिने | जि.वि.व्य.स. | जि.स.स., दातृ निकाय, ने.रे.सो., अ/गै.स.स. | |
| ५ | खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने<br>● सामुदायिक प्रकोप व्यवस्थापन समिति,<br>● ने.रे.सो.का स्वयंसेवक,<br>● स्थानीय समुदाय | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>युनिसेफ | |
| ६ | आपत्कालीन आवासको लागि सुरक्षित स्थानको पहिचान *(गा.पा. भवन, विद्यालय वा अन्य सामुदायिक भवन)* | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>गा.पा., न.पा.,<br>सुरक्षा निकाय | |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामग्रीको व्यवस्था र चिकित्सक र नर्स पहिचान गरी विपद्मा प्राप्त हुने सेवाबारे सम्झौता गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य क्षेत्र<br>जिल्ला जनस्वास्थ्य कार्यालय | |
| ८ | खोज तथा उद्धारसम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने । | क्षेत्र प्रमुख | राजनीतिक दल<br>नागरिक समाज, ने.रे.सो. | |
| ९ | एफ.एम. रेडियोहरूमार्फत पूर्वचेतनावनी तथा पूर्वसूचना प्रसारण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>सञ्चारमाध्यम | |
| १० | वैकल्पिक बाटो नभएको क्षेत्रमा उद्धार गर्न डुङ्गा वा अन्य वैकल्पिक उपाय पहिचान गर्ने । | उद्धार कार्यदल | जि.वि.व्य.स., जि.स.स., गा.पा., न.पा., | |
| ११ | उद्धारका लागि आवश्यक सवारी साधन, स्वयंसेवक, सुरक्षित स्थानको उपयोगका लागि सरोकारवालासँग सम्झौता गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा., जि.स.स. | |

### ५.३. खाद्य क्षेत्र

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण साधन खाद्यान्न हो । खाद्य क्षेत्रले विपद् प्रभावित तथा पीडित व्यक्तिलाई न्यूनतम मापदण्डअनुसारको खाद्यान्न उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र खाद्यान्नमा सीमान्तीकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

### ५.३.१ बाढीपछिको सम्भावित परिदृश्य

- मानिसहरू हताहत भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन्,
- आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात विस्थापित हुनेछन्,

- प्रकोप भएको केही समयपछि नै तत्काल उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ,
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति/परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ,
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसङ्ख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ,
- विशेषगरी बालबालिका, वृद्ध र बिरामी तथा गर्भवती महिलामा खाद्यअल्पताको समस्यामा पर्नेछन्,
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।

### ५.३.२ क्षेत्रगत उद्देश्य

खाद्य क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट विस्थापित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने खाद्यसामग्री उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य निम्नअनुसार रहेका छन् :

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, बूढाबूढी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।

### ५.३.३ जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता सम्बन्धी माग विवरण

### ५.३.४पूर्व तयारी तथा प्रतिकार्य योजना

बाढी आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा पीडित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि खाद्य क्षेत्रले निम्नअनुसार काम गर्नेछ :

| क्र.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | क्षेत्र प्रमुख | खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | बाढी आउनासाथ तुरुन्तै, पहिलो हप्ता एक दिन बिराएर त्यसपछि आवश्यकता अनुसार |
| २ | बाढी प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | बाढी आएको थाहा पाउनासाथ |
| ३ | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र प्रारम्भिक द्रूत लेखाजोखा गर्ने | तोकिएको सदस्य | कृ.ज्ञ.के, ने.रे.सो. र क्षेत्रका सदस्यहरू | २४ घण्टाभित्र |
| ४ | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | कृ.ज्ञ.क, ने.रे.सो. र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टाभित्र |
| ५ | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने | खाद्य वितरण कार्यदल | जि.वि.व्य.स., कृ.ज्ञ.क, ने.रे.सो. र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टादेखि १० दिनसम्म |
| ६ | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (मीरा-MIRA) को प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख तथा तोकिएको क्षेत्रको सदस्य | जि.वि.व्य.स., अन्य क्षेत्र, दातृ निकाय र अ/गै.स.स. | ३ देखि ७ दिनभित्र |
| ७ | विस्थापितलाई रासनकार्ड वितरण गर्ने | खाद्यान्न वितरण | जि.वि.व्य.स., गा.पा., न.पा., सुरक्षा निकाय, | ९ दिनभित्र |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यदल | | |
| ८ | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय, | ७ दिनभित्र |
| ९ | मापदण्डअनुरूप खाद्यसामग्री वितरणको व्यवस्था मिलाउने | खाद्यान्न वितरण कार्यदल | जि.वि.व्य.स., अ/गै.स.स., नागरिक समाज | ११ दिनदेखि ३० दिनसम्म |
| ९.१ | नपुग हुने खाद्यसामग्री खरिद तथा व्यवस्थापन र भण्डारण गर्ने | विश्व खाद्य कार्यक्रम | जि.वि.व्य.स., | १० दिनभित्र |
| ९.२ | वितरण केन्द्रको पहिचान र निर्धारण | खाद्य क्षेत्र | सुरक्षा निकाय, गा.पा., न.पा., राजनीतिक दलका प्रतिनिधि | ९ दिनभित्र |
| ९.३ | खाद्यान्न वितरणसम्बन्धी सूचना प्रवाह गर्ने | खाद्य क्षेत्र | विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स. | ९ दिनभित्र |
| ९.४ | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | क्षेत्र प्रमुख, खाद्यान्न वितरण कार्यदल | विश्व खाद्य कार्यक्रम | नियमित रूपमा |
| ९.५ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, बूढाबूढीलाई पोषणयुक्त खाना वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स., | आवश्यकताअनुसार नियमित रूपमा |
| ९.६ | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने | खाद्यान्न वितरण कार्यदल | नागरिक समाजका विभिन्न संस्था | नियमित रूपमा |
| १० | खाद्यान्न वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, बन्दोवस्ती क्षेत्र, | नियमित रूपमा |
| ११ | खाद्यान्न वितरण प्रक्रियालाई सहज र सरल बनाउन नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख र तोकिएका सदस्य | जि.वि.व्य.स., राजनीतिक दल, पीडितका प्रतिनिधि, नागरिक समाज | नियमित रूपमा |
| १२ | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य | प्रत्येक हप्ता |

### ५. ३.५पूर्व तयारी कार्ययोजना

खाद्य क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्व तयारी गर्नेछ :

| क्र.सं. | पूर्व तयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | कृ.ज्ञ.क | क्षेत्रका सदस्य | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| ३ | बहुक्षेत्र द्रूत लेखाजोखाको लागि व्यक्ति तोक्ने र तालिममा सहभागी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जि.वि.व्य.स., अ/गै.स.स. | |
| ४ | तयारी खाद्यान्नको भण्डारण तथा आपत्कालीन आपूर्तिको व्यवस्था मिलाउने | कृ.ज्ञ.क,खाद्य क्षेत्र | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने | खाद्य क्षेत्र, तोकिएको सदस्य | ने.रे.सो.,जि.वि.व्य.स., कृ.ज्ञ.क, विश्व खाद्य कार्यक्रम, | |
| ६ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग समन्वय गरी परीक्षण गर्ने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय, ने.रे.सो. | |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | स्वास्थ्य तथा पोषण क्षेत्र, जि.वि.व्य.स., अ/गै.स.स. | |
| ८ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख, तोकिएको सदस्य | जिकृविकृ.ज्ञ.क, विखाका, अ/गै.स.स. | मसान्तसम्म |
| ९ | तयारी खाद्यान्नका सहयोगी संस्थाहरू मारवाडी सेवा सदन, श्री सेवा समितिलगायत अन्य सम्बद्ध निकायहरूसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | | |
| १० | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | - | |

### ५.४. आवास तथा गैर खाद्य सामग्री

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मदरसा, मन्दिर, पालिकाभवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### ५.४.१ बाढीपछिको सम्भावित परिदृश्य

- बाढीबाट अधिकांश गाउँ जलमग्न भएर मानिस हताहत भई सहयोगको याचना गरिरहेका हुनेछन्,
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ,
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक/संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन्,
- बाढीको उच्च र मध्यम सङ्कटासन्नता रहेका पालिकाहरुमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन्,
- उल्लिखित पालिकाहरुका मानिस प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- बाढीले घर, धनमाल र खाद्यान्नसमेत बगाएर विस्थापित भएका मानिस खाद्यान्नको चर्को समस्यामा पर्नेछन्,
- प्रभावित अन्य व्यक्ति पनि सो समस्यामा रहने सम्भावना प्रबल रहनेछ ।

### ५.४.२ जिल्लामा उपलब्ध क्षेत्रगतस्रोत तथा क्षमता र मागसम्बन्धीविवरण

बाढीमा पर्ने मानिसहरुको तत्कालिन आश्रयस्थलको लागि आवश्यक पर्ने दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको उपलब्ध

| क्र. सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १. | भान्साको लागि एक सेट भाँडावर्तन | २० सेट सामूहिक | | आमा समूह क्लब | १३ सेट | युएनडीपी, स.नि. | जि.प्र.का. रेडक्रस |
| २. | त्रिपाल | ५०० | २०० | रेडक्रस स्थानीय स.नि. | ४०० थान | युएनडीपी, स.नि. | रेडक्रस |
| ३. | बाँस | ३००० घना | १००० | स्थानीय समुदाय | | जि.वि.का. | रेडक्रस |
| ४. | डोरी -विभिन्न) | १००० किलो | १० रोल | जि.प्र.का. रेडक्रस गा.पा., न.पा. | | युएनडीपी, | रेडक्रस |
| ५. | लगाउने कपडा | १००० सेट | | रेडक्रस उ.बा.सं. संघ/संस्था | १००० थान विभिन्न | युएनडीपी, | रेडक्रस |
| ६. | ओछ्याउने/कपडा विस्तारा सेट | ५०० | १० थान १०० थान (UNDP) | रेडक्रस उ.बा.सं. संघ/संस्था | | युएनडीपी, | रेडक्रस |
| ७. | अन्य (व्यक्तिगत भाँडावर्तन, थाल/गिलास) | १००० | ५०० सेट | आमा समूह क्लब | ५०० सेट | युएनडीपी, | रेडक्रस |
| ८. | टेण्ट सामग्री | १०० सेट | | उ.बा.सं. | १०० सेट | युएनडीपी, | रेडक्रस |
| ९. | इमर्जेन्सी चुल्हो सेट | २० सेट | | ५ सेट | ५ सेट | | रेडक्रस |
| १० | इमर्जेन्सी टर्चलाइट | २०० थान | | उ.बा.सं. स.नि. | ५० सेट | | रेडक्रस |
| ११. | वनजंगल संरक्षण कार्य | प्रशिक्षण/परामर्श | | | | | रेडक्रस |
| १२ | मेशिनरी औंजार<br>क) बारुणयन्त्र<br>ख)एम्बुलेन्स/ट्रक/बस<br>ग) डोजर/स्काभेटर क्रेन<br>घ) डुङ्गा<br>ङ) पानी टैंकी<br>च)जनशक्ति/स्वयंसेवक | <br>२<br>१०<br>-<br>५३<br>३०<br>- | | <br><br>५<br>-<br>-<br>-<br>- | <br><br>२<br>५<br>१ क्रेन<br>३० | | रेडक्रस |

### ५.४.३ क्षेत्रगत उद्देश्य

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानसहित उनीहरूको पहुँच कायम गराउनु र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ । यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन् :

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहिन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादीत दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

### ५.४.४ आपत्कालीन प्रतिकार्य योजना

जिल्लामा बाढीजन्य विपद् परेमा विस्थापित व्यक्ति तथा समुदायलाई विनाभेदभाव न्यूनतम मापदण्ड पूरा गर्दै अस्थायी आवासको व्यवस्थाका लागि आवास तथा गैरखाद्य क्षेत्रले निम्नानुसारका कार्य गर्नेछ ।

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आवास तथा गैरखाद्य क्षेत्रको आपत्कालीन बैठक आयोजना गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., क्षेत्रका सदस्य | बाढी आउनासाथ |
| २ | विस्थापितको सङ्ख्या र जानकारी लिने, पहिचान भएका अस्थायी आवासमा बसोवास गराउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय,<br>ने.रे.सो. | बाढी आएपछि तुरुन्तै, |
| ३ | कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | बाढी आएको ४ घण्टाभित्र |
| ४ | प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | गा.पा., न.पा., ने.रे.सो., अ/गै.स.स. | बाढी आएको १२ घण्टाभित्र |
| ५ | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्कालीन बासको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | बाढी आएको १२ घण्टाभित्र |
| ६ | पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्काल बसाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | बाढी आएको १२ घण्टाभित्र |
| ७ | तत्काल लगाउने लुगाफाटो तथा अन्य गैरखाद्य सामग्री वितरण गर्ने *(महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने)* | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., दातृ निकाय अ/गै.स.स., नागरिक समाजका संस्थाहरू | २४ घण्टाभित्र |
| ८ | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | २ दिनभित्र |
| ९ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने | क्षेत्र प्रमुख | समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र, जि.वि.व्य.स. | ७ दिनभित्र |
| १० | मीराको प्रतिवेदनका आधारमा अस्थायी शिविर स्थापना गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो. तथा क्षेत्रका अन्य सदस्य | ९ दिनभित्र |
| ११ | विस्थापितको प्रत्यक्ष सहभागितामा शिविर स्थापना गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>अ/गै.स.स. | १० दिनभित्र |
| १२ | आवश्यकताअनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>ने.रे.सो.,गा.पा.<br>स्वयंसेवक | शिविर स्थापना भएपछि |
| १३ | आवास तथा गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा.,<br>दातृ निकाय, ने.रे.सो. | शिविर स्थापना भएदेखि |
| १४ | शिविर व्यवस्थापन समिति गठन गरी काम गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., स्वयंसेवक ने.रे.सो. | शिविर स्थापना भएपछि |
| १५ | प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | हप्ताको एक दिन |

### ५.४.५ पूर्व तयारी कार्ययोजना

बाढी र पहिरोबाट उत्पन्न हुने आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन आवास तथा गैरखाद्य क्षेत्रले निम्नानुसार पूर्वतयारीका कार्य गर्नु पर्छ ।

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | वैशाख महिना |
| २ | पूर्व तयारी समन्वय बैठक आयोजना गर्ने :<br>• स्रोत र साधनको नक्साङ्कन गर्ने<br>• जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने,<br>• प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सबै सदस्य | जेठको पहिलो साता |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो.,गा.पा., न.पा., अ/गै.स.स., | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोवासको लागि अन्य गा.पा., न.पा.का सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जि.वि.व्य.स., गा.पा., न.पा., नेरेसा | जेठको पहिलो साता |
| ६ | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकताअनुसार सम्झौता गर्ने | कार्यदल | जि.वि.व्य.स., गा.पा., न.पा., ने.रे.सो., अ/गै.स.स. | जेठ मसान्तभित्र |
| ७ | सङ्कटासन्न गा.पा. र अन्य सुरक्षित गा.पा., न.पा.का सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जि.वि.व्य.स., अ/गै.स.स., गा.पा., न.पा. | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., गा.पा., न.पा., ने.रे.सो., अ/गै.स.स. | जेठ दोस्रो साता |
| ९ | सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | जोठ मसान्त |
| १० | गोदामघरको नियमित अनुगमन गरी जि.वि.व्य.स.लाई नियमित प्रतिवेदन दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र कार्यदल | नियमित रूपमा |
| ११ | शिविर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेठ मसान्त |
| १२ | आवास तथा गैरखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रूपमा प्रतिवेदन तयार गरी जि.वि.व्य.स. तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल | शिविर सञ्चालन भएमा नियमित |

### ५.५. स्वास्थ्य तथा पोषण क्षेत्र

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्यसम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ। त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

### ५.५.१ बाढी पछिको सम्भावित परिदृश्य

- बाढीको जोखिम रहेका पालिकाहरुमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछ भने मानिसहरु प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुन सक्ने वा विपद् पीडितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ,
- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ रगत, (dysentry) दादुरा एवं महामारीजन्य रोग, गम्भीर स्वास प्रश्वाससम्बन्धी सङ्क्रमण, ज्वरो, आँखा अथवा छालाका सङ्क्रामक रोगहरूमा वृद्धि हुनेछ,
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं, सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (supplemertary feeding) मा अवरोध देखा पर्नेछ,
- बाढीबाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा बूढाबूढी र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ,
- लामखुट्टेजस्ता कीराबाट फैलिने औलो, कालाजार आदिको सङ्क्रमण बढ्ने सम्भावना रहन्छ,
- बाढीमा परेर वा विभिन्न कारणले घाइते हुनेको सङ्ख्यामा वृद्धि हुनेछ ।

### ५.१.२ उपलब्ध साधन तथा क्षमता र माग

### ५. ५.३ क्षेत्रगत उद्देश्य :

आपत्कालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्यधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य निम्नानुसार हुनेछन् :

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य रोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,
- कुपोषणबाट पीडित विस्थापित महिला, बालबालिका तथा बूढाबूढी र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

### ५.५.४पूर्व तयारी तथा प्रतिकार्य योजना :

बाढीजन्य विपद्को अवस्थामा जनस्वास्थ्य रक्षा र कुपोषण नियन्त्रणका लागि स्वास्थ्य तथा कुपोषण क्षेत्रले निम्न कार्य गर्नेछ :

| क्र.स. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आपत्कालीन बैठक आयोजना गरी :<br>- विपद्को अवस्थाको मूल्याङ्क गर्ने<br>- विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>- प्रतिकार्य योजना अनुरूप भएका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>- जिल्ला विपद व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने, | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य, स्वास्थ्य कार्यकर्ता, जि.वि.व्य.स., ने.रे.सो. | बाढी आएको २४ घण्टाभित्र, पहलो हप्ता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| २ | बाढीबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., स्वास्थ्यकर्मी | ३ दिनभित्र |
| ३ | बहु क्षेत्रगत द्रूत लेखाजोखाको प्रतिवेदन र सूचना लिने | क्षेत्रबाट तोकिएको सदस्य | समन्वय तथा सूचना क्षेत्र, | ३ देखि ७ दिन |
| ४ | मीराको प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य, जि.वि.व्य.स. | |

| | | | | |
|---|---|---|---|---|
| ५ | घाइतेको उपचारका लागि तत्काल स्वास्थ्य कार्यदल खटाउने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., ने.रे.सो.,अ/गै.स.स., स्वयंसेवक | एक हप्ताभित्र |
| ६ | थप उपचारका लागि अस्पताल पठाउने व्यवस्था मिलाउने | स्वास्थ्य कार्यदल | कार्यदल | तत्कालै |
| ७ | सरुवा रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., स्वयंसेवक | एक हप्ताभित्र |
| ८ | जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., स्वयंसेवक | एकहप्ता भित्रमा |
| ९ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने आमा, गर्भवती महिला र कुपोषित बालबालिकालाई पोषणयुक्त खाद्यान्नको लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., स्वयंसेवक | आवश्यकताअनुसार |
| १० | शिविरमा मलेरिया नियन्त्रणको लागि विषादि छर्किने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., स्वा.का. | शिविर स्थापना भएपछि |
| ११ | झुल वितरण गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., अ/गै.स.स. | आवश्यकताअनुसार |
| १२ | शिविरमा स्वास्थ्यकेन्द्र गर्ने र पोषण क्लिनिक स्थापना गर्ने | स्वास्थ्य कार्यदल | ने.रे.सो., अ/गै.स.स., | शिविर स्थापना भएपछि |
| १३ | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक सेवा सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | आवश्यकताअनुसार |
| १४ | अन्य क्षेत्र र जि.वि.व्य.स.सँग मिलेर प्रतिकार्यको नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., अ/गै.स.स., | नियमित रूपमा |
| १५ | स्वास्थ्य तथा पोषणको अवस्था, भएका कार्य र आवश्यकताको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य कार्यदल, क्षेत्र सदस्यहरू | नियमित रूपमा |
| १६ | प्रतिवेदन तयार गरी जि.वि.व्य.स. र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | कार्यदल | नियमित रूपमा |

### ५.५.५पूर्व तयारी कार्ययोजना

बाढीजन्य विपद्को सामना गर्न आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य तथा पोषण क्षेत्र(Cluster) ले निम्नअनुसार पूर्व तयारी गर्नेछ।

| क्र.स | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्यविभाजन गर्ने र आपत्कालीन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., स्वा.का., नेरोसो, स्वास्थ्य स्वयंसेवक | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (मिरा MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रगत बैठक | |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, अ/गै.स.स., | |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी निकाय वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| ५ | आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fluids, metronidazole, ciprofloxacin) ३० दिनको लागि पुग्नेगरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ६ | आपत्कालीन अवस्थाको लागि सङ्कटासन्न गा.पा., न.पा.को लागि तीन थानका दरले प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ७ | हरेक सङ्कटासन्न गा.पा., न.पा.मा कम्तीमा पनि ९ जनालाई पोषणसम्बन्धी जानकारी दिने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र बूढाबूढीको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | मनसुन सुरु |

| | | | | |
|---|---|---|---|---|
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको लागि बन्दोवस्ती क्षेत्रलाई आग्रह गर्ने | क्षेत्र प्रमुख | बन्दोवस्ती क्षेत्र, स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | हुनुभन्दा अगावै |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ११ | झुलको बन्दोवस्त गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| १२ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने र पाठ्यसामग्री तयार गरी स्वयंसेवक परिचालन गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| १३ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने | कार्यदल | स्वा.का., ने.रे.सो., अ/गै.स.स., उद्योग वाणिज्य सङ्घ तथा अन्य सेवा प्रदायक संस्थाहरू | |
| १४ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | क्षेत्रका सदस्य | |

## ५.६. खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्र(Water, Sanitation and Hygiene Promotion Cluster- WASH Cluster)

### ५.६.१ बाढीपछिको अनुमानित परिदृश्य

- खानेपानीका धारा बाढीको पानीले पसेर प्रदूषित भएका हुनेछन्,
- चर्पीहरू बाढीले क्षतिग्रस्त हुनेछन र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ,
- पिउने पानीका मुहान र स्रोतहरू प्रदूषित हुनेछन,
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारीजन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ ।

### ५.६.२ उपलब्ध साधन तथा क्षमता र माग

बाढी पश्चात आइपर्ने खानेपानी तथासरसफाइको क्षेत्रमा आवश्यक पानीको टैंक, शौचालय, पानी शुद्ध पार्ने औषधि, परिक्षण केन्द्र लगायतका यस क्षेत्रमा कार्यरत स्वयंसेवक तथा दक्ष जनशक्तिहरु जिल्लामा अपुग भएमा यस क्षेत्रसँग सम्बन्धित निकायहरुसँग माग गरिनेछ ।

### ५.६.३ क्षेत्रगत उद्देश्य :

विपद् प्रभावित तथा विस्थापित समुदायलाई पानी तथा कीटपतङ्गका माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

### ५.६.४पूर्व तयारी तथा प्रतिकार्य योजना

खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्रको लागि निम्नअनुसार कार्ययोजना तय गरिएको छ

| क्र.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | WASH क्षेत्र एजेन्सी जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी हुने र कार्यक्षेत्रमा सक्रिय हुने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | क्षेत्रगत सदस्य पहिचान गरी कार्य विवरण तयार गर्ने, पहिलो बैठक बस्ने<br>बैठकका विषयहरू :<br>• सहयोगी संस्था (पार्टनर) क्षमता पहिचान,<br>• कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>• सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>• विद्यमान स्रोत र मागको विश्लेषण गर्ने, | स्वा.का. र क्षेत्र प्रमुख | | ४८ घण्टा (पहिलो बैठक) |
| ३ | क्षेत्रका प्रत्येक सदस्यले आ-आफनो निकायको माथिल्लो | क्षेत्र प्रमुख र | जि.वि.व्य.स., दातृ | ४८ घण्टा |

| | | | | |
|---|---|---|---|---|
| | तहमा आवश्यकताको जानकारी गराउने | सदस्य | निकाय, अ/गै.स.स. | (पहिलो बैठक) |
| ४. | स्वास्थ्य प्रबर्द्धनका साधनहरूको निमार्ण तथा मर्मत कार्य गर्ने | स्वा.का., क्षेत्रका सदस्य | जि.वि.व्य.स., दातृ निकाय, अ/गै.स.स. | १ हप्ताभित्र |
| ५ | सरसफाइका सामग्री वितरण गर्ने<br>० हार्पिक १ बोतल/चर्पी<br>० ब्रस १ थान/चर्पी<br>० फिनेल १ वोतल/चर्पी<br>० बाल्टी ५ लि. १थान र १ मग/परिवार | स्वा.का., क्षेत्रका सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | दोस्रो हप्ता |
| ६ | क्षेत्रका सदस्यहरूबीच कार्य समन्वय गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., | १ हप्ता भित्र |
| ७ | क्षेत्रका सदस्यबीच मिरा (MIRA) को बारे अभिमुखीकरण गरी सोअनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., अ/गै.स.स. | ४ दिनभित्र |
| ८ | मिराको प्रतिवेदनको विश्लेषण र माग र आपूर्तिबीचको अवस्था विश्लेषण गरी कार्य गर्ने | क्षेत्र प्रमुख र सदस्य | | ७ दिनभित्र |
| ९ | हाइजिन किट वितरण र सचेतना (६,००० परिवार) | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | ७ दिनभित्र |
| १० | खानेपानी शुद्धीकरणका समान वितरण ( बाल्टीन २ वटा १० र १५ लि., मग १, पहिलो १ हप्ता र बाँकी दिनका लागि वाटरगार्ड वा पियुस १ प्रति परिवार ) | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | पहिलो हप्ताभित्र |
| ११ | अनुगमन सुचक पहिचान गरी अनुगमन संयन्त्र परिचालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., अ/गै.स.स. | नियमित |
| १२ | सर सफाइ प्रवर्द्धनकार्य गर्ने गराउने<br>● फोहरमैला व्यवस्थापन/फोहरपानी व्यवस्थापन<br>● शिविर क्षेत्रको सरसफाइ र निर्मलीकरण<br>● स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप<br>● सरसफाइ समिति गठन र अभिमुखीकरण<br>● माइकिङ्<br>● सडक नाटक<br>● सूचना केन्द्र स्थापना गर्ने<br>● जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>● स्वयंसेवक परिचालन<br>● सञ्चार क्षेत्रको परिचालन<br>● बाल/युवा क्लबको परिचालन | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | नियमित |
| १३ | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स., | दोस्रो र तेस्रो हप्ता |
| १४ | उद्योग वाणिज्य सङ्घलगायत निजी क्षेत्रसँग समन्वय गरी स्रोतको खोजी तथा सङ्कलन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., | दोस्रो हप्ता |
| १५ | अन्तिम मूल्याङ्कन गर्ने, अभिलेख तयार गर्ने र वितरण गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., अ/गै.स.स. | पाँचौं हप्ताको अन्तमा |
| १६ | शिविर रहेको क्षेत्रको पूर्ण सरसफाइ र सरसफाइसम्बन्धी संरचनाको सुरक्षित विस्थापन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | शिविर उठेपछि |
| १७ | शिविर रहेका विद्यालयका शौचालयको मर्मतसम्भार गरी पूर्ववत अवस्थामा सञ्चालन गर्न सकिने बनाउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., सरकार, दातृ निकाय, अ/गै.स.स. | अस्थायी बसोबास उठेपछि |
| १८ | स्वास्थ्य क्षेत्रसँग समन्वय गरी पानीजन्य सरुवा रोगको प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रबर्द्धन र | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य क्षेत्र | पाचौं हप्ता |

| | | | | |
|---|---|---|---|---|
| | सचेतना अभिवृद्धि गर्ने | | | |

### ५.६.५पूर्व तयारी कार्ययोजना

खानेपानी, सरसफाइ तथा स्वस्थ्य प्रबर्द्धन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यको लागि निम्नानुसार पूर्व तयारी गर्नेछ

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | वास क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने :<br>● क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने,<br>● मस्यौदा कार्यविवरण तयार गर्ने,<br>● यस क्षेत्रमा काम गर्ने गै.स.स., निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छापत्र माग गर्ने । | क्षेत्र प्रमुख | स्वा.का., स्वास्थ्य क्षेत्र, प्र.जि.अ., | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | समुदाय स्थानान्तरण भएको स्थान वा शिविर तथा प्रभावित गा.पा., न.पा.मा स्वास्थ्य प्रबर्द्धनसँग सम्बन्धित खानेपानी, शौचालयजस्ता संरचना तथा सरसफाइको अवस्थाको अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने | क्षेत्र प्रमुख | | मनसुन सुरु हुनुभन्दा अगावै |
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जि.वि.व्य.स. ले तोकेअनुसार |
| ५ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य कार्यकर्तालाई अभिमुखीकरण गरी परिचालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | स्वा.का., स्वा.का., | मनसुन सुरु हुनुभन्दा अगावै |
| ६ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा सञ्चारका सामग्री सङ्कलन गरेर वा आफैँले तयार गरी प्रकाशन गरी वितरण गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | स्वा.का., स्वा.का., | रेडियोबाट जेठ २० जेठदेखि भदौसम्म |
| ७ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | मनसुन सुरु हुनुभन्दा अगावै |
| ८ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका वास क्षेत्रबाट तयार भएका अनुगमन सूचकहरू, फारमहरू स्थानीय स्तरमा सुहाउने बनाई सदस्यहरूबीच अभिमुखीकरण गर्ने | युनिसेफ | स्वा.का., स्वा.का., | |
| ९ | खानेपानी, सररसफाइ तथा स्वास्थ्य प्रबर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वा.का., स्वा.का., | |
| १० | आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | स्वा.का., स्वा.का., | |
| ११ | जिल्ला तथा गाउँमा स्थापित नाट्य समूहहरूलाई आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख र सदस्य | स्वा.का., स्वा.का., | |
| १२ | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वा.का., स्वा.का., | |

## ५.७. संरक्षण

बाढीबाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी बूढाबूढी, महिला, फरक प्रकारको क्षमता भएका व्यक्ति, महिला तथा बालबालिका जस्ता बढी पीडित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

### ५.७.१ बाढी पछिको अनुमानित परिदृश्य

- बाढीको जोखिम रहेका स्थानहरुमासूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछ भने मानिसहरु प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- सडक, बाटो, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर र दुर्गम क्षेत्रका कारण प्रभावित क्षेत्रमा पहुँचको कठिनाइ हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने,
- जोखिमपूर्ण अवस्थाको सामना गरिरहका महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिकको सङ्ख्या धेरै हुनेछ ।

### ५.७.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता र मागसम्बन्धी विवरण

| क्र सं. | आवश्यक पर्ने साधन /स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षाकर्मी | ८० | ५ | जि.प्र.का | प्रहरी हेडक्वाटर | प्रहरी हेडक्वाटर | - |
| २ | स्वयम् सेवक | ८० | - | उद्योग वाणिज्य संघ /युथ क्लवहरू | - | गैर सरकारी संस्था | तयार बनाएर राख्नु पर्ने |
| ३ | सुरक्षा साधन (ग्लोभ, स्टेचर, | ५००० थान ३० थान | - | जि.स्वा.का | जि.स्वा.का | जि.स्वा.का | जि.स्वा.का |
| ४ | एम्वुलेन्स आदि) | ३ | ३ | जिल्ला अस्पताल रेडक्रस | - | - | - |
| ५ | पानी (निर्मलीकरण गर्ने साधन) | ५० थान | - | - | - | - | - |
| ६ | अस्थाई साधनहरूको प्याक | ५०० प्याक | - | - | - | - | - |
| ७ | औषधी (प्राथमिक उपचार बाकस First Aid Kit) | ५०० थान | - | जिल्ला अस्पताल रेडक्रस | - | - | - |
| ८ | महिलाका लागि आवश्यक सामान ( सेनेटरी प्याड, काईयो, सिन्दुर, पोते, रुमाल, ब्रस, तुथपेस्ट, ब्रा, पेन्टी, साबुन, नेल कटर,कैची चप्पल,स्लिपिङ्ग व्याग तथा अन्य लुगाहरू ) | २००० थान | - | - | - | - | - |
| ९ | खाद्य सामाग्री (पोषण युक्त) सबै मिलाएको प्याकमा | ५००० प्याक | - | - | - | - | - |
| १० | पुरुषहरूले प्रयोग गर्ने लुगा कपडा | १००० थान | - | - | - | - | - |
| ११. | बालबालिकाहरूले प्रयोग गर्ने कपडा (न्यानो तथा समय अनुसारको कपडा) | २००० थान | - | - | - | - | - |
| १२ | अपाङ्ग भएका व्यक्तिहरूका लागि ह्विल चियर, बैशाखी, चस्मा । | १० २० २० | - | - | - | - | - |

### ५.७.३ क्षेत्रगत उद्देश्य

महिला तथा बालबालिकालगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ५.७.४पूर्व तयारी तथा प्रतिकार्य योजना

बाढीजन्य विपद्को समयमा पीडितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी निम्नअनुसार कार्य गर्नेछ

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | संरक्षण समूह समन्वय बैठक | क्षेत्र प्रमुख | स्थानीय तह, जि.वि.व्य.स. | २४ घण्टाभित्र |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति, खोजतलास तथा उद्धार समितिसँग समन्वय गरी संरक्षण आवश्यक पर्ने व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | ३ दिनदेखि १ हप्तासम्म |
| ३ | लेखाजोखा, आवश्यक जनसङ्ख्याको संरक्षण, अभिमुखीकरण, स्वयंसेवक परिचालन, सूचना विश्लेषण | क्षेत्र प्रमुख | जि.वि.व्य.स. क्षेत्रका सदस्य, ने.रे.सो. | ३ दिनदेखि १ हप्तासम्म |
| ४ | हराएका र विछोडिएका परिवारको खोजी र पविारिक पुनर्मिलन गराउने | क्षेत्र प्रमुख र सदस्यहरू | जि.वि.व्य.स. सुरक्षा निकाय, क्षेत्रका सदस्य, स्थानीय तहहरु, ने.रे.सो., | खोजि कार्य १५ दिन र पुनर्मिलन निरन्तर |
| ५ | मानसिक रूपमा कमजोर देखिएका प्रभावित तथा पीडितलाई मनोसामाजिक सहयोग दिने | क्षेत्र प्रमुख र सदस्यहरू | स्थानीय तहहरु | एक हप्ताभित्र सुरु गरी निरन्तरता दिने |
| ६ | गर्भवती सुत्केरी महिलाहरूका लागि सुरक्षित स्थानको प्रबन्ध तथा उनीहरूको स्याहार तथा सरसफाइ र पोषणको व्यवस्थापन । | क्षेत्र प्रमुख | स्वा.का., खाद्य क्षेत्र, स्वास्थ्य क्षेत्रका सदस्य | १ महिना |
| ७ | • घाइते बालबालिका तथा विशेष आवश्यकता भएका समूहका लागि स्वास्थ्य सहयोग गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने<br>• उपचार शिविर स्थापनाको लागि समन्वय गर्ने<br>• ३ वर्षसम्मका बालबालिकाको लागि सुरक्षित स्थान तयार गर्ने | | स्वा.का., स्थानीय स्वास्थ्य चौकी, | १५ दिनभित्र |
| ८ | • भेदभाव, दुर्व्यवहार, हिंसा र शोषणका घटना अनुगमन पहिचान, अभिलेखीकरण तथा सहयोग गरी निगरानी समूह गठन गर्ने,<br>• समस्यामा परेकालाई कानुनी सहयोग तथा परामर्श सेवा दिने<br>• प्रभावित व्यक्तिहरूलाई अधिकार र कर्तव्यबारे सचेतना दिने,<br>• सहयोगी निकाय तथा सुरक्षाकर्मीलाई आचार संहिताबारे सचेतना गराउने,<br>• गर्भवती र सुत्केरीको लागि विशेष कपडा वितरण गर्ने | क्षेत्र र सदस्य | जि.वि.व्य.स., ने.रे.सो., कानुन व्यवसायी, प्रहरी, महिला प्रहरी सेल, सामुदायिक | |
| ९ | प्रतिवेदन तयार गरी अन्य क्षेत्रसँग सिकाइ आदानप्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

## ५.७.५पूर्व तयारी कार्ययोजना

यस क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि विपद्पूर्व निम्न तयारी गर्नेछ ।

| क.सं. | पूर्व तयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधि गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., मविका र क्षेत्रका सदस्य | मनसुन सुरु हुनुभन्दा अगावै |
| २ | लेखाजोखा तथा जिम्मेवारी बाँडफाँड र संरक्षणसम्बन्धी आधाररेखा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गा.पा., न.पा.हरू | |
| ३ | मनोसामाजिक कार्यकर्ताहरूको रेकर्ड तथा सूचनाहरू अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | |
| ४ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | क्षेत्रको तोकिएको सदस्य | स्थानीय तहहरु | |
| ५ | पीडितको लागि तयार भएका सुरक्षित आवासको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तहहरु | |
| ६ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने<br>क) कार्यक्रम सञ्चालन गर्ने संस्था पहिचान र रोस्टर तयार गर्ने<br>ख) सहयोगी कार्यकर्ताहरूलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तहहरु | |
| ७ | स्थानीय भाषामा आचारसंहिता मुद्रण गर्ने र क्षेत्रका सदस्यलाई जानकारी दिने | क्षेत्र प्रमुख | स्थानीय तहहरु क्षेत्रका सदस्य | |
| ८ | गत वर्ष प्रयोग गरिएका विभिन्न सूचना सामग्री अध्यावधिक गरी परिमार्जनका लागि युनिसेफसँग समन्वय गर्ने । | क्षेत्र प्रमुख | स्थानीय तहहरु | |
| ९ | सरोकारवाला एवं सुरक्षाकर्मीहरूमध्ये करिब १५० जनालाई आचार संहिता सहित संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,दातृ निकाय वा अ/गै.स.स. | बाढीपछि कार्य प्रारम्भ गर्नासाथ |
| १० | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्र प्रमुख | स्थानीय तहहरु सुरक्षा निकाय र क्षेत्रका सदस्य | बाढी आएर शिविर सञ्चालन हुन थालेपछि |
| ११ | मनोसामाजिक सेवा संयन्त्र स्थापनामा समन्वय, पुनःस्थापना केन्द्र, कानुनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्व तयारी गर्ने | क्षेत्र प्रमुख | स्थानीय तहहरु क्षेत्रका सदस्य, , स्वा.का. | मनसुन सुरु हुनुभन्दा अगावै |
| १२ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरू ( राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी, सेना लगायत) लाई तालिम दिने | क्षेत्र प्रमुख | | |
| १३ | फरक क्षमता भएका व्यक्तिहरूलाई सुरक्षासम्बन्धी पूर्व जानकारी एवं अभिमुखीकरण गर्ने | क्षेत्र | आपाङ्गता समन्वय समिति, अ/गै.स.स. | नियमित रूपमा |
| १४ | ज्येष्ठ नागरिक तथा जोखिममा पर्न सक्ने समूहलाई विपद् र आपत्कालीन मानवीय सहयोगबारे पूर्व जानकारी दिने | | अपाङ्गता समन्वय समिति | मनसुन सुरु हुनुभन्दा अगावै |

### ५.८. शिक्षा

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो र विपद्बाट उत्पन्न हुने आपत्कालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अतः जिल्ला विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

### ५.८.१ बाढीपछिको परिदृश्य

- बाढीका कारण विद्यार्थीहरु विस्थापित तथा प्रभावित हुने अनुमान गरिएको छ,
- प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसिक तनाव हुने, मनोसामाजिक समस्या हुने सम्भावना देखिएको छ,
- विद्यार्थी विद्यालय शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्य पुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अवरुद्ध हुनेछ,
- विद्यालय नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुन सक्ने सम्भावना रहनेछ ।

### ५.८.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता र मागसम्बन्धी विवरण :

| क्र. सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयका शैक्षिक सामग्री<br>डेस्क<br>बेञ्च<br>डस्टर | <br>३५०<br>३५०<br>१५० | | जिल्ला शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहहरु | गैर सरकारी संस्था र स्थानीय तहहरु | जिल्ला शिक्षा विकास तथा समन्वय इकाई,<br><br>जिल्ला प्रशासन कार्यालय |
| २. | विद्यार्थीका शैक्षिक सामग्री<br>कलम<br>कपी<br>किताब (सेट) | <br>२०००<br>२०००<br>१०० जना) | | गैर सरकारी संस्था र स्थानीय तहहरु | गैर सरकारी संस्था र स्थानीय तहहरु | |
| ३. | अस्थायी विद्यालय | २० | | गैर सरकारी संस्था र स्थानीय तहहरु | | |
| ४. | विद्यार्थीका लागि कपडा | १,००० थान | | गैर सरकारी संस्था र स्थानीय तहहरु | गैर सरकारी संस्था र स्थानीय तहहरु | |
| ५. | छात्रवृत्ति | १,००० जना | | गैर सरकारी संस्था र स्थानीय तहहरु | | |
| ६. | जोडकोष | २० विद्यालय | | गैर सरकारी संस्था र स्थानीय तहहरु | गैर सरकारी संस्था र स्थानीय तहहरु | |
| ७. | प्राथमिक सहायता बाकस (First Aid Kit) | २० | | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रशासन कार्यालय, | |

### ५.८.३ क्षेत्रगत उद्देश्य

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपत्कालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

### ५.८.४पूर्व तयारी तथा प्रतिकार्य योजना

विपद्को समयमा शिक्षा क्षेत्रले निम्नअनुसार आपत्कालीन कार्य गर्ने निर्धारण गरिएको छ :

| क्र.सं | सहयोग गतिविधि | जिम्मेवारी | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक गरी प्रभावित गा.पा., न.पा.का शैक्षिक क्षेत्रको विश्लेषण र जिम्मेवारी पुनरावलोकन | क्षेत्र प्रमुख | जि.शि.वि. तथा स. इकाई क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | शिक्षासम्बन्धी द्रुत लेखा जोखा (Initial Rapid Assessment)गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.शि.वि. तथा स. इकाई, प्याब्सन | ३ देखि १५ दिनभित्र |
| ३ | तथ्याङ्क सङ्कलन, समायोजन विश्लेषण र प्रतिवेदन तयारी र आदान-प्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | मिराको प्रतिवेदन प्राप्त भएपछि २ दिनभित्रै |
| ४ | Education cluster meeting क्रियाकलाप नं. ३ को प्रतिवेदनमाथि छलफल गर्ने र निष्कर्ष निकाल्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | २ दिनभित्र |
| ५ | शैक्षिक गतिविधि सञ्चालन गर्न सुरक्षित स्थानको पहिचान गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि. तथा स. इकाई आवास तथा गैरखाद्य क्षेत्र | ५ दिनभित्र |
| ६ | ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको लागि सुरक्षित स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि. तथा स. इकाई, आवास तथा गैरखाद्य क्षेत्र | २ हप्ताभित्र |
| ७ | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने<br>● संरक्षण क्षेत्रमा सिफरिस गर्ने,<br>● सुरक्षित स्थानको शिक्षकलाई तालिम दिने, | क्षेत्र प्रमुख | जि.शि.वि. तथा स. इकाई, आवास तथा गैरखाद्य क्षेत्र | निरन्तर |
| ८ | अस्थायी विद्यालय (Temporary Learning Center) निर्माण :<br>● करिब २३० जना विद्यार्थीको लागि कक्षा कोठा त्रिपाल र बाँसको प्रयोग गरी ३ स्थानमा अस्थायी विद्यालय बनाउने | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., आवास तथा गैरखाद्य क्षेत्र | निरन्तर |
| | ● शिक्षकलाई आपत्कालीन शिक्षासम्बन्धी १ दिने अनुशिक्षण दिने<br>● विद्यार्थीहरूलाई पाठ्य पुस्तक उपलब्ध गराउने | शिक्षा कार्यदल | जि.शि.वि. तथा इकाई स. | १ महिनाभित्र<br>२ महिनाभित्र |
| | ● पोसाक, शैक्षिक सामग्री कपडा-सर्ट, पेन्ट, स्कट वितरण गर्ने<br>● फर्निचरको प्रबन्ध गर्ने<br>● विद्यालय शैक्षिक सामग्री व्यवस्था गर्ने<br>● खेलकुद सामग्रीको व्यवस्था गर्ने | शिक्षा कार्यदल | जि.शि.वि. तथा स. इकाई, आवास तथा गैरखाद्य क्षेत्र, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्र | शिविर स्थापनाको ५ दिनभित्र<br>शिविर व्यवस्थापनको ५ दिनभित्र<br>आवश्यकताअनुसार |
| | ● खाने पानी र लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालयको व्यवस्था | | | |
| ९ | शिक्षकलाई एकपटक आवश्यक शैक्षिक सामग्री सहयोग गर्ने | शिक्षा कार्यदल | जि.शि.वि. तथा इकाई स., सहयोगी संस्था | आवश्यकताअनुसार |

| | | | | |
|---|---|---|---|---|
| १० | अनुगमन मुल्याङ्कन र प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र जि.शि.वि.स. इकाई | नियमित रूपमा |

### ५.८.५ पूर्व तयारी कार्ययोजना

शिक्षा क्षेत्रले पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको लागि विपद् व्यवस्थापन समितिसँग समन्वय गरी निम्नअनुसार पूर्व तयारी गर्नेछ

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठक गरी विभिन्न क्षेत्रको विश्लेषण गर्ने<br>आपत्कालीन शैक्षिक कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| २ | जोखिमपूर्ण क्षेत्रका विद्यालय, मदरसा, इसिडी तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि.स.इकाई, क्षेत्रका सदस्य | जेठ मसान्त |
| ३ | मिरा (MIRA) अभिमुखीकरण कार्यमा सहभागी हुने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. क्षेत्रका सदस्य | जेठ मसान्त वा जि.वि.व्य.स.ले अह्वान गरेपछि तुरुन्तै |
| ४ | अस्थायी विद्यालयको लागि त्रिपालको व्यवस्थापन | क्षेत्र प्रमुख र सदस्य | जि.शि.वि.स.इकाई, आवास तथा गैरखाद्य क्षेत्र | जेठ मसान्तभित्र |
| | कक्षा सञ्चालको लागि आवश्यक पर्ने चकटीको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,जि.शि.वि.स.इकाई,, आवास तथा गैरखाद्य क्षेत्र | आवश्यकता अनुसार |
| | प्रभावित विद्यार्थीको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठसम्ममा |
| ५ | स्थापित अस्थायी विद्यालयमा अस्थायी प्रशिक्षण केन्द्र (Temporary Learning Center)बनाउने | शैक्षिक कार्यदल | जि.शि.वि.स.इकाई, | जेठभित्र |
| ६ | करिब ७०० विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि.स.इकाई | जि.शि.वि.स.इकाईले पाठ्यपुस्तकको लागि शिक्षा विभागमा असार पहिलो साताभित्र पत्राचार गर्ने |
| ७ | हका विद्यालय नगएका ८ देखि १४ वर्ष उमेर समूहका केटाकेटीहरूका लागि अनौपचारिक शिक्षा सञ्चालन गर्ने सामग्री तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख र सदस्य | जि.शि.वि.स.इकाई, शिक्षा विभाग, अ/गै.स.स. | शिक्षा विभागसँग समन्वय गरी स्टेशनरी र पाठ्यपुस्तक मौज्दात राख्ने |
| ८ | ४६ वटा गा.पा., न.पा.का विद्यालयर इसीडीको अवस्थाको अनुगमन गरी आपत्कालीन अवस्थामा गर्ने कार्य निर्धारण गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स. सहयोगी संस्था तथा क्षेत्रका सदस्य | २०७२ असार दोस्रो साता |
| ९ | बाढी प्रभावित विद्यालयहरूलाई विद्यालय कीटको (school kit) व्यवस्थापन गर्ने (५० थान) | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>जि.शि.वि.स.इकाई, | आवश्यकताअनुसार |
| १० | जोखीममा रहेका विद्यालयहरूलाई जोखिम न्यूनीकरण (Mitigation) सम्बन्धी कार्यक्रम सञ्चालन गर्न जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र जि.वि.व्य.स.लाई अनुरोध गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.जि.शि.वि.स.इकाई क्षेत्रका सदस्य | अनुगमनको प्रतिवेदन प्राप्त भएपछि |
| ११ | पूर्व तयारी सम्बन्धमा विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जि.शि.वि.स.इकाई | जेठभित्र |
| १२ | विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई बाढीजन्य विपद्सम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख | जि.शि.वि.स.इकाई | नियमित कार्यक्रमअन्तर्गत राख्ने |

# परिच्छेद - ६
# पूर्व तयारी तथा प्रतिकार्य योजना

**(पहिरोको सन्दर्भमा)**

स्याङ्जा जिल्लाका विभिन्न क्षेत्रमा भएका पहिरोका घटनाबाट भएको जनधनको क्षतिको एकिन तथ्याङ्क नभएता पनि जिल्लामा मनसुनको समयमा सबैजसो पालिकाहरु पहिरोको जोखिममा रहेका छन् । कार्यशालामा उपस्थित प्रतिनिधिका अनुसार पहाडी क्षेत्रमा बढिरहेको वनविनाश र मानवीय अतिक्रमणका कारण भूक्षयको मात्रामा निरन्तर वृद्धि भइरहेको छ र पहिरोको जोखिम अत्यधिक वृद्धि हुँदै गइरहेको छ ।यसै सन्दर्भमा स्याङ्जा जिल्लामा जानसक्ने पहिरोबाट उत्पन्न हुनसक्ने विपद्को प्रतिकार्यका लागि क्षेत्रगत रूपमा पहिरोको लागि यो कार्ययोजना तर्जुमा गरिएको छ ।

## ६.१ समन्वय तथा सूचना व्यवस्थापन र पूर्वचेतनावनी प्रणाली क्षेत्र

स्याङ्जा जिल्लाका विभिन्न पालिकाहरुमा पहिरो गएर विशेषगरी मानवीय क्षति हुने सम्भावना देखिएको छ । यस अवस्थामा समन्वय, सूचना व्यवस्थापन तथा पूर्वचेतावनी प्रणालीले स्थानीय तहका सबै क्षेत्र, सङ्घसंस्था र जिल्ला विपद व्यवस्थापनसमिति सँग समन्वय गरी सहयोग आपत्कालीन मानवीय सहयोगन परिचालन गर्न आवश्यक कार्य गर्नेछ ।

### ६.१.१ पहिरोको सम्भावित परिदृश्य

- जिल्ला अधिकाशं पालिकाहरुपहिरोको जोखिमका रहेकोले सोमा रहेका घरपरिवारका मानिसहरु प्रत्यक्ष प्रभावित हुनेछन्,
- राति पहिरो गएमा ठूलो मानवीय क्षति हुनेछ भने पीडितले उद्धार र राहतको याचना गरिरहेको देखिनेछ,
- पहाडी दुर्गम गाउँमा यातायातको सुविधाको अभावका कारण समयमै उद्धारकर्मी पुग्न सक्ने छैनन्,
- उद्धार र राहत वितरणमा कठिनाइ उत्पन्न हुनेछ ।

### ६.१.२ उपलब्ध साधन तथा क्षमता र माग

पहिरोको विपद्को जोखिम न्यूनीकरणको लागि आवश्यक पर्ने पूर्वचेतावनी प्रणाली, संचारका साधन तथा सूचना सम्प्रेषणको लागि आवश्यक पर्ने स्रोत साधनहरु स्याङ्जा जिल्लामा उपलब्ध भए अनुरुप परिचालन हुनेछन् ।

### ६.१.३ क्षेत्रगत योजनाको उद्देश्य

पहिरोजन्य विपद्मा परेका पीडितको उद्धार गरी सुरक्षित स्थानमा बसोवास गराई आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन सरकारको नीतिनिर्देशनको अधिनमा रही मानवीय सहयोग परिचालन गराई सबै सरोकारवालासँग समन्वय गर्दै सूचना र तथ्याङ्कको विश्लेषण गरी प्रभावकारी प्रतिकार्यको व्यवस्थापन गर्नु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ६.१.४ आपत्कालीन प्रतिकार्य कार्ययोजना (पहिरो)

जिल्लाको कुनै क्षेत्रमा पहिरो गएर विपद्को अवस्था उत्पन्न भएमा समन्वय सूचना तथा पूर्वचेतावनी प्रणाली क्षेत्रले निम्नानुसार आपत्कालीन कार्य गर्नेछ

| क्र.स. | पूर्व तयारी तथा प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | पहिरो जानलागेको थाहा पाइएमा प्रभावित हुन सक्ने परिवारलाई सुरक्षित स्थानमा लैजाने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | खोज तथा उद्धार क्षेत्र, नेपाली सेना, ने.रे.सो. | पहिरो जानसक्ने सूचना प्राप्त भएमा तत्कालै |
| २ | पहिरो जान लागेको क्षेत्रका छिमेकी समक्ष पनि सूचना प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सुरक्षा निकाय, नागरिक समाज | तत्कालै |
| ३ | खोज तथा उद्धार क्षेत्रसँग सम्पर्क गरी उद्धारकर्मी परिचालन गराउने | क्षेत्र प्रमुख | खोज तथा उद्धार क्षेत्र, ने.रे.सो., स्थानीय समुदाय | तत्कालै |
| ४ | सबै क्षेत्रको आपत्कालीन बैठक बोलाउने, पहिरो गएमा गर्नु पर्ने कामबारे छलफल गरी स्रोतको व्यवस्थाको लागि का.स.सँग अनुरोध गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र अन्य सबै क्षेत्रका प्रमुख, का.स. | तत्कालै |
| ५ | पहिरोबाट भएको क्षतिको सूचना नियमित | क्षेत्र प्रमुख | जि.वि.व्य.स.को समन्वय | तत्कालैदेखि अवस्था |

| | | | | |
|---|---|---|---|---|
| | सङ्कलन गरी प्रवाह गर्ने | | तथा सूचना क्षेत्र, सञ्चार माध्यम, उद्धारकर्मी, क्षेत्र-सदस्य | सामान्य नभएसम्म |
| ६ | पीडित तथा विस्थापितलाई सरकारबाट निर्धारित सहयोग उपलब्ध गराउन पहल गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गा.पा., न.पा., नागरिक समाज | १२ घण्टाभित्र |
| ७ | प्राप्त सूचनाको आधारमा पहिलो प्रतिवेदन तयार गरी जि.वि.व्य.स. र सरोकारवाला निकायलाई दिने<br>पछिल्ला प्रतिवेदन नियमित रूपमा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, उद्धारकर्मी | १२ घण्टाभित्र |
| ८ | पहिरोजन्य विपद्को सूचना सरोकारवालालाई नियमित उपलब्ध गराउने र जि.स.स.को सूचना केन्द्रबाट सूचना प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य, , जि.स.स., जि.प्रशासन का. को विपद्सम्बन्धी सम्पर्क व्यक्ति | पहिरो गएदेखि नियमित रूपमा (स्थिति सामान्य नभएसम्म) |
| ९ | आपत्कालीन बैठकको आयोजना गरी क्षेत्रगत कार्यविभाजन अनुसार काम गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जि.वि.व्य.स., अन्य क्षेत्रका प्रमुख तथा सदस्य | २४ घण्टाभित्र |
| १० | पीडितलाई सरकार तथा गैरसरकारी क्षेत्रबाट प्राप्त हुने सहयोग उपलब्ध गराउन सहकार्य गर्ने | गा.पा. प्रमुख | जि.वि.व्य.स., स्थानीय गै.स.स., अन्तर्राष्ट्रिय गै.स.स. | २ दिनभित्र |
| ११ | समन्वयकारी भूमिका निर्वाह गरी सबै क्षेत्रको प्रतिकार्यको अनुगमन गर्ने | गा.पा. प्रमुख | क्षेत्रका सदस्य | नियमित |

### ६.१.५ पूर्व तयारी कार्ययोजना

समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रले पहिरोजन्य विपद्को आपत्कालीन सयमयमा गर्ने कार्यको लागि निम्नअनुसार पूर्व तयारी गर्नु पर्नेछ ।

| क्र.स | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | पूर्व तयारी बैठक गरी पहिरो जानसक्ने ठाउँबारे पूर्व जानकारी लिने र अध्यावधिक गर्ने | क्षेत्र प्रमुख, | जि.वि.व्य.स. गा.पा., न.पा., नागरिक समाज ने.रे.सो., | मनसुन सुरु हुनु अगावै |
| २ | पहिरो जान सक्ने क्षेत्रका समुदायलाई पहिरोबारे सचेतना गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गा.पा., न.पा. | |
| ३ | पहिरो जाने मौसममा अन्य क्षेत्रसँग समन्वय गरी पूर्वतयारीसम्बन्धी कार्यमाथि छलफल गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, अन्य क्षेत्रका प्रमुख र गा.पा., न.पा. | |
| ४ | जि.स.स. तथा सूचना व्यवस्थापन क्षेत्रसँग समन्वय गरी आपत्कालीन सूचना प्रसारण व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जि.वि.व्य.स., | |
| ५ | सरकारबाट विपद्पीडित तथा प्रभावितलाई उपलब्ध गराउने मानवीय सहयोगसम्बन्धी निर्णय र सम्बन्धित विषयमा अध्यावधिक जानकारी लिने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जि.वि.व्य.स. | नियमित रूपमा |
| ६ | स्थानीय तहतथा जिल्ला तहमा विपद्सम्बन्धी विषयमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सूची र तिनीहरूबाट प्राप्त हुने सम्भावित स्रोतको सूचीकरण गरी सबै क्षेत्रलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जि.वि.व्य.स., गैरसरकारी संस्था | मनसुन सुरु हुनु अगावै |
| ७ | डिभिजन वन कार्यालयसँग समन्वय गरी पहिरो न्यूनीकरण र पहिरो गइसकेपछिको नियन्त्रण कार्यको लागि सहयोग माग गर्ने र समन्वय गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. गा.पा., न.पा. ने.रे.सो., | |

## ६.२. खोज तथा उद्धार क्षेत्र

पहिरो गएको अवस्थामा खोज तथा उद्धार क्षेत्रको जिम्मेवारी सम्हाल्ने निकाय तथा संस्थाले विपद्को सूचना प्राप्त हुनासाथ आफूलाई सक्रिय बनाउनु पर्ने हुन्छ । यस क्षेत्रको जिम्मेवारी निर्धारणका निमित्त निम्न विषयमा समेत ध्यान दिनु पर्ने हुन्छ ।

### ६.२.१ पहिरोको सम्भावित परिदृश्य

- घर, खेत, बारी, पशुधन पहिरोले बगाएर क्षति हुनेछ,
- पहिरोमा मानवीय क्षति भए परिवारमा भयानक पीडा हुनेछ भने पशुधन र खेतीपातीमा क्षति हुँदा गरिबीको पीडा बढ्नेछ,
- पहिरोमा परेर मानिस र घरपालुवा पशु घाइते हुनेछन् ।

### ६.२.२ उपलब्ध साधन तथा क्षमता र माग सशस्त्र प्रहरी बल

स्याङ्जा जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता र मागसम्बन्धी विवरण :

| क्र.सं. | आवश्यक पर्ने साधन/स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय | अनुमानित मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | यातायातको साधन | रिकभरी भ्यान-१ | एम्बुलेन्स-१ पिकअप-२ ट्रक-१ | सशस्त्र प्रहरी बल | | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी बल, जिल्ला प्रशासन कार्यालय | |
| २ | डुंगा | डुंगा-१ | | | | | | |
| ३ | लाइफ ज्याकेट | १३ थान | ३५ थान | UNDP | | | | |
| ४ | डोरी | क्यारभिना रोप सेट १००० | १५०० मी. Heavy १००० मी. | सशस्त्र प्रहरी बल | क्याराभिना रोप १००० मी. | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी बल, जिल्ला प्रशासन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मी. | | | | | कार्यालय | |
| ५ | प्राथमिक उपचार बाकस | ५ सेट | | | | | | २ सेट |
| ६ | पम्प, ट्युव, बाल्टी, खन्ती, बेल्चा, पिक, सावेल, गल आदि | पम्प -३, ट्युव-२०, बाल्टी -२०, खन्ती -२०, बेल्चा-२०, पिक-२० UNDPबाट उपलब्ध | | | | | | डिग टुल-१३६ सावेल-२१ पिक-१७ फरुवा-७ आदि |

### ६.२.३ क्षेत्रगत योजनाको उद्देश्य

पहिरोमा परेका मानिसको शीघ्र उद्धार गरी जीवन बचाउने तथा महत्वपूर्ण सम्पत्तिको सुरक्षा गरी पीडित तथा प्रभावितलाई मानवीय सहयोग उपलब्ध गराउने प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहनेछ ।

### ६.२.४ आपत्कालीन समयको लागि कार्ययोजना

पहिरोजन्य विपद्को समयमा खोज तथा उद्धार क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ :

| क्र.स. | पूर्व तयारी तथा प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | पहिरो जानलागेको वा गएको खबर प्राप्त हुनासाथ स्थानीय उद्धार कार्यदल परिचालन गरी सबै सुरक्षा निकायहरूमा खबर गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. सुरक्षा निकायहरू, ने.रे.सो., स्थानीय समुदाय | पहिरो गएको खबर पाउना साथ |
| २ | तालिमप्राप्त स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., स्थानीय क्लब | पहिरो जान साथ |
| ३ | प्रभावित क्षेत्रको सुरक्षा प्रबन्ध मिलाउने | क्षेत्र प्रमुख | जिल्ला प्रहरी कार्यालय, स्थानीय सुरक्षा केन्द्र | पहिरो जानासाथ |
| ४ | पहिरोमा मानिस परेको वा नपरेको यकिन गर्ने र मानिस परेको भए भौगोलिक अवस्था अनुरूप खोजी गर्ने रणनीतिक विधि अपनाउने | उद्धार कार्यदल | जि.वि.व्य.स. क्षेत्रका सदस्य, गा.पा., न.पा., छिमेकी | तत्कालै |
| ५ | पहिरोबाट विस्थापितलाई सुरक्षित स्थानमा बसोवास गराउने | उद्धार कार्यदल, गा.पा., न.पा. | जि.वि.व्य.स., आवास क्षेत्र | तत्कालै |
| ६ | पहिरोको जोखिममा रहेका महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई पहिले उद्धार गर्ने | उद्धार कार्यदल, | जि.वि.व्य.स., ने.से.,स.प्र.बल, गा.पा., न.पा., ने.रे.सो. | उद्धार नसकिएसम्म |
| ७ | सामान्य नागरिकको खोजी तथा उद्धारलाई निरन्तरता दिने | उद्धार कार्यदल | जि.वि.व्य.स., स.प्र.बल, ने.रे.सो., | पीडितको उद्धार नसकिएसम्म |
| ८ | पीडित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षित तरिकाले निकाल्ने | उद्धार कार्यदल | जि.वि.व्य.स., ने.से.,स.प्र.बल, ने.रे.सो., | उद्धार नसकिएसम्म |
| ९ | घरपालुवा पशुको उद्धार गर्ने | उद्धार कार्यदल | ने.से.,स.प्र.बल, ने.रे.सो., | तत्कालै |
| १० | पहिरोमा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने | उद्धार कार्यदल | जि.वि.व्य.स. स्वास्थ्य क्षेत्र, स्वा.का. | पहिरो गएको समयदेखि नियमित |
| ११ | निम्नअनुसार अभिलेख तयार गरी गा.पा. र जि.वि.व्य.स.लाई दिने<br>• उद्धार गरिएका व्यक्ति<br>• बेपत्ता भएका वा मृत्यु भएका व्यक्ति<br>• मरेका घरपालुवा पशु<br>• क्षतिग्रस्त भौतिक सम्पत्ति तथा सार्वजनिक भवन<br>• क्षतिग्रस्त कृषि बाली र खेतीयोग्य भूमि | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जिल्ला स्थित खोज तथा उद्धार कार्यदल, , ने.रे.सो. | नियमित रूपमा |

### ६.२.५ आपत्कालीन कार्यको लागि पूर्व तयारी

पहिरो गएको समयमा उद्धार तथा खोज क्षेत्रले गर्ने आपत्कालीन कार्यको लागि निम्न पूर्व तयारी गर्नुपर्छ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | पूर्व तयारी बैठकलाई बाढीको सन्दर्भमा गरिने बैठकमा समाहित गरी आवश्यक तयारी गर्ने | क्षेत्र प्रमुख | ने.से.,स.प्र.बल, नेप्र, सम्बन्धित गा.पा., न.पा., ने.रे.सो. | |
| २ | बाढीको सन्दर्भमा गठित उद्धार कार्यदललाई पहिरोको सन्दर्भमा पनि प्रयोग गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जि.वि.व्य.स., ने.से.,स.प्र.बल, ने.रे.सो., | |
| ३ | रक कलाइम्बिङको तालिम प्राप्त उद्धारकर्मीलाई पहिरोको उद्धार कार्यदलभित्र राख्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जि.वि.व्य.स., ने.से.,स.प्र.बल, ने.रे.सो., | |
| ४ | उद्धार कार्यकाल लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्तका लागि सुरक्षा निकाय र जि.वि.व्य.स.सँग अनुरोध गर्ने<br>*(लाइफ ज्याकेट, उद्धार डोरी, क्याराभान हुक, गैंती, बेल्चा, कुटो, कोदालो आदि)* | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.से.,स.प्र.बल, ने.रे.सो. | |
| ५ | पहिरो जान सक्ने गा.पा. र वडाका लागि सम्पर्क व्यक्ति निर्धारण गरी सूचना प्रवाहको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो.,राजनीतिक दल प्रतिनिधि | |
| ६ | जिल्ला र स्थानीय उद्धार कार्यदलबीच सूचना आदानप्रदानको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | गा.पा., न.पा., ने.रे.सो., | मनसुन सुरु हुनु अगावै |
| ७ | उद्धारको समयमा आवश्यक पर्ने सञ्चार उपकरण र उद्धार सामग्री व्यवस्था गर्ने र भएका सामग्रीको परीक्षण गरी आवश्यकताअनुसार मर्मतसम्भार गर्ने | क्षेत्र प्रमुख, | सुरक्षाकर्मी, सुरक्षा निकाय | |
| ८ | पीडितलाई राख्न सुरक्षित स्थानको खोजी, पहिचान र निर्धारण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा., ने.रे.सो., नागरिक समाज | |
| ९ | अस्थायी आवासहरू पहिचान गरिराख्ने | क्षेत्र प्रमुख | गा.पा., न.पा., आवास क्षेत्र, स्थानीय विद्यालय, नागरिक समाज | |
| १० | प्राथमिक उपचारको लागि स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार कीट प्राप्त गरी राख्ने | क्षेत्र प्रमुख | उपस्वास्थ्य चौकी, स्वा.का., ने.रे.सो. | |
| ११ | उद्धारका लागि र ने.रे.सो.का स्वयंसेवकहरूलाई तालिम दिने<br>(बाढीको सन्दर्भमा तालिम दिँदा मिलाएर एकैपटक दिन सकिने) | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय, गा.पा., न.पा., अ/गै.स.स., ने.रे.सो. | |

## ६.३. खाद्य क्षेत्र

पहिरो गएको परिच्छेदमा त्यसबाट विस्थापित हुने तथा प्रभावित हुने घरपरिवारलाई आपत्कालीन सहयोग उपलब्ध गराउनको लागि यस क्षेत्रले खाद्यान्न उपलब्ध गराउने कार्यमा जोड दिनेछ । विशेषगरी आपत्कालीन समयमा बढीमा ३० दिनसम्म घरबारविहीन परिवारलाई खाद्यान्न सहयोग उपलब्ध गराउन समन्वय गरी स्रोतको परिचालन गर्नेछ ।

### ६.३.१ विपद्को सम्भावित अवस्था तथा असर

- घर, खेत, बारी, पशुधन पहिरोले बगाएर क्षति हुन्छ,
- पहिरोमा मानवीय क्षति भए परिवारमा भयानक पीडा हुनेछ भने पशुधनको क्षति हुँदा गरिबीको पीडा बढ्नेछ,
- पहिरोमा परेर मानिस घाइते हुनेछन् भने घरपालुवा पशु पनि मर्ने वा घाइते हुनेछन्,
- पहिरोले घर नै बगाएपछि अन्नपात, खाद्यान्न, लुगाफाटो आदि केही नभएर परिवारका सदस्य विचल्लीमा पर्नेछन्।

### ६.३.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता र मागसम्बन्धी विवरण

### ६.३.३ क्षेत्रगत योजनाको उद्देश्य

पहिरोका कारण विस्थापित भएका व्यक्ति तथा परिवारलाई आपत्कालीन समयमा खाद्यान्न उपलब्ध गराई सहयोग गर्ने सुनिश्चितता दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ६.३.४ आपत्कालीन समयको लागि कार्ययोजना

पहिरोबाट विस्थापित भएका व्यक्ति, परिवार तथा समुदायलाई यस क्षेत्रले खाद्यान्न उपलब्ध गराउन निम्नअनुसार कार्य गर्नेछ :

| क.स | पूर्व तयारी तथा प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको बैठक गरी खाद्यान्न उपलब्ध गराउनु पर्ने परिवार यकिन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय, | पहिरो जानासाथ |
| २ | मानवीय सहयोगका लागि काम गर्ने अन्य क्षेत्र र केन्द्रीय विपद व्यवस्थापनसमितिसँग सहयोग माग गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा., ने.रे.सो., | पहिरोपछि तत्कालै |
| ३ | तयारी खाना (चाउचाउ, चिउरा, बिस्कुट आदि) को व्यवस्था गरी पीडितलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | पहिरो आएको २४ घण्टाभित्र |
| ४ | का.स.सँग आवश्यक खाद्यान्नको निकासाका लागि अनुरोध गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | पहिरो आए लगत्तैदेखि |
| ५ | अस्थायी आश्रयस्थलको स्वरूप र विस्थापितको सङ्ख्याअनुसार आवश्यक परेमा खाद्यान्न वितरण केन्द्र स्थापना गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., गा.पा., न.पा., | ७ दिन भित्र |
| ६ | खाद्यान्न वितरणका लागि तालिमप्राप्त स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., अ/गै.स.स., गा.पा., न.पा., | आवश्यक भएमा |
| ७ | समन्वय तथा सूचना क्षेत्रसँग समन्वय गरी विस्थापितलाई परिचयपत्र दिने | क्षेत्र प्रमुख | ने.रे.सो., अ/गै.स.स., गा.पा., न.पा., | आवश्यक देखिएमा |
| ८ | मापदण्डले निर्धारण गरेअनुसार खाद्यान्न व्यवस्था र वितरण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., अ/गै.स.स. | ८औं दिनदेखि ३० दिनसम्म |
| ९ | गर्भवती, सुत्केरी, बच्चालाई स्तनपान गराउने महिला, बालबालिका, तथा बूढाबूढी र बिरामीलाई स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी पोणयुक्त खाद्यान्न उपलब्ध गराउने | क्षेत्र प्रमुख | ने.रे.सो., अ/गै.स.स., गा.पा., न.पा., स्वास्थ्य तथा पोषण क्षेत्र | आवश्यकता अनुसार |
| १० | पिछडिएका वर्गसम्म खाद्यान्नको शुलभ पहुँच भएको यकिन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., जिल्ला प्रहरी | आवश्यकताअनुसार |
| ११ | नियमित रूपमा प्रतिवेदन तयार गरी अन्य क्षेत्रका साथै जि.वि.व्य.स. तथा सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | प्रहरी, अ/गै.स.स., गा.पा., न.पा., ने.रे.सो. | प्रत्येक हप्ता |

### ६.३.५ आपत्कालीन समयको लागि पूर्व तयारी कार्य

उल्लिखित आपत्कालीन कार्य सञ्चालन गर्न खाद्य क्षेत्रले निम्नअनुसार पूर्व तयारी गर्नु पर्नेछ

| क.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवार व्यक्ति | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | बाढीको सन्दर्भमा हुने पूर्व तयारी बैठकमा छलफल गरी कार्यविभाजन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य | जेठ दोस्रो साता |
| २ | का.स., जि.वि.व्य.स. र ने.रे.सो.सँग समन्वय गरी आवश्यक खाद्यान्नको व्यवस्था मिलाइराख्ने *(खरीद, भण्डारण, बजार पहिचान र आपूर्तिकर्ताको सूची र दरभाउपत्र लिने)* | क्षेत्र प्रमुख | जि.वि.व्य.स., अ/गै.स.स., जिल्लाको खाद्य क्षेत्र | जेठ दोस्रो साता |
| ३ | आपत्कालका लागि तयारी खानाको व्यवस्था मिलाइराख्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., स्थानीय गै.स.स. | जेठको दोस्रो साता |
| ४ | खाद्यासामग्री भण्डारण र आन्तरिक ढुवानीको व्यवस्था मिलाइराख्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा. ने.रे.सो., | जेठ मसान्त |
| ५ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी कुपोषणमा परेका बालबालिका, वृद्ध, सुत्केरी तथा गर्भवती महिलाको लागि आवश्यक पर्ने पौष्टिक | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., स्वास्थ्य क्षेत्र | जेठ मसान्त |

| | | | | |
|---|---|---|---|---|
| | आहारको व्यवस्था गर्न अनुरोध गर्ने | | | |
| ६ | खाद्यान्न सम्बन्धी बाढीको सन्दर्भमा गरिएको पूर्वतयारीअनुसार पूर्ण व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा., ने.रे.सो., अ/गै.स.स. | जेठ मसान्त |

## ६.४. आवास तथा गैरखाद्य क्षेत्र

पहिरोका कारण घरबार गुमाएर विस्थापित भएका परिवारलाई आपत्कालीन आवासको व्यवस्था गरी उनीहरूलाई सुरक्षित राख्नु गा.पा., न.पा.को दायित्व हुन्छ । गा.पा., न.पा.मा गठित आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि नेपाल रेडक्रस सोसाइटी वा अन्तर्गत आवास तथा गैरखाद्य क्षेत्रसँग सहयोग लिएर आवासको व्यवस्था मिलाउने कार्य गर्नेछ ।

### ६.४.१ विपद्को सम्भावित अवस्था तथा असर र आवश्यकता

- जिल्लाका विस्थापितलाई अस्थायी रूपमा गाउँका विद्यालय, मन्दिर वा सार्वजनिक भवनमा राख्न सकिनेछ,
- पहिरोले सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारजस्ता सार्वजनिक सम्पत्ति क्षतिग्रस्त हुनेछन्,
- सार्वजनिक स्थान अस्थायी आवासको लागि प्रयोग हुँदा सरसफाइमा समस्या उत्पन्न भएर जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ,
- पहिरोमा परेर मानिस घाइते भएका हुनेछन् र परिवारको विछोडबाट प्रताडित हुनेछन् ।

### ६.४.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता र मागसम्बन्धी विवरण

| क्र. सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १. | भान्साको लागि एक सेट भाँडावर्तन | २० सेट सामूहिक | | आमा समूह क्लब | १३ सेट | स.नि. | जि.प्र.का. रेडक्रस |
| २. | त्रिपाल | ५०० | ५०० | रेडक्रस स्थानीय स.नि. | ४०० थान | स.नि. | रेडक्रस |
| ३. | बाँस | ३,००० घना | १००० | स्थानीय समुदाय | | जि.वि.का. | रेडक्रस |
| ४. | डोरी -विभिन्न) | १,००० किलो | १० रोल | जि.प्र.का. रेडक्रस गा.पा., न.पा. | ७५ किलो | युएनडीपी | रेडक्रस |
| ५. | लगाउने कपडा | १,००० सेट | | रेडक्रस उ.बा.सं. संघ/संस्था | १००० थान विभिन्न | युएनडीपी | रेडक्रस |
| २ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (मिरा ( MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, अ/गै.स.स., | |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी निकाय वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| ५ | आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin)७ दिनको लागि पुग्नेगरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ६ | आपत्कालीन अवस्थाको लागि सङ्कटासन्न गा.पा., न.पा.को लागि तीन थानका दरले प्राथमिक उपचार बाकस (First Aid Kits)व्यवस्था गर्ने | क्षेत्र प्रमुख | स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ७ | हरेक सङ्कटासन्न गा.पा., न.पा.मा कम्तीमा पनि ९ जनालाई पोषणसम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र बुढाबुढीको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स. | |
| ९ | आवश्यक सबै सामान खरीद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | बन्दोवस्ती क्षेत्र, स्वा.का., जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| ११ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने र पाठ्यसामग्री तयार गरी स्वयंसेवक परिचालन गर्ने | कार्यदल | जि.वि.व्य.स., ने.रे.सो., अ/गै.स.स., | |
| १२ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने | कार्यदल | स्वा.का., ने.रे.सो., अ/गै.स.स., | |
| १३ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | क्षेत्रका सदस्य | |

## ७.७ शिक्षा क्षेत्र

यस क्षेत्रले भूकम्पका कारण प्रभावित भएका विद्यालयमा एकसातापछि पठनपाठनलाई नियमित राखी विद्यार्थीको शिक्षा आर्जन गर्न पउने नैसर्गिक अधकारको रक्षा गर्न आवश्यक व्यवस्था र बन्दोबस्त गर्नेछ।

### ७.६.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- जिल्लाका धेरै विद्यालयकाविद्यार्थीहरु नियमित शिक्षा अर्जन गर्ने अवसरबाट बञ्चित हुने सम्भावना रहेको छ।
- भूकम्पमा परी धेरै विद्यालयहरू को भौतिक संरचना बिग्रने संभावना रहेको छ।

- बालबालिका, बृद्धवद्धा, रोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला कुपोषणबाट प्रभावित बालबालिकामा स्वास्थ्य सम्बन्धी समस्या बढ्ने सम्भावना रहन्छ ।

### ७.६.२ यस क्षेत्रका लागि आवश्यक साधनको अवस्था र माग

| क्र. सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयका शैक्षिक सामग्री<br>डेस्क<br>बेञ्च<br>डस्टर | ३५०<br>३५०<br>१५० | | UNICEF<br>UNDP<br>DEO<br>सम्बन्धित स्थानीय तह | | UNICEF<br>UNDP<br>DEO<br>सम्बन्धित स्थानीय तह |
| २. | विद्यार्थीका शैक्षिक सामग्री<br>कलम<br>कपी<br>किताब (सेट) | २०००<br>२०००<br>१०० जना) | | UNICEF<br>JICA,<br>UNDP | | DEO, DDC |
| ३. | अस्थायी विद्यालय | २० | | DEO<br>JICA<br>UNICEF<br>UNDP | | DEO<br>DDC |
| ४. | विद्यार्थीका लागि कपडा | १,००० थान | | DEO,<br>JICA<br>UNICEF<br>UNDP | | DEO<br>सम्बन्धित स्थानीय तह |
| ५. | छात्रवृत्ति | १,००० जना | | DEO,<br>JICA<br>UNICEF<br>UNDP | | DEO<br>सम्बन्धित स्थानीय तह |
| ६. | जोडकोष | २० विद्यालय | | DEO,<br>JICA<br>UNICEF<br>UNDP | | DEO<br>DDC |
| ७. | प्राथमिक बाकस | २० | | DHO | | DEO<br>DHO |

### ७.६.३ क्षेत्रगत योजनाको उद्देश्य

विद्यालयहरू क्षतिग्रस्त भई नियमित पठनपाठन अबरुद्ध भएका विद्यालयका विद्यार्थी र विस्थापित घरपरिवारका बालबालिकालाई नियमित रुपमा आपत्कालीन शिक्षा कार्यक्रम सञ्चालन गराई शिक्षा अर्जन गर्न पाउने अधिकारको संरक्षण गरी नियमित शिक्षा प्रदान गर्नु यस विषयगत क्षेत्रको उद्देशय हुनेछ

### ७.६.४ आपत्कालीन समयमा गरिने प्रतिकार्यसम्बन्धी क्रियाकलाप

भूकम्पबाट उत्पन्न विपद्को अवस्थामा प्रभावित विद्यार्थीको पठनपाठन नियमित गर्न निम्नअनुसारका कार्य गरिनेछ :

| क्र.सं. | सहयोग गतिविधि | जिम्मेवारी | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक गरी प्रभावित गा.पा., न.पा.का शैक्षिक क्षेत्रको विश्लेषण र जिम्मेवारी पुनरावलोकन | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | शिक्षासम्बन्धी द्रुत लेखा जोखा (Initial Rapid Assessment)गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.शि.वि. तथा इकाई स., प्याब्सन, | ३ देखि १५ दिनभित्र |

| | | | | |
|---|---|---|---|---|
| ३ | तथ्याङ्क सङ्कलन, समायोजना विश्लेषण र प्रतिवेदन तयारी र आदान-प्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | मीराको प्रतिवेदन प्राप्त भएपछि २ दिनभित्रै |
| ४ | शैक्षिक गतिविधि सञ्चालन गर्न सुरक्षित स्थानको पहिचान | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, आवास तथा गैरखाद्य क्षेत्र, | ५ दिनभित्र |
| ५ | ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको लागि सुरक्षित स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, , आवास तथा गैरखाद्य क्षेत्र | २ हप्ताभित्र |
| ६ | मनोसामाजिक परामर्श सेवा<br>• संरक्षण क्षेत्रमा सिफरिस गर्ने<br>• सुरक्षित स्थानको शिक्षकलाई तालिम<br>• सुरक्षित स्थानको सङ्ख्या जम्मा ८४ | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, आवास तथा गैरखाद्य क्षेत्र, | निरन्तर |
| ७ | अस्थायी विद्यालय (Temporary Learning Center) निर्माण र कक्षा १ देखि ५ सम्मको कक्षा सञ्चालन<br>• १०० जनाको क्षमताको कक्षा कोठा त्रिपाल र बाँसले बनेको | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, आवास तथा गैरखाद्य क्षेत्र, | निरन्तर |
| | • शिक्षक तालिम<br>• विद्यार्थीहरूलाई पाठ्य पुस्तक वितरण | शिक्षा कार्यदल | ीजि.शि.वि. तथा इकाई स. | १ महिनाभित्र<br>२ महिनाभित्र |
| | • पोसाक, शैक्षिक सामग्री कपडा-सर्ट, पेन्ट, स्कट वितरण गर्ने<br>• फर्निचरको प्रबन्ध गर्ने<br>• विद्यालय शैक्षिक सामग्री व्यवस्था गर्ने<br>• खेलकुद सामग्रीको व्यवस्थ ागर्ने<br>• खाने पानी र लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालयको व्यवस्था | शिक्षा कार्यदल | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, आवास तथा गैरखाद्य क्षेत्र, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्र | शिविर स्थापनाको ५ दिनभित्र<br>शिविर व्यवस्थापनको ५ दिनभित्र<br><br>आवश्यकताअनुसार |
| | • शिक्षकलाई एकपटक आवश्यक सामग्री सहयोग गर्ने | शिक्षा कार्यदल | युनिसेफ | आवश्यकताअनुसार |
| ८ | • ६ - १० कक्षाका विद्यार्थीहरूका लागि आवश्यक कार्यक्रम गर्ने<br>• ६ - १० कक्षामा भर्ना भएका विद्यार्थीको तथ्याङ्क सङ्कलन<br>• आश्रित विद्यालयलाई सहयोग गर्ने<br>• विद्यार्थीलाई स्टेशनरी र पोषाकको वितरण गर्ने<br>• पाठ्यपुस्तक वितरण गर्ने<br>• ९- १० का विद्यार्थीको लागि विशेष कक्षाको व्यवस्था<br>• विद्यालयलाई फर्निचर को व्यवस्थापन र थप आवश्यक शिक्षकको परिचालन<br>• कक्षा ११ - १२ का विद्यार्थीहरूका लागि पोषाक र स्टेशनरी र शुल्कको व्यवस्थापन | शिक्षा कार्यदल | • जि.शि.वि. तथा इकाई स.,<br>• युनिसेफ,<br>• सेभ द चिल्ड्रेन,<br>• वर्ल्डभिजन,<br>• जाइका<br>• आवास तथा गैरखाद्य क्षेत्र,<br>• निजी विद्यालय<br>• प्याब्सन | १५ दिनभित्र |
| | अनुगमन मुल्याङ्कन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र जि.शि.वि. तथा इकाई स. | निरन्तर |
| | विद्यालय नगएका ८ देखि १४ वर्ष सम्मका बालबालिकाको लागि अनौपचारिक शिक्षा चलाउने | क्षेत्र प्रमुख | जि.शि.वि. तथा इकाई स., युनिसेफ, सेभ द चिल्ड्रेन, | १ महिना |

### ७.६.५ पूर्व तयारी कार्ययोजना

| क.सं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन समिति गठन | DEO, RC, NGOS, REDC | DEO, RP, SS, NGOS, R. CROSS |
| २. | सचेतना तालिम (SMC, PTA, Teachers, Student Parents) | NGO, DEO जि.वा.क.स. Red cress, सम्बन्धित स्थानीय तह | NGOS, RP, SS जि.वा.क.स. Red cress, सम्बन्धित स्थानीय तह |
| ३. | Leaflot र ब्रोसर Publish | DED, RC, सम्बन्धित स्थानीय तहRed cress | DED, RC, DCC, सम्बन्धित स्थानीय तह Red Cross |
| ४. | पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीमा समावेश | CDC, NCED, DOE | CDC, NCED, DOE |
| ५. | भूकम्प निरोधक भौतिक संरचनामा जोड दिने | DOE विद्यालय भौतिक सुधार शाखा, DEO, सम्बन्धित स्थानीय तह | Engineer, Sub-Engineer, सम्बन्धित स्थानीय तह Technician team |
| ६. | आपतकालीन दैवी प्रकोप कोष खडा (Matching Fund) | DOE/UNDP, DEO, UNICEF, सम्बन्धित स्थानीय तह, NGOS | DOE/UNDP, DEO, UNICEF, सम्बन्धित स्थानीय तहNGOS |
| ७. | सूचना सम्पर्क सम्बन्धी अभिलेखीकरण र (Teliphone, Mob. No. publication) | DEO, RC, सम्बन्धित स्थानीय तह Red cress | DEO, RC, सम्बन्धित स्थानीय तहRed cress |
| ८. | प्राथमिक उपचार बाकसको उपकरण र औषधि व्यवस्था एवं शोधभर्ना पद्धति र तालिम | DEO, DHO, SHP, ILAKA, HP, PHC, NRC. | DEO, DHO Red Cress |
| ९. | हेण्डमाइक, स्टेचर र उपचार कक्षा निर्माण | UNDP, DHO, DEO, NRCS | UNDP, DHO, DEO, NRCS |
| १०. | प्रकोप बचावटका निम्ति SIP मा include गर्ने | DEO, RC | DEO, SS, RC |
| ११. | प्रकोप व्यवस्थापन समितिको बैठक नियमित | School, RC, DEO | HT, RP, DEO |

## परिच्छेद-८
## संरक्षण (Protection) क्षेत्र

### ८.१. विपद् सम्बन्धी परिस्थितिः भूकम्प बाट हुनसक्ने सम्भावित मानवीय असर

- मानवीय क्षति, घाइते बालबालिका, बिछोडिएका तथा एकल बालबालिका, अनाथहरुको संख्यामा बृद्धि, मानवबेचबिखन
- मानिस तथा पाल्तु जनावरहरुको आन्तरिक बिस्थापन
- विद्यालय बन्द, शैक्षिक अवसरहरुमा अबरोध,
- चोरी ,शोषण, भेदभाव, सम्भावित मानसिक आघात (Trayna) तथा मनोवैज्ञानिक बिपत्ति,
- लिङ्गमा आधारित हिंसा (Gender-Based Violence-GBV)को बढ्दो जोखिम,
- सामना गर्ने संयन्त्र (Coping Mechanism)मा अबरोध, शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण
- केही समुदाय अथवा समूहहरुका लागि मानवीय प्रतिकार्यमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

### ८.२. समष्टिगत उद्देश्यः

महिला बालबालिका लगायत जोखिममा रहेका समूहहरुले आपत्कालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त गर्दछन् ।

### ८.३. विशिष्ट उद्देश्यः

१. नेपालका प्राकृतिक विपद् तथा अन्य आपत्कालिन परिस्थितिहरुमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरुमा जोखिममा रहेका समूहहरुका लागि मानव अधिकार सम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका (Guaranteed) मौलिक अधिकारहरुको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने,

२. जोखिममा रहेका समूहहरुको संरक्षण सुनिश्चित गरी आपत्कालिन प्रतिकार्य योजना अनुरुप राहत उपलब्ध गराउने,

३. आपत्कालिन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरुलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरुको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरुका लागि सहज रुपमा सेवा उपलब्ध गराउने,

४. बालमैत्री ठाउँ तथा मनोसामाजिक परामर्श सम्बन्धी प्रतिकार्यको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने,

५. बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरुले पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा प्रतिकार्य र त्यस्तो प्रतिकार्यपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यको सुनिश्चिता प्रदान गर्ने,

६. यौन दुर्व्यवहार तथा हिंसाका बिरुद्धको अभियान सञ्चालन गर्ने सो को पैरवी (Advocacy) गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरुको यौन दुर्व्यवहार तथा शोषणको न्यूनीकरण गर्ने ।

### संरक्षणमा मानवीय प्रतिकार्यको न्यूनतम मापदण्डः

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने,
- विभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडि पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच प्रतिकार्य पाए नपाएको अनुगमन गर्ने,
- साझेदारहरुका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरुपता सुनिश्चित गर्ने,
- बालमैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरुका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने,
- शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनोसामाजिक प्रतिकार्यलाई एकीकरण गर्ने,
- हेरचाह गर्ने व्यक्तिहरुबाट बालबालिकाहरु बिछोडिने कार्यको रोकथाममा प्रतिकार्य गर्ने,
- बिछोडिएका तथा परिवार साथ नभएका बालबालिकाहरु, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरुको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरुलाई प्रतिकार्य उपलब्ध गराउने,
- परिवारबाट बिछडिएका तथा साथ नभएका बालबालिकाहरु र अन्य जोखिममा परेका समूह जस्तैः परिवार सदस्य नभएका, बृद्ध, अपाङ्ग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (बास तथा अन्य सेवाको व्यवस्था),
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रुपमा बिस्थापित मानिसहरुलाई नियमित रुपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने,

- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रुपमा बिस्थापित व्यक्तिहरुलाई संलग्न बनाउन प्रयास गर्ने,
- शिविर तथा पुनर्वासका क्षेत्रहरुमा पर्याप्त सुरक्षाका लागि पैरवी (Advocacy) गर्ने ।

**(दुबै अवस्थामा लागू हुने विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तथा सामान्य पूर्व तयारी योजना)**

| सि.नं. | प्रार्थमिकता प्राप्त पूर्व तयारी कार्यको सूची | मुख्य जिम्वेवारी निकाय | कार्यान्वयन गर्ने तरिका ( बैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १ | मनोविमर्श तालिम प्राप्त मानिस तयार गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, गैर सरकारी संस्थाहरु | तालिम | चैत्र सम्म |
| २. | संरक्षण तथा सहयोग सामाग्री व्यवस्थापन | जिल्ला विपद् व्यवस्थापन समिति | सामाग्रीको व्यवस्थापन | चैत्र सम्म |
| ३ | सचेतनामूलक सामाग्री निर्माण (महिला, बालबालिका, अपाङ्ग भएका व्यक्तिहरु, एच.आइ.भी र एड्स संक्रमित तथा प्रभावितहरुको संरक्षण सम्वन्धी ) | शिक्षा विकास तथा समन्वय इकाई,ने.रे.सो. गाउँपालिका तथा नगरपालिकाहरु । | बैठक, तालिम, कार्यशाला गोष्ठी | नियमित |
| ४ | स्वयं सेवक तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | तालिम | चैत्र सम्म |
| ५ | जोखिम बाट बच्ने उपाय सम्वन्धी तालिम | जिल्ला विपद् व्यवस्थापन समिति | तालिम | नियमित |
| ६ | हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव/हेला आदि | गाउँपालिका तथा नगरपालिकाहरु | बैठक, तालिम, कार्यशाला गोष्ठी | नियमित |

## विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने समय तालिका

| योजना पुनरावलोक गर्ने अवधी | विपद् जिम्वेवारी निकाय | गर्नु पर्ने मुख्य काम (बैठक गर्ने, बजेट व्यवस्थापन आदी) | अर्को योजना पुनरावलोकन वा अद्यावधीक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| तत्कालै | जिल्ला विपद् व्यवस्थापन समिति | बैठक गरी कार्य तालिका निर्माण तथा बजेटको पहिचान | प्रत्येक वर्ष |
| ३ महिना | गाउँपालिका तथा नगरपालिकाहरु | कार्ययोजना बारेमा संुरक्षण / सुरक्षा क्षेत्रका सरोकारवालाहरु संग अर्न्तक्रिया तथा श्रोतको पहिचान | प्रत्येक वर्ष |
| १ वर्ष | गाउँपालिका तथा नगरपालिकाहरु | संरक्षण /सुरक्षा क्षेत्र अर्न्तगतको योजना अनुसारको कार्यक्रमको समीक्षा | प्रत्येक वर्ष |
| २ वर्ष | जिल्ला विपद् व्यवस्थापन समिति | कार्ययोजना समीक्षा | |

**जिल्लामा उपलव्ध क्षेत्रगत श्रोत, क्षमता तथा माग Gaps सम्वन्धी विवरण**

संरक्षण/सुरक्षा क्षेत्र

| क्र सं. | आवश्यक पर्ने साधन /श्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलव्ध परिमाण | श्रोत उपलव्ध हुने निकाय | नपुग/माग भएको श्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षाकर्मी | ८० | ५ | जि.प्र.का | प्रहरी हेडक्वाटर | प्रहरी हेडक्वाटर | - |
| २ | स्वयम् सेवक | ८० | - | उद्योग वाणिज्य संघ /युथ क्लवहरु | - | | तयार बनाएर राख्नु पर्ने |
| ३ | सुरक्षा साधन (ग्लोभ, स्टेचर, | ५००० थान ३० थान | - | जिस्व.का | स्वा.का. | स्वा.का. | जि.स्वा.का |
| ४ | एम्वुलेन्स आदि) | ३ | ३ | जिल्ला अस्पताल रेडक्रस | - | - | - |
| ५ | पानी (निर्मलीकरण गर्ने साधन) | ५० थान | - | - | - | - | - |
| ६ | अस्थाई साधनहरुको प्याक | ५०० प्याक | - | - | - | - | - |
| ७ | औषधी (प्रार्थमिक उपचार बाकस ) | ५०० थान | - | जिल्ला अस्पताल रेडक्रस | - | - | - |
| ८ | महिलाका लागि आवश्यक सामान( सेनेटरी प्याड, काईयो, सिन्दुर, पोते, रुमाल, भ्काडन, ब्रस, टुथपेस्ट, ब्रा, पेन्टी, साबुन, नेल कटर,कैची चप्पल,स्लिपिङ्ग व्याग तथा अन्य लुगाहरु ) | २००० थान | - | - | - | - | - |
| ९ | खाद्य सामाग्री (पोषण युक्त) सबै मिलाएको प्याकमा | ५००० प्याक | - | - | - | - | - |
| १० | पुरुषहरुले प्रयोग गर्ने लुगा कपडा | १००० थान | - | - | - | - | - |
| ११. | बालबालिकाहरुले प्रयोग गर्ने कपडा ( न्यानो तथा समय अनुसारको कपडा | २००० थान | - | - | - | - | - |
| १२ | अपाङ्ग भएका व्यक्तिहरुका लागी ह्विल चियर वैशाखी चस्मा | १० २० २० | - | - | - | - | - |

**प्रतिकार्य सम्वन्धी योजना(भूकम्प)**

| क सं. | क्रियाकलापहरु | जिम्मेवारी निकाय | जिम्मेवार व्यक्ति | समय सीमा |
|---|---|---|---|---|
| १ | संरक्षण तथा सहयोग कार्यक्रम | गाउँपालिका तथा नगरपालिकाहरु | संरक्षण अधिकृत | घटना भएको दिन देखि पहिलो हप्ता |
| | क. सुत्केरी महिला नवजात शिशु संरक्षण कार्यक्रम<br>ख. गर्भगती महिला संरक्षण कार्यक्रम<br>ग. बालबालिका संरक्षण कार्य क्रम<br>घ. महिला संरक्षण कार्यक्रम<br>ङ. अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण कार्यक्रम<br>च. एच.आई.भी/एड्स संक्रमित तथा प्रभावित व्यक्तिहरु संरक्षण कार्यक्रम | **<u>सहयोगी</u>**<br>गाउँपालिका तथा नगरपालिकाहरु<br>नेपाल रेडक्रस शोसाईटी<br>अपाङ्ग सञ्जाल<br>एच.आई.भी महासंघ | संरक्षण अधिकृत<br>अध्यक्ष<br>अध्यक्ष | |
| २. | जोखिमबाट संरक्षण कार्यक्रम | गाउँपालिका तथा नगरपालिकाहरु | संरक्षण अधिकृत | घटना भएको दिनदेखि पहिलो हप्ता |
| | क. हिंसा<br>ख. शोषण<br>ग. दुर्व्यवहार<br>घ. भेदभाव/हेला आदि | **<u>सहयोगी</u>**<br>जिल्ला प्रशासन कार्यालय<br>जिल्ला प्रहरी कार्यालय<br>गाउँपालिका तथा नगरपालिकाहरु | प्र.जि.अ..<br>प्रनाउ.<br>संरक्षण अधिकृत | |
| ३. | मनोविमर्श/परामर्श सेवा | स्थानीय तहहरु | संरक्षण अधिकृत | |
| ४ | संरक्षण गृहको स्थापनामा पहिचान गर्ने | जिल्ला प्रशासन कार्यालय<br>**<u>सहयोगीः-</u>**<br>स्थानीय तहहरु<br>नेपाल रेडक्रस सोसाईटी | प्र.जि.अ.<br>संरक्षण अधिकृत<br>महामन्त्री | |
| ५ | अनुगमन/सुरक्षा (पैरवी गर्ने ) | जिल्ला प्रशासन कार्यालय<br>**<u>सहयोगीः-</u>**<br>जिल्ला प्रहरी कार्यालय<br>सशस्त्र प्रहरी वेश क्याम<br>स्थानीय तहहरु<br>नेपाल रेडक्रस सोसाईटी | प्र.जि.अ.<br>प्रनाउ.<br>सप्रनाउ.<br>संरक्षण अधिकृत<br>महामन्त्री | |
| ६ | समन्वय | जिल्ला विपद् व्यवस्थापन समिति<br>**<u>सहयोगीः-</u>**<br>सबै सदस्यहरु | अध्यक्ष | |

**आपतकालिन परिस्थितिको पूर्व तयारी सम्वन्धी गतिविधीहरुः**

| क्र सं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | जिम्मेवार व्यक्ति | समय सीमा |
|---|---|---|---|---|
| १ | संरक्षण तथा सहयोग सामग्री व्यवस्थापन | गाउँपालिका तथा नगरपालिकाहरु | संरक्षण अधिकृत | तत्काल |
| | क. सुत्केरी महिला नवजात शिशु संरक्षणका लागि पोषण युक्त खाना तथा आपतकालिन उपचार ३० जना | स्वास्थ्य कार्यालय | स्वा.अ. | |
| | ख. गर्भगती महिलालाई संरक्षण तथा उपचार ७० जना | गाउँपालिका तथा नगरपालिकाहरु,<br>स्वास्थ्य कार्यालय स्याङ्जा | संरक्षण अधिकृत<br>स्वा.अ. | |
| | ग. बालबालिकालाई समय अनुसारको कपडाहरु तथा सुत्ने समाग्री २००० जना | गाउँपालिका तथा नगरपालिकाहरु,<br>गै.स.स.हरु | अध्यक्ष | |
| | घ. महिलाहरुको संरक्षणका लागि महिलालाई आवश्यक पर्ने विभिन्न कपडाहरु ५०००० जना | स्थानीय तहहरु,<br>स्वास्थ्य कार्यालय,<br>नेपाल रेडक्रस सोसाईटी | संरक्षण अधिकृत<br>स्वा.अ.<br>महामन्त्री | |
| | ङ. अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागी ह्विल चियर, बैशाखी, स्टेचर सामाग्री १५,१५ थान | अपाङ्ग सञ्जाल<br>स्थानीय तहहरु<br>उद्योग वाणिज्य संघ | अध्यक्ष<br>संरक्षण अधिकृत<br>अध्यक्ष | |
| | च. एच.आई.भी/एड्स संक्रमित तथा प्रभावित व्यक्तिहरु संरक्षणका लागि लत्ता कपडा ५० थान<br>पौष्टिक आहार ५० थान | एच.आइ.भी. महासंघ<br>स्थानीय तहहरु<br>उद्योग वाणिज्य संघ | अध्यक्ष<br>संरक्षण अधिकृत<br>अध्यक्ष | |
| २. | जोखिमबाट संरक्षण कार्यक्रम<br>क. हिंसा<br>ख. शोषण<br>ग. दुर्व्यवहार<br>घ. भेदभाव/हेला आदिका विषयमा तालिम (जोखिममा रहेका २० वटा गा.वि.स.हरु)मा | स्थानीय तहहरु<br>अपाङ्ग सञ्जाल<br>एच.आई.भी महासंघ<br>मानव अधिकारकोक्षेत्रमा क्रियाशील संघ संस्थाहरु | संरक्षण अधिकृत<br>अध्यक्ष<br>प्रमुख | तत्काल |
| ३. | मनोविमर्श/परामर्श सेवा तालिम (४ महिने) २० जनालाई | यूएनडिपी.<br>डिएफआइडी<br>युनिसेफ, सेभद चिल्ड्रेन | प्रमुख | तत्काल |
| ४ | विद्यालय/सरकारी कार्यालयहरु तथा संघ संस्थाहरुको भवन र बाक्लो बस्ती भएका घरहरुको अनुगमन भुकम्पिय दृष्किोणले गरी जोखिममा रहेका घरहरु पुर्न निर्माण गरिनुपर्ने | जिल्ला विपद् व्यवस्थापन समिति/ नेपाल सरकार | प्रमुख | ६ महिना भित्र |
| ५ | सचेतनामूलक कार्यक्रम<br>(भूकम्प आउदा कसरी बच्ने भनेर) | जिल्ला विपद् व्यवस्थापन समिति,नेपाली सेना, डिएफआइडी, सेभद चिल्ड्रेन,युनिसेफ | प्रमुख | ६ महिना भित्र |
| ६. | पोषणयुक्त आपतकालीन खाद्य सामाग्रीको भण्डारण(क्षेत्रहरु मिलाएर) | जिल्ला विपद् व्यवस्थापन समिति,<br>डिएफआइडी,<br>सेभद चिल्ड्रेन,युनिसेफ | प्रमुख | ६ महिना भित्र |
| ७. | स्वयम् सेवकसुरक्षाकर्मी तथा सामाजिक कार्यक्रताहरुलाई सुरक्षा तथा संरक्षण सम्वन्धी तालिम २०० जना | यू.एन.डि.पी.,डिएफआइडी<br>सेभद चिल्ड्रेन,युनिसेफ | प्रमुख | तत्काल |

## परिच्छेद- आठ
## पूर्व तयारी तथा प्रतिकार्य योजना(आगलागीको सन्दर्भ)

छरिएर रहेका बस्ती ,काठ तथा बाँस अनि ढुङ्गा माटोबाट बनेका घर ,सामुदायिक बन तथा सरकारी बन का बिचमा समेत रहेका घर तथा गुजुमुज्ज बस्ती खडेरी महिनामा आउने हावाहुरीका कारणले स्याङ्जा जिल्ला आगलागी जन्य विपद्का कारण निकै जोखिममा रहेको छ । विगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा पर्न सक्ने आगलागी जन्य विपद्को समयमा पीडित तथा प्रभावित समुदायलाई मानवीय सहयोग उपलब्ध गराउने उद्येश्यले क्षेत्रगत (Cluster) अवधारणाअनुरूप यस योजनामा कार्यविभाजन गरिएको छ ।

### ८. १ समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) क्षेत्र

विपद् प्रतिकार्यका लागि समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । पीडित तथा प्रभावित सुमदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नु पर्छ ।

#### ८.१.१ आगलागी पछिको सम्भावित परिदृश्य :

- आगलागीकोसङ्कटासन्नता रहेका पालीकाहरुमा एकसाथ आगलागीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन् र मानिसहरु प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति स्थायी अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

#### ८.१.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा समन्वय तथा सूचना व्यवस्थापनका लागि निम्न स्रोत तथा क्षमता माग गरिएको छ :

| क्र.सं. | आवश्यक पर्ने साधन/स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|---|
| ३. | पूर्वचेतावनी प्रणाली सञ्जाल | १०० थान | - | जिल्ला प्रशासन | - | गृहमन्त्रालय | जि.वि.व्य.स. | ५,००,०००।- |
| ४. | सञ्चार साधन फोन | ३ | ३ | जिल्ला प्रशासन | - | गृहमन्त्रालय | जि.वि.व्य.स. | - |
| ५. | सूचना केन्द्र स्थापना | १ | १ | जिल्ला प्रशासन | - | - | जि.वि.व्य.स. | - |
| ६. | पूर्वसूचनासम्बन्धी सचेतना सामग्री सम्प्रेषण | १००,००० थान | - | जि.वि.व्य.स. | - | गृहमन्त्रालय | जि.वि.व्य.स. | - |
| ७. | अन्य | फिल्डमा खटिनेलाई मोबाइल १ थान प्रत्येक टोलीलाई | | | | | | १,०००,००।- |
| ८. | अन्य | फिल्डमा खटिने सञ्चारकर्मीलाई आवश्यक स्रोतसाधन खर्च | | | | | | ३,००,०००।- |

#### ८.१.३ क्षेत्रगत उद्देश्य

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement-MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मीरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

### ८.१.४ पूर्व तयारी तथा प्रतिकार्य योजना

**आगलागी** भएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने

| क्र.सं. | सहयोग गतिविधि | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | कहिलेसम्म |
|---|---|---|---|---|
| १ | **जिल्ला विपद् व्यवस्थापनसमितिको समन्वय बैठक आयोजना गर्ने**<br>• जानकारीको सङ्कलन तथा परिस्थितिलाई विश्लेषण गर्ने,<br>• छलफल गरी जिम्मेवारीको बाँडफाँड गर्ने,<br>• **आगलागी** प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यक्रम संचालन गर्न सबै क्षेत्र (Cluster) लाई सक्रिय गर्ने । | क्षेत्र प्रमुख | जिल्ला प्रशासन कार्यालय<br>जि.स.स.<br>क्षेत्रका सदस्य | १. आगलागी सुरु भएको २४ घण्टाभित्र<br>२. पहिलो सात दिनसम्म प्रतिदिन<br>३. दोस्रो हप्तापछि हप्तामा एक एक दिन विराएर |
| २ | नेपाल रेडक्रस सोसाइटीको द्रूत लेखाजोखासम्बन्धी (Rapid Assessment Tool)को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकाय<br>ने.रे.सो.<br>सञ्चारमाध्यम | २४ घण्टाभित्र |
| ३ | तत्काल खोज, उद्धार र राहत कार्यक्रम सञ्चालन गर्ने । | क्षेत्र प्रमुख | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकाय | २४ घण्टाभित्र |
| ४ | सुरक्षित स्थानमा बसेका **आगलागी** पीडितहरूका लागि आवश्यक खाद्य तथा अन्य सामग्री उपलब्ध भएको/नभएको जानकारी लिने । | क्षेत्र प्रमुख | जिल्ला विपद् व्यवस्थापन समिति | पहिलो बैठकपछि |
| ५ | सञ्चारमाध्यमका लागि प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख | पहिलो साता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| | | | | |
| ६ | **बहुक्षेत्रगत प्रारम्भकि द्रूत लेखाजोखा सञ्चालन गर्ने**<br>• मिरा (MIRA) कार्यदल परिचालन गरी **आगलागी**बाट भएको क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>• मीरा (MIRA) का लागि फाराम उपलब्ध गराउने | क्षेत्र प्रमुख | स्थानीय तहका तोकिएको प्रतिनिधिहरु<br>ने.रे.सो. | १ देखि ३ दिनभित्र |
| | | | | |
| ७ | सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>• आधार रेखा (Base Line)का तथ्याङ्कको समीक्षा गर्ने<br>• प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित गा.पा., न.पा.सँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्यसम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>• नपुग स्रोत तथा साधनको यकिन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | क्षेत्र प्रमुख | मीरा कार्यदल,<br>सुरक्षा निकाय<br>दातृ निकाय<br>अ/गै.स.स.,<br>ने.रे.सो.<br>नेपाल सरकार | • पहिलो प्रतिवेदन- ७ दिनभित्र<br>• दोस्रो प्रतिवेदन- १५ दिनभित्र<br>• आवश्यकताअनुसार अध्यावधिक गर्ने |
| ८ | तयार प्रतिवेदन जि.वि.व्य.स., अन्य क्षेत्र, नेपाल सरकार र अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

प्रक्रियामा समन्वय तथा सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ

| | | | | |
|---|---|---|---|---|
| ९ | प्रारम्भिक जानकारी तथा प्रतिवेदनका आधारमा आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया गर्ने :<br>क. तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता निर्धारण गर्ने,<br>ख. प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters)लाई सल्लाह र सुझाव दिने ।<br>ग. **आगलागीहुना**साथ उपकरणसहित खोज तथा उद्धार कार्यदल परिचालन गराउने<br>घ. सुरक्षा क्षेत्र तथा वन कार्यालयसँग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा सदस्य | आगलागी हुनासाथ<br>*(०-शून्य) घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने काम गर्ने)* |
| १० | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्ने:<br>• मीरा (MIRA)बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>• क्षेत्रगत समूह को लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• क्षेत्रका सदस्य, जिल्ला विपद व्यवस्थापनसमिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | क्षेत्र प्रमुख<br>क्षेत्रका तोकिएका सदस्य | जि.स.स.<br>ने.रे.सो.<br>अ/गै.स.स.<br>दातृ निकाय | ५-७ दिनभित्र<br>७ दिनभित्र<br>७ दिनभित्र |
| ११ | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | जि.स.स.<br>क्षेत्रका अगुवाहरू | ७ दिनभित्र |
| १२ | नियमित सूचना प्रवाहका लागि गा.पा. तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने । | जि.स.स. | गा.पा. प्रमुख | पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि आवश्यकताअनुसार |
| १३ | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवासम्बन्धी सम्झौता (Standby Agreements) कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा जिममेवारी तोकिएको सदस्य | ७-१० दिन |
| १४ | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback)लिने तथा दिने | क्षेत्र प्रमुख | अन्य क्षेत्र प्रमुख | नियमित रूपमा |
| १५ | आपत्कालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जि.स.स.को सूचना केन्द्रको प्रयोग गर्ने | जि.स.स. | जि.वि.व्य.स. | नियमित रूपमा |
| १६ | राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिक दलहरूको सहभागितलाई अनिवार्य गराउने | जि.वि.व्य.स. | जि.स.स.,<br>गा.पा., न.पा. | प्रारम्भदेखि नै |
| १७ | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | जि.वि.व्य.स. | अन्य क्षेत्र | आवश्यकताअनुसार वा शिविर स्थापना हुनासाथ |

## ८. १.५ आगलागी जन्य बिपद् को पूर्व तयारी कार्ययोजना

समन्वय तथासूचना व्यवस्थापन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नअनुसार पूर्व तयारी गर्नु पर्नेछ :

| क्र.सं. | पूर्व तयारी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयवधि |
|---|---|---|---|---|
| १ | सबै क्षेत्र प्रमुखको सहभागितामा पूर्व तयारी बैठक र कार्यशालाको आयोजना :<br>● सुख्खा महिना (फाल्गुण महिना) प्रारम्भ हुनुअघि पूर्व तयारी बैठक गर्ने<br>● क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने<br>● जिल्लास्थित सरोकारवालाबीच समन्वय गरी कार्यशाला गर्ने<br>● सङ्कटासन्नता तथा स्रोतको पुनरावलोकन गर्ने<br>● पूर्व तयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना तयार गर्ने । | जि.वि.व्य.स.<br><br>जि.स.स. | सबै क्षेत्रका प्रमुख, दातृनिकाय, अ/गै.स.स. | पहिलो बैठक मंसिर महिना को पहिलो हप्ताभित्र ।<br>क्षेत्रगत समीक्षा र अन्तिम कार्यशाला पौष मसान्तभित्र |
| २ | DEOC लाई विपद् व्यवस्थापन सूचना केन्द्रको पनि प्रयोग गर्न सकिने गरी आवश्यक पर्ने भौतिक सुविधाको व्यवस्था गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | गा.पा., न.पा., दातृनिकाय, अ/गै.स.स. | नियमित रूपमा |
| ३ | साझेदार तथा सहयोगी निकायको सूची तयार गर्ने | क्षेत्र प्रमुख | दातृनिकाय, अ/गै.स.स. | पौष १५ भित्र |
| **४** | **बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA)तयारी** | | | |
| ४.१ | सबै क्षेत्रका एक-एक सदस्य रहेको मीरा कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>सबै क्षेत्र प्रमुख | पौष मसान्त |
| ४.२ | मिरासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>दातृ निकाय<br>अ/गै.स.स. | माघ पहिलो साता |
| ४.३ | मिराको लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रति तयार गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>दातृ निकाय<br>अ/गै.स.स. | माघ पहिलो साता |
| ४.४ | मिराको कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोक्ने | जि.वि.व्य.स. | क्षेत्र प्रमुखहरू | माघको दोश्रो साता |
| ४.५ | आधार रेखा सर्भेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.स.स. दातृ निकाय<br>अ/गै.स.स. | तेश्रो साता |
| ५ | जि.स.स.भित्र विपद्सम्वन्धी सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने । केन्द्रको लागि निम्न सुविधाहरू उपलब्ध गराउने :<br>● जनशक्ति ३ जना कम्तीमा ३ महिनाका लागि<br>● कम्प्युटर, स्क्यानर, प्रिन्टर, डिजिटल क्यामेरा, भिडियो क्यामेरा,<br>● इमेल, इन्टरनेट सेवा,<br>● टोल फ्री टेलिफोन,<br>● जेनेरेटर, फोटोकपी मेसिन,<br>● मोटरसाइकल<br>● फर्निचर | क्षेत्र प्रमुख तथा तोकिएको अधिकारी | जि.स.स., दातृ निकाय, | माघ महिना भित्र । |
| ६ | सबै गा.पा. र विशेषगरी सङ्कटासन्न गा.पा., न.पा.ले सञ्चार सुविधको व्यवस्था मिलाउने व्यवस्था गर्ने | क्षेत्र प्रमुख | गा.पा., न.पा.<br>सञ्चारसेवा प्रदायक निकाय | माघ मिहनाभित्र |
| ७ | सङ्कटासन्न गा.पा., न.पा.हरूको आगलागी पूर्वको समग्र अवस्था प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने | | जि.स.स.,<br>जि.वि.व्य.स., दातृ निकाय | माघ १५ भित्र |
| ८ | जोखिमयुक्त गा.पा., न.पा.हरू पहिचान गरी बिपद पूर्व चेतावनी (Early Warning) का लागि माइक, | क्षेत्र प्रमुख वा तोकिएको | जि.वि.व्य.स.,<br>जि.स.स., दातृ | माघ पहिलो साताभित्र |

| | | | | |
|---|---|---|---|---|
| | साइरन तथा पूर्वचेतावनी १ थानका दरले उपलब्ध गराउने वा अघिल्लो वर्षको व्यवस्थालाई अध्यावधिक गर्ने | सदस्य | निकाय, गा.पा., न.पा., | |
| ९ | पूर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख | गा.पा., न.पा., | माघ मसान्तसम्म |
| १० | जनचेतना अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने<br>● विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोस्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न गा.पा., न.पा.हरूमा वितरण गर्ने ।<br>● एफएम रेडियो तथा पत्र पत्रिकामार्फत विपद्सम्बन्धी ज्ञान तथा जानकारी प्रचारप्रसार गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. सञ्चार माध्यम | नियमित रूपमा |
| ११ | विस्थापितहरूको पहिचानका लागि १५,०० थान परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. | माघको पहिलो हप्ता भित्र |
| १२ | मसलन्द सामान तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.स.स., दातृ निकाय, अ/गै.स.स. | माघ दोस्रो हप्ता |
| १३ | आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जि.वि.व्य.स., जि.स.स., गा.पा., न.पा. | माघ पहिलो हप्ता |
| १४ | सङ्कटासन्न गा.पा., न.पा.का सचिवहरूलाई विपद्सम्बन्धी अभिमुखीकरण तालिम दिने | जि.स.स. अ/गै.स.स. | | माघभित्र |
| १५ | आगलागी र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | पौषदेखि जेष्ठसम्म |

### ८.२. खोज तथा उद्धार

जिल्लाका सङ्कटासन्न गा.पा., न.पा.मा आगलागी आएको अवस्थामा पीडित मानिसको उद्धार गर्नु र आपत्कालीन रूपमा प्राथमिक उपचार गर्नु मानवीय सहयोगको पहिलो कार्य हो । विपद्मा परेका व्यक्तिको खोजी गरी उद्धार गर्नु, घरपालुवा पशुको उद्धार र समुदायको धनसम्पत्तिको सुरक्षा गर्नु यस क्षेत्रको प्रमुख दायित्व हुनेछ ।

### ८.२.१ आगलागी पछिको अनुमानित परिदृश्य

- आगलागीकोसङ्कटासन्नता रहेका पालिकाहरुमा आगलागीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू आगलागी बाट पीडित हुनेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिनेछ ।
- बस्ती आगलागीमा परेर आवासीय घर र पशुचौपायहरू जलेर नष्ट हुनेछन् ।
- सुख्खा समयमा स्याङ्जाका विभिन्न स्थानहरुमा रहेका घर तथा वनजंगलहरुमा आगलागीले लगभग धेरै मानिस समस्यामा पर्ने अवस्था रहेको छ ।
- विपद् परेपछि तत्काल उद्धारकर्मीहरू पुग्नुपर्ने र प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम गर्नुपर्ने हुन्छ । यसरी उद्धार गर्दा महिला, बालबालिका, गर्भवती, सुत्केरी महिला र बूढाबूढी तथा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्ने हुन्छ ।

### ८.२.२ उपलब्ध साधन तथा क्षमता र माग

स्याङ्जा जिल्लामा खोज तथा उद्धारसम्बन्धी उपलब्ध स्रोतको प्रयोग गरिनेछ।

| क्र.सं. | आवश्यक पर्ने साधन/ स्रोतको विवरण | आवश्यक परिमाण | जिल्लामा उपलब्ध परिमाण | स्रोत उपलब्ध हुने निकाय | नपुग/माग भएको स्रोत | पूर्ति गर्ने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १० | यातायातको साधन | रिकभरी भ्यान-१ | एम्बुलेन्स-१ पिकअप भ्यान-२ ट्रक-१ | सप्रब | | सप्रब | सप्रब, जिल्ला प्रशासन कार्यालय |
| ११. | डोरी | क्यारभिना रोप सेट | १५०० मी. | सप्रब | क्याराभिना रोप | सप्रब | सप्रब, जिल्ला प्रशासन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १००० मी. | Heavy<br>१००० मी. | | १००० मी. | | कार्यालय |
| १२. | प्राथमिक उपचार बाकस | ५ सेट | २ सेट | | | | |
| १३. | टायर, ट्युव, बाल्टी, खन्ती, बेल्चा, पिक, सावेल, गल आदि | आवश्यक नभएको | डिग टुल-१३६<br>सावेल-२१<br>पिक-१७<br>फरुवा-७ आदि | सप्रब | नपुग नभएको | सप्रब | सप्रब, जिल्ला प्रशासन कार्यालय |
| १४ | उद्धारकर्मी (सेना, प्रहरी) स.प्र.बल | २३७ | ७० मात्र | | | | |
| १५. | तालिमप्राप्त स्वयंसेवकहरू | | २ सेक्सन (२६ जना) | | | | |
| १६. | अन्य<br>(१) रक ड्रिलिङ मेशिन-१<br>(२) वाटरवोट-१<br>(३) फ्यूल टेंकर-१ | | | | | | |

### ८.२.३ क्षेत्रगत उद्देश्य

आगलागीमा परेका मानिसलाई भेदभावरहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुऱ्याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । यस क्षेत्रका थप उद्देश्य निम्नअनुसार हुनेछन् :

- आगलागी प्रभावितहरूलाई उद्धार गरी सुरक्षित राख्नु,
- विपद्मा परेकाहरूलाई, विशेषगरी महिला, बालबालिका, बूढाबूढी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धारका लागि खोजी गर्नु,
- प्रभावितहरूको जीवन तत्काल बचाउनु,
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकताअनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु,
- सम्भावित मानवीय क्षति कम गर्नु,
- सुरक्षित स्थानको खोजी गर्नु र अस्थायी बसोवासको लागि सहयोग गर्नु ।

### ८.२.४ पूर्व तयारी तथा प्रतिकार्य योजना

जिल्लामा सम्भावित आगलागी को परिदृश्यअनुरूप खोज तथा उद्धार क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ :

| क्र.स. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | समन्वय तथा व्यवस्थापन प्रारम्भ गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | आगलागी हुनासाथ |
| २ | स्थानीय स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | ने.रे.सो., क्षेत्रका सदस्य | आगलागी हुनासाथ |
| ३ | उद्धार कार्यदल परिचालन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | आगलागी हुनासाथ |
| ४ | प्रभावित क्षेत्रको सुरक्षा प्रबन्ध मिलाउने | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय, ने.से.,स.प्र.बल, | आगलागी हुनासाथ |
| ५ | आगलागी बढी प्रभावित स्थलको स्तर पहिचान गरी उद्धारको प्राथमिकता निर्धारण गर्ने | उद्धार कार्यदल | जिल्ला प्रहरी कार्यालय,गा.पा., न.पा., ने.रे.सो. | आगलागी हुनासाथ |
| ६ | आगोमा परेका,पोलेर घाईते भएका , घर *क्षति भएका* भत्किएका घरहरू पहिचान गर्ने | उद्धार कार्यदल | राजनीतक दलहरू, ने.रे.सो. | स्थिति सामान्य नभएसम्म |
| ७ | विशेषगरी महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई खोज तथा उद्धारमा प्राथमिकता दिने | उद्धार कार्यदल | राजनीतिक दल ने.रे.सो. | पीडितको उद्धार नसकिएसम्म |
| ८ | सामान्य नागरिकको खोजी तथा उद्धारलाई निरन्तरता दिने | उद्धार कार्यदल | ने.रे.सो., नेसे | पीडितको उद्धार नसकिएसम्म |
| ९ | पीडित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षा गरी निकाल्ने | उद्धार कार्यदल | ने.रे.सो. | उद्धार नसकिएसम्म |
| १० | प्रभावित क्षेत्रका घरपालुवा पशुको उद्धार गर्ने | उद्धार कार्यदल | ने.रे.सो. | उद्धार नसकिएसम्म |

| | | | | |
|---|---|---|---|---|
| ११ | प्रभावित क्षेत्रको सुरक्षाका लागि स्थानीय निकायसँग समन्वय गरी सुरक्षा समिति गठन गर्ने र परिचालन गर्ने | उद्धार कार्यदल | ने.रे.सो., राजनीतिक दलहरू, | आवश्यकता अनुसार |
| १२ | प्रभावित क्षेत्रमा, हिंसा, लुटापाटका घटना हुन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने | उद्धार कार्यदल | जिल्ला प्रहरी, ने.रे.सो. | आवश्यकता अनुसार |
| १३ | आगलागी मा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने | उद्धार कार्यदल | स्वास्थ्य कार्यदल, ने.रे.सो., | उद्धार र प्राथमिक उपचार नभएसम्म |
| १४ | राहत वितरण कार्यमा आवश्यकता अनुसार खाद्य क्षेत्रलाई सहयोग गर्ने | सुरक्षा निकाय | स्थानीय स्वयंसेवक, राजनीतिक दलहरू | नियमित रूपमा |
| १५ | उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | सुरक्षा कार्यदल | हप्तामा एकपटक |
| १६ | निम्नअनुसार अभिलेख तयार गर्ने<br>● उद्धार गरिएका व्यक्ति<br>● बेपत्ता वा मृत्यु भएका व्यक्ति<br>● नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति<br>● मरेका घरपालुवा पशुपक्षी<br>● क्षतिग्रस्त भौतिक सम्पत्ति | क्षेत्र प्रमुख | गा.पा., न.पा., जि.वि.व्य.स., , ने.रे.सो. | नियमित रूपमा |
| १७ | उद्धारकार्यको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सरोकारवाला निकायमा पठाउने | क्षेत्र प्रमुख | जिल्ला प्रहरी कार्यालय, स.प्र.बल, नेसे | स्थिति सामान्य नभएसम्म |

### ८.२.५ आगीलागीजन्य बिपद्को पूर्व तयारी कार्ययोजना

खोज तथा उद्धार क्षेत्रको लागि निम्नअनुसार पूर्व तयारी कार्ययोजना तय गरिएको छ

| क्र.सं | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | विपद्मा उद्धारका लागि परिचालन हुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, स.प्र.बल, नेसे | माघ पहिलो साता |
| २ | उद्धारको लागि थप जनशक्ति आवश्यक परेमा थप गर्न सकिनेगरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, स.प्र.बल, नेसे नेपाल सरकार | माघ दोश्रो साता |
| ३ | तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्त हुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नक्साङ्कन गर्ने | क्षेत्र प्रमुख | जि.स.स.,ने.रे.सो., अ/गै.स.स., सुरक्षा निकाय | माघ भित्र |
| ४ | उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धारकार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तरदायित्वजस्ता विषयमा अनुशिक्षण दिने | जि.वि.व्य.स. | जि.स.स., दातृ निकाय, ने.रे.सो., अ/गै.स.स. | माघ महिना |
| ५ | खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने<br>● सामुदायिक प्रकोप व्यवस्थापन समिति,<br>● ने.रे.सो.का स्वयंसेवक,<br>● स्थानीय समुदाय | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>युनिसेफ<br>डिप्रोक्स नेपाल | माघ भित्र |
| ६ | आपत्कालीन आवासको लागि सुरक्षित स्थानको पहिचान<br>*(गा.पा. भवन, विद्यालय वा अन्य सामुदायिक भवन)* | क्षेत्र प्रमुख | जि.वि.व्य.स.,<br>गा.पा., न.पा.,<br>सुरक्षा निकाय | माघ |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामग्रीको व्यवस्था र चिकित्सक र नर्स पहिचान गरी विपद्मा प्राप्त हुने सेवाबारे सम्झौता गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य क्षेत्र<br>जिल्ला जनस्वास्थ्य कार्यालय | माघ |
| ८ | खोज तथा उद्धारसम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने | क्षेत्र प्रमुख | राजनीतिक दल<br>नागरिक समाज, ने.रे.सो. | माघ |
| ९ | एफएम रेडियोहरूमार्फत पूर्व चेतावनी तथा पूर्वसूचना प्रसारण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>सञ्चारमाध्यम | मंसिर महिना देखिनै |
| १० | उद्धारका लागि आवश्यक सवारी साधन, स्वयंसेवक, सुरक्षित स्थानको उपयोगका लागि सरोकारवालासँग | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., न.पा., जि.स.स. | सम्बन्धित निकायहरुले |

| | | | | |
|---|---|---|---|---|
| | सम्झौता गर्ने | | | चालुअवस्थामा राख्ने |

## ८.३. खाद्य क्षेत्र

विपद्‌को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण साधन खाद्यान्न हो । खाद्य क्षेत्रले विपद् प्रभावित तथा पीडित व्यक्तिलाई न्यूनतम मापदण्डअनुसारको खाद्यान्न उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र खाद्यान्नमा सीमान्तीकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

### ८.३.१ आगलागी पछिको सम्भावित परिदृश्य

- मानिसहरू हताहत भएर आफ्नो ज्यान तथा धन जोगाउन भागाभाग गर्नेछन् ।
- आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात विस्थापित हुनेछन् ।
- प्रकोप भएको केही समयपछि नै तत्काल उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- प्रभावित जनसङ्ख्या विस्थापित हुनेछन् ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति/परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसङ्ख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका, वृद्ध र बिरामी तथा गर्भवती महिलामा खाद्यअल्पताको समस्यामा पर्नेछन् ।जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।

### ८.३.२ क्षेत्रगत उद्देश्य

खाद्य क्षेत्रको प्रमुख उद्देश्य विपद्‌बाट विस्थापित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने खाद्यसामग्री उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य निम्नअनुसार रहेका छन् :

- विपद्‌मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, बुढाबुढी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।

### ८.३.३ जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता सम्बन्धी माग विवरण

### ८.३.४ पूर्व तयारी तथा प्रतिकार्य योजना

आगलागी भएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा पीडित मानिसलाई विनाभेदभाव खाद्यान्न  व्यबस्था गर्नु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि खाद्य क्षेत्रले  निम्नअनुसार काम गर्नेछ :

| क्र.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | क्षेत्र प्रमुख | खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | आगलागी हुनासाथ तुरुन्तै, पहिलो हप्ता एक दिन बिराएर त्यसपछि आवश्यकता अनुसार |
| २ | आगलागी प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | आगलागी भएको थाहा पाउनासाथ |
| ३ | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र प्रारम्भिक द्रुत लेखाजोखा गर्ने | तोकिएको सदस्य | जिकृविका, ने.रे.सो. र क्षेत्रका सदस्यहरू | २४ घण्टाभित्र |
| ४ | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | जिकृविका, ने.रे.सो. र क्षेत्रगता सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टाभित्र |
| ५ | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने | खाद्य वितरण कार्यदल | जि.वि.व्य.स., जिकृविका, ने.रे.सो. र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टादेखि १० दिनसम्म |
| ६ | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (मिरा (MIRA) को | क्षेत्र प्रमुख तथा तोकिएको क्षेत्रको | जि.वि.व्य.स., अन्य क्षेत्र, दातृ निकाय र | ३ देखि ७ दिनभित्र |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिवेदन तयार गर्ने | सदस्य | अ/गै.स.स. | |
| ७ | विस्थापितलाई रासनकार्ड वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | जि.वि.व्य.स., गा.पा., न.पा., सुरक्षा निकाय, | ३ दिनभित्र |
| ८ | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय, | ७ दिनभित्र |
| ९ | मापदण्डअनुरूप खाद्यसामग्री वितरणको व्यवस्था मिलाउने | खाद्यान्न वितरण कार्यदल | जि.वि.व्य.स., अ/गै.स.स., नागरिक समाज | ३ दिनदेखि ७ दिनसम्म |
| ९.१ | नपुग हुने खाद्यसामग्री खरीद तथा व्यवस्थापन र भण्डारण गर्ने | विश्व खाद्य कार्यक्रम | जि.वि.व्य.स., | १० दिनभित्र |
| ९.२ | वितरण केन्द्रको पहिचान र निर्धारण | खाद्य क्षेत्र | सुरक्षा निकाय, गा.पा., न.पा., राजनीतिक दलका प्रतिनिधि | ३ दिनभित्र |
| ९.३ | खाद्यान्न वितरणसम्बन्धी सूचना प्रवाह गर्ने | खाद्य क्षेत्र | विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स. | ७ दिनभित्र |
| ९.४ | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | क्षेत्र प्रमुख, खाद्यान्न वितरण कार्यदल | विश्व खाद्य कार्यक्रम | नियमित रूपमा |
| ९.५ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, बुढाबुढीलाई पोषणयुक्त खाना वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स., | आवश्यकताअनुसार नियमित रूपमा |
| ९.६ | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने | खाद्यान्न वितरण कार्यदल | नागरिक समाजका विभिन्न संस्था | नियमित रूपमा |
| १० | खाद्यान्न वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद व्यवस्थापनसमिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, बन्दोवस्ती क्षेत्र, | नियमित रूपमा |
| ११ | खाद्यान्न वितरण प्रक्रियालाई सहज र सरल बनाउन नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख र तोकिएका सदस्य | जि.वि.व्य.स., राजनीतिक दल, पीडितका प्रतिनिधि, नागरिक समाज | नियमित रूपमा |
| १२ | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य | प्रत्येक हप्ता |

## ८. ३.५ पूर्व तयारी कार्ययोजना

खाद्य क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्व तयारी गर्नेछ :

| क्र.सं. | पूर्व तयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | जिकृविका | क्षेत्रका सदस्य | माघको पहिलो साताभित्र |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | माघको पहिलो साताभित्र |
